# आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको
# एकीकृत वार्षिक मूल्याङ्कन प्रतिवेदन


**लुम्बिनी प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय,**

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

भाद्र, २०८२

# आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको एकीकृत वार्षिक मूल्याङ्कन प्रतिवेदन


लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय,**

राप्ती उपत्यका (देउखुरी), नेपाल ।



भाद्र, २०८२

## मन्तब्य

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन,२०८१ को दफा २३ बमोजिम आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको एकीकृत वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय तथा कार्यालयहरूबाट सम्पादन भएका कार्यहरूलाई थप पारदर्शी र उत्तरदायी बनाउन यस प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा म विश्वस्त रहेको छु। यस प्रतिवेदनमा प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, राजस्वको अनुमान र प्राप्ति, खर्चको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था, स्थानीय तहमा भएको वित्त हस्तान्तरणको अवस्था लगायतका विवरणहरू संलग्न छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन र सहजीकरणद्वारा गरिएको निरन्तर प्रयासको फलस्वरुप आर्थिक वर्ष २०८१/८२ मा कुल विनियोजित बजेटको ७१.५७% खर्च भएको छ, जुन गत आ.व. २०८०/८१ को ६५.२% भन्दा लगभग ६ प्रतिशत विन्दुले बढी हो। आर्थिक वर्ष २०८१/८२ मा चालु तर्फ ६९.४२% र पुँजीगत तर्फ ७२.८३% वित्तीय प्रगति हासिल भएको छ। लुम्बिनी प्रदेश सरकारले आ.व.२०८१/८२ मा कुल आय प्रक्षेपणको ७३.१% अर्थात २८.४६ अर्ब प्राप्ति गरेको छ, जुन गत आ.व.को भन्दा ४.५२% बढी हो। संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको क्षेत्राधिकारबाट उल्लेख्य राजस्व सङ्कलन गर्न सकिने अवस्था नहुँदा नहुँदै पनि मन्त्रालयको क्रियाशीलतामा आ.व. २०८१/८२ मा आ.व. २०८०/८१ को तुलनामा प्रदेश सरकारले सङ्कलन गर्ने एकल राजस्व २९.४% र सवारी साधन कर ५.८% ले वृद्धि भएको छ।

प्रस्तुत वार्षिक प्रतिवेदनबाट प्रदेश सरकारको आय व्ययको समग्र अवस्था प्रदेश सरकारको समग्र उपलब्धि एवम् विभिन्न मन्त्रालयबाट सम्पादित आयोजना तथा कार्यक्रम र प्रगतिको यथार्थपरक जानकारी प्राप्त हुनेछ, जसले आगामी दिनमा समग्र बजेट प्रक्रियामा सुधारको मार्गचित्र तयार गर्न सहयोग पुग्नेछ। साथै, प्रदेशको अर्थतन्त्रलाई अपेक्षित दिशामा डोऱ्याउन समेत सघाउ हुने विश्वास समेत लिएको छु।

अन्त्यमा, यस प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै मन्त्रालय तथा निकायहरू र प्रतिवेदन तयार गर्नुहुने मन्त्रालयका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धनेन्द्र कार्की
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषयसूची

**कार्यकारी सारांश**

**परिच्छेद- १**
**परिचय**

१.१ पृष्ठभूमि ........ १

**परिच्छेद- २**
**समष्टिगत आर्थिक तथा वित्तीय अवस्था**

२.१ आर्थिक अवस्था ........ ३

२.२ वित्तीय अवस्था ........ ७

**परिच्छेद ३**
**मन्त्रालय/निकायगत प्रगति विवरण**

३.१ प्रदेश सभा सचिवालय ........ २०

३.२ प्रदेश लोक सेवा आयोग ........ २६

३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ३०

  ३.३.१ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ ३८

  ३.३.२ प्रदेश पूर्वाधार विकास प्राधिकरण ........ ३९

३.४ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ ४१

३.५ उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय ........ ४५

  ३.५.१ पर्यटन विकास परिषद ........ ५६

३.६ ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ........ ५९

३.७ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ........ ६६

३.८ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ७८

  ३.८.१ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ........ ८९

३.९ वन तथा वातावरण मन्त्रालय ........ ९१

३.१० भौतिक पूर्वाधार विकास मन्त्रालय ........ १०१
३.११ युवा तथा खेलकुद मन्त्रालय ........ ११०
३.११.१ प्रदेश खेलकुद परिषद् ........ १११
३.१२ शहरी विकास तथा खानेपानी मन्त्रालय ........ ११५
३.१३ सामाजिक विकास मन्त्रालय ........ १२१
३.१३.१ लुम्बिनी प्राविधिक विश्वविद्यालय ........ १२६
३.१४ स्वास्थ्य मन्त्रालय ........ १२८
३.१५ लुम्बिनी प्रदेश योजना आयोग ........ १३७

**परिच्छेद -४**
**विविध**

४.१ प्रदेश गौरवका आयोजनाको प्रगति प्रतिवेदन ........ १४१
४.२ स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजनाहरुको विवरण ........ १४४
४.३ स्थानीय तहमा भएको वित्त हस्तान्तरण र राजस्व बाँडफाँटको विवरण ........ १५२
४.४ स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व ........ १५५

**परिच्छेद -५**
**समस्या, सुझाव तथा निष्कर्ष**

५.१ समस्या ........ १५९
५.२ सुझाव ........ १६०
५.३ निष्कर्ष ........ १६३

# कार्यकारी सारांश

- आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.८ खर्ब ६९ अर्ब र आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहने अनुमान रहेको छ।
- आर्थिक वर्ष २०८१/८२ को लुम्बिनी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७० प्रतिशत र २०८२ को असारमा विन्दुगत आधारमा मुद्रास्फीति १.७८ प्रतिशत रहेको छ।
- लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि कुल आयको लक्ष्य रु.३८ अर्ब ९७ करोड राखेकोमा ७३.१ प्रतिशत अर्थात रु. २८ अर्ब ४६ करोड प्राप्त गरेको छ। जुन अघिल्लो वर्ष भन्दा ४.५२ प्रतिशत अर्थात रु १ अर्ब २३ करोडले बढी रहेको छ।
- आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको कुल खर्च ७१.५७ प्रतिशत रहेकोमा चालु र पुँजीगत खर्च क्रमशः ६९.४२ र ७२.८३ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको कुल खर्च रु. २७ अर्ब ८९ करोड रहेकोमा चालु खर्च रु.९ अर्ब ९८ करोड र पुँजीगत खर्च रु.१७ अर्ब ९० करोड छ।
- प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट कुल रु.११ अर्ब १ करोड अनुदान प्राप्त भएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा रु.१० अर्ब ६९ करोड अनुदान प्राप्त भएको थियो।
- आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको एकल राजस्व १ अर्व ७२ करोड पुगेको छ। जुन अघिल्लो वर्षको तुलनामा २९.४ प्रतिशतले वढी हो। आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट वाँडफाँट भई प्राप्त भएको राजस्व १ अर्व ८७ करोड पुगेको छ। जुन अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले वढी हो।
- यस आर्थिक वर्षमा अघिल्लो अघिल्लो वर्षको तुलनामा घरजग्गा रजिष्ट्रेशन दस्तुर १४.९ प्रतिशत, मनोरञ्जन कर २८.२ प्रतिशत, विज्ञापन कर  २४०.३ प्रतिशत र दहत्तर वहत्तर विक्री ४१.५ प्रतिशतले वृद्धि भई क्रमशः १ अर्व ३९ करोड, ६७ लाख, ९४ लाख र ४६ करोड ५२ लाख पुगेको छ। यससँगै स्थानीय तहबाट वाँडफाँट भई कूल १ अर्व ८७ करोड प्रदेश सरकारलाई प्राप्त भएको छ।
- यसैगरी राजस्व वाँडफाँट तर्फ मूल्य अभिवृद्धि कर ७ अर्व ९० करोड र आन्तरिक उत्पादनमा लागेको अन्तशुल्क रु २ अर्व ८३ करोड गरी जम्मा रु १० अर्व ७२ करोड प्राप्त भएको छ।

- आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारले स्थानीय तहलाई कुल रु.२ अर्ब ६१ करोड अनुदान हस्तान्तरण गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा रु.३ अर्ब ८ करोड अनुदान हस्तान्तरण गरेको थियो।
- मूल्याङ्कन अवधिमा भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत १७६ कि.मी. कालोपत्रे सडक, १७६.३ कि.मी. ग्राभेल सडक र ३६ कि.मी. आर.सि.सी. सडक निर्माण तथा मोटरेवल पुल ४०, झलुङ्गे पुल १५, सल्याव कल्भर्न्ट ६३ र बक्स कल्भर्ट ६७ वटा निर्माण भएको छ।
- यसैगरी शहरी विकास तथा खानेपानी मन्त्रालयबाट १२४ वटा खानेपानी आयोजनाको कार्य सम्पन्न भई १५६७३६ जनसंख्या लाभान्वित भएको र ३१४ वटा आयोजनामा ८०% भन्दा बढी कार्य सम्पन्न भइसकेको छ। त्यसैगरी ७४.०२ कि.मि. ढल निर्माण, ७२३७.३५ मी रिटेनिङ वाल, ४१.३९ कि.मि ग्राभेल सडक निर्माण, ४४.४१ कि.मि. पिच सडक निर्माण, १८११७ मि. पि सि सि सडक निर्माण, १२२४७ मि. फूटपाथ निर्माण, १ वटा पार्क निर्माण भएको छ।
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मार्फत ५६ वटा सिंचाइ मुहान/बाँध, १६१ कि.मी. पक्की नहर तथा ३३ वटा सिंचाइ पोखरीको निर्माण सम्पन्न भएको छ।
- प्रदेश गौरवका आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको कार्यलाई तिब्र गतिमा अगाडि बढाई २६ प्रतिशत भौतिक प्रगति भएको छ।
- उद्योग तथा वाणिज्य तर्फका ७ हजार ३० फर्म दर्ता र १५ हजार ९ सय १४ नवीकरण भएका छन।
- सामाजिक विकास मन्त्रालय अन्तर्गत शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत ३९० वटा भवन निर्माणको कार्य सम्पन्न भएको साथै १७६८ जना शिक्षकहरूले तालिम प्राप्त गरेको र ८५४६ जना विद्यार्थी (विभिन्न लक्षित समुह)ले छात्रवृत्ति प्राप्त गरेका छन्।
- मूल्याङ्कन अवधिमा राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुरमा १० बेड, बर्दिया अस्पताल, गुलरियामा ६ बेड, कपिलवस्तु अस्पताल, तौलिहवामा ५ बेड, गुल्मी अस्पताल, तम्घासमा ५ बेड, प्युठान अस्पताल, प्युठानमा ३ बेड र पृथ्वीचन्द्र अस्पताल, नवलपरासीमा ५ बेड हेमोडाइलाइसिस सेवा स्थापना तथा विस्तार गरिएको छ।
- ८० बर्ष पुगेका ४६०७४ जेष्ठ नागरिक र अति अशक्त(क र ख) वर्गहरूलाई घरमै सेवा प्रदान, ४० बर्ष माथिका १९३३२ जनाको नसर्ने रोग (सुगर, प्रेसर र मृगौला रोग) को स्क्रिनिङ गरि रोग पहिचान साथै प्रदेशका २७२ वटा विद्यालयका ४२,२७५ जना किशोरीहरूको रक्तअल्पत्ता स्क्रिनिङ गरी ११,०१९ जना (२६%) किशोरीहरूमा रक्त अल्पताको अवस्था पहिचान गरी आइरन चक्की बितरण गरिएको छ।

- वन तथा वातावरण मन्त्राल अन्तर्गतबाट १७,८८,१४९ गोटा बहुवर्षीय  र १५,६६,४३१ गोटा एक वर्षीय  काष्ठजन्य विरुवा र २,२०,५८५ गोटा जडिबुटीको विरुवा गरी जम्मा ३५,७५,१६५ उत्पादन भएको तथा ६२२.६ हेक्टर क्षेत्र बृक्षारोपण गरिएको छ।
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत २१५ समूह, सहकारी तथा निजी फर्म मार्फत दुध, मासु र अण्डा उत्पादनमा संलग्न २३०४९ कृषकहरूलाई करिब रु ४ करोड ९९ लाख प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ।
- लुम्बिनी प्रदेशमा रहेका ६३० गन्तव्यस्थलहरू स्थानीय तह सँगको समान्वयमा पहिचान गरिएको र पर्यटकीय सम्भावनाको आधारमा ती गन्तव्यस्थलहरू क्रमबद्ध गरिएका छन्।
- प्रदेश निजामती सेवा ऐन, २०८० मा संशोधन तथा स्थानीय निजामती सेवा ऐन,२०८१ तथा नियमावली,२०८१ जारी गरिएको छ।
- प्रदेश निजामती सेवा तर्फ अधिकृतस्तर नवौं तहमा ४० जना, सहायकस्तर पाँचौं तहमा २२२ जना र सहायकस्तर चौथो तहमा ३०९ गरी कुल ५७१ जना सिफारिस गरिएको छ।
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तयार गरी प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ।

# परिच्छेद-१
## परिचय

### १.१ पृष्ठभूमि

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा २३ को उपदफा (४) मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिना भित्र प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। यसै प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२ को राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था मूल्याङ्कन सहितको प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मुल्याङ्कन गरी राजस्व, खर्च, अनुदान र ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रमुख नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति, मन्त्रालय/ निकायगत खर्चको विवरण, कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, मुख्य मुख्य उपलब्धि, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू समेतको एकीकृत मुल्याङ्कन प्रतिवेदन प्रस्तुत गरिएको छ। सम्बन्धित मन्त्रालय/निकायबाट प्राप्त प्रगति विवरण प्रतिवेदनको परिच्छेद-३ मा समावेश गरिएको छ। साथै, प्रतिवेदनमा विगतका आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग आर्थिक वर्ष २०८१/८२ को प्रगतिलाई तुलना समेत गरिएको छ।

यस प्रतिवेदनले प्रदेश सरकारको वार्षिक वजेट तथा कार्यक्रमको समग्र मूल्याङ्कन सहित नीति तथा कार्यक्रम कार्यान्वयनको यथार्थ चित्र प्रस्तुत गर्दछ। यो प्रतिवेदन आगामी दिनमा आवधिक योजना, नीति तथा कार्यक्रम र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्दै प्रादेशिक अर्थतन्त्र सुधारको मार्ग चित्र तयार गर्नको लागि सहयोगी बन्नेछ। यस प्रतिवेदनमा समेटिएका आर्थिक, सामाजिक तथा वित्तीय तथ्याङ्कको विश्लेषण मार्फत नीति, विधि र पद्दतिमा अपेक्षित सुधार गर्न आधार प्रदान गर्नेछ। प्रदेश सरकारको विनियोजन कुशलता, कार्यान्वयन दक्षता

र वित्तीय सुशासनको समग्र अवस्थाको विश्लेषण गर्दै यसलाई अपेक्षित सुधार गर्न, प्रदेश सरकारको **समृद्ध लुम्बिनीः खुसी नागरिक**को अपेक्षालाई पुरा गर्न र स्रोत परिचालनमा रहेको दवावलाई कम गर्दै विश्वसनीय वजेट निर्माणको आधार तयार गर्नका लागि समेत यो प्रतिवेदन सहयोगी हुने अपेक्षा मन्त्रालयले राखेको छ।

# परिच्छेद-२

## प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

### २.१ आर्थिक अवस्था

राष्ट्रिय अर्थतन्त्रका आन्तरिक एवम् बाह्य परिसूचक सबल तथा सुदृढ बन्दै गएका छन्। कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन बढ्ने अनुमान छ। आर्थिक क्रियाकलापमा बढोत्तरी हुँदै गएकोले आर्थिक वर्ष २०८१/८२ मा मुलुकको अर्थतन्त्र मध्यम दरले विस्तार भएको अनुमान छ। कृषि, विद्युत तथा ग्याँस, यातायात तथा भण्डारण लगायतका क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ४.७ प्रतिशत कायम रहने अनुमान रहेको छ। प्रदेशगत रूपमा आर्थिक वृद्धिदर सबैभन्दा बढी गण्डकी प्रदेशको ५.५१ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ३.३२ प्रतिशत रहने अनुमान रहेको छ। लुम्बिनी प्रदेशको गत आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धिदर ३.९४ प्रतिशत रहेको र आर्थिक वर्ष २०७९/८० मा १.९४ प्रतिशत रहेको थियो।

**चार्ट २.१**

**पछिल्लो ३ आर्थिक वर्षको प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा)**




आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रु.८ खर्ब ६९ अर्ब रहने प्रारम्भिक अनुमान रहेको छ भने गत आर्थिक वर्ष २०८०/८१ मा रु.८ खर्ब १५ अर्ब रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान १४.२ प्रतिशत रहने अनुमान गरिएको छ।

**चार्ट २.२**

**राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान र वृद्धिदर (प्रतिशतमा)**




आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६.५० प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ४.२० प्रतिशत रहने अनुमान छ। पछिल्लो ५ वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको योगदान करिब स्थिर रहेको छ।

**चार्ट २.३**

**राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**




*आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक अनुमान अनुसार*

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) रु.७ खर्ब ६५ अर्ब ३७ करोड पुग्ने अनुमान रहँदा प्राथमिक क्षेत्रको रु.२ खर्ब ४१ अर्ब ३५ करोड, द्वितीयक क्षेत्रको १ खर्ब २ अर्ब ८८ करोड र सेवा क्षेत्रको रु.४ खर्ब २१ अर्ब १३ करोड हुने अनुमान रहेको छ।

**चार्ट २.४**

**प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको योगदान क्रमशः ३१.५० प्रतिशत, १३.४० प्रतिशत र ५५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३०.८० प्रतिशत, १३.६० प्रतिशत र ५५.५० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक क्षेत्रको योगदानमा वृद्धि भएको देखिन्छ।

**चार्ट २.५**

**प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

आर्थिक वर्ष २०८१/८२ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रको योगदान क्रमशः ३१.०२ प्रतिशत र ६८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ मा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमशः ३०.३ प्रतिशत र ६९.७ प्रतिशत रहेको थियो।

**चार्ट २.६**

**आधारभूत मूल्यमा कृषि र गैर कृषि क्षेत्रको वृद्धिदर**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

आर्थिक वर्ष २०८१/८२ मा आधारभूत मूल्यमा कृषि क्षेत्रको वृद्धिदर ३.६ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ४.४ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको वृद्धिदर ३.९ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ३.५ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १४९६ अमेरिकी डलर र लुम्बिनी प्रदेशको १२०१ अमेरिकी डलर पुग्ने अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा बढी २६०१ अमेरिकी डलर र मधेश प्रदेशको सबैभन्दा न्यून ९३२ अमेरिकी डलर रहने अनुमान रहेको छ।

**चार्ट २.७**

**प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (डलरमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८२

विन्दुगत आधारमा आर्थिक वर्ष २०८१/८२ को असारमा नेपालको मुद्रास्फीति २.२० प्रतिशत हुँदा लुम्बिनी प्रदेशको १.७८ प्रतिशत रहेको छ। जसमा खाद्य तथा पेय पदार्थको मुद्रास्फीति -२.०१ प्रतिशत र गैर-खाद्य तथा सेवाको मुद्रास्फीति ३.९९ प्रतिशत रहेको छ। लुम्बिनी प्रदेशको ग्रामीण क्षेत्रको उपभोक्ता मुद्रास्फीति २.०२ प्रतिशत तथा शहरी क्षेत्रको उपभोक्ता मुद्रास्फीति १.६२ प्रतिशत रहेको छ।

**तालिका २.१**

**लुम्बिनी प्रदेशको मुद्रास्फीति दर ***

| प्रदेश | खाद्य मुद्रास्फीति | गैर खाद्य मुद्रास्फीति | समग्र मुद्रास्फीति |
|---|---|---|---|
| ग्रामीण लुम्बिनी प्रदेश | –०.३६ | ३.५७ | २.०२ |
| शहरी लुम्बिनी प्रदेश | –३.२१ | ४.२४ | १.६२ |
| **लुम्बिनी** | **–२.०१** | **३.९९** | **१.७८** |
| नेपाल | –१.१९ | ४.१२ | २.२० |

स्रोत: नेपाल राष्ट्र बैङ्क *प्रारम्भिक अनुमान

आर्थिक वर्ष २०८१/८२ कोशी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.४६ प्रतिशत, मधेश प्रदेशको ४.१४ प्रतिशत, बागमती प्रदेशको ३.५७ प्रतिशत, गण्डकी प्रदेशको ३.३२ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७० प्रतिशत, कर्णाली प्रदेशको ३.३१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.०२ प्रतिशत रहेको छ।

## २.२ वित्तीय अवस्था

आर्थिक वर्ष २०८१/८२ को प्रादेशिक वित्तको अवस्था सुधारोन्मुख रहेको छ। पछिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा प्रादेशिक आय तथा व्ययको दुवै पक्षमा सुधार भएको छ। प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा निरन्तर वृद्धि हुदै गएको छ।

वित्तीय सङ्घीयताको कार्यान्वयनसँगै लुम्बिनी प्रदेशले संविधानले दिएको खर्च र राजस्व सम्बन्धी अधिकारको उपयोग गर्दै आएको छ। प्रदेश सरकारले प्रदेशको सीमित आयबाट बहुवर्षीय तथा अधुरा आयोजनाहरूलाई सम्पन्न गर्न र जनताका आवश्यकता तथा मागलाई प्राथमिकीकरण गरी समयमै पूरा गर्ने नीति लिई स्रोत व्यवस्थापन गर्दै आएको छ।

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तमा रु.८० करोड ५० लाख मात्र धनात्मक रहेको प्रदेश सञ्चित कोष गत आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार करिब रु.५० करोड धनात्मक रहेको देखिन्छ।

**तालिका २.२**

**लुम्बिनी प्रदेशको सञ्चित कोष (रु.करोडमा)**

| क्र.सं | विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|
| १ | कुल प्रादेशिक आय (२+३+४) | ३५३२.० | ३२७६.३ | २७२४.२ | २८३९.३२ |
| २ | कुल प्रादेशिक राजस्व | १४३०.३ | १३२१.४ | १३६७.६ | १६३७.० |
| ३ | सङ्घीय सरकारबाट प्राप्त अनुदान (यथार्थ) | १५१२.५ | १३४४.७ | १०६९.३ | ११००.८ |
| ४ | अन्य प्राप्ति | ५८९.२ | ६१०.२ | २८७.३ | १०१.५ |
| ५ | प्रादेशिक खर्च | ३००५.१ | ३०२४.४ | २६४३.७ | २७८९.१ |
|  | चालु खर्च | १२६४.३ | १२५०.८ | १०४१.९ | ९९८.६ |
|  | पुँजीगत खर्च | १७४०.८ | १७७३.७ | १६०१.८ | १७९०.५ |
|  | सञ्चित कोष बचत(+)/न्यून(-) (१-५) | ५२६.९ | २५१.९ | ८०.५ | ५०.२२ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको कुल खर्च ७१.५७ प्रतिशत रहेकोमा चालु र पुँजीगत खर्च क्रमशः ६९.४२ र ७२.८३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल खर्च ६५.२ प्रतिशत रहेको थियो।

**तालिका २.३**

**लुम्बिनी प्रदेशको खर्च प्रतिशत (अन्तिम बजेट अनुसार)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ६९.३ | ८०.३ | ६९.८ | ७०.० | ६०.८ | ६९.४२ |
| पुँजीगत खर्च | ७०.१ | ८३.३ | ७०.१ | ७१.२ | ६८.४ | ७२.८३ |
| प्रादेशिक खर्च | ६९.८ | ८२.० | ७०.० | ७०.७ | ६५.२ | ७१.५७ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको कुल खर्च रु. २७ अर्ब ८९ करोड रहेकोमा चालु खर्च रु. ९ अर्ब ९८ करोड र पुँजीगत खर्च रु.१७ अर्ब ९० करोड छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल खर्चमा पुँजीगत खर्चको अंश ६४.२ प्रतिशत रहेको छ। पछिल्ला वर्षहरूमा प्रदेशको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा बढ्दै गएको देखिन्छ।

**चार्ट २.४**

**प्रादेशिक खर्च संरचना (प्रतिशतमा)**




*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको कुल खर्च रु. २७ अर्ब ८९ करोड रहेकोमा जेष्ठ महिनामा ४ अर्ब ५९ करोड र असार महिनामा ५ अर्ब ३९ करोड खर्च भई असारमा धैरै खर्च हुने प्रवृत्तिमा सुधार भएको छ। आर्थिक वर्ष २०८०/८१ को असार महिनामा मात्रै ७ अर्ब २० करोड खर्च भएको थियो।

**चार्ट २.५**

**मासिक खर्च प्रवृत्ति (करोडमा)**




आर्थिक वर्ष २०८१/८२ को माघ महिनादेखि नै पछिल्ला तीन वर्षभन्दा बढी प्रादेशिक खर्च प्रगति भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ को वैशाख मसान्तसम्म ४६.४२ प्रतिशत र जेठ मसान्तसम्म ५८.१६ प्रतिशत खर्च भई प्रदेशको खर्च प्रवृत्तिमा सुधार भएको

छ। आर्थिक वर्ष २०८०/८१ को वैशाख मसान्तसम्म ४०.१६ प्रतिशत र जेष्ठ मसान्तसम्ममा ४७.४४ खर्च भएको थियो।

**चार्ट २.६**

**मासिक खर्च प्रवृत्ति (प्रतिशतमा)**




आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटमा प्रदेश सरकारको स्रोत तर्फ ७०.५ प्रतिशत खर्च भएको छ भने नेपाल सरकारको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्रोत तर्फ क्रमशः ८३ प्रतिशत, ६५ प्रतिशत, ४१.७ प्रतिशत र ४५.४ प्रतिशत खर्च भएको छ।

**तालिका २.१**

**स्रोतगत बजेट र खर्चको विवरण (अन्तिम बजेटको आधारमा रु.करोडमा)**

| स्रोत | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार स्रोत | २४९५.०७ | १७५९.२१ | ७०.५१ |
| वित्तीय समानीकरण अनुदान | ८२८.६४ | ६८९.४७ | ८३.२१ |
| सशर्त अनुदान | ४१९.३३ | २७३.५० | ६५.२२ |
| समपूरक अनुदान | ७९.५० | ३३.१३ | ४१.६७ |
| विशेष अनुदान | ७४.४६ | ३३.७९ | ४५.३८ |
| जम्मा | ३८९७.०० | २७८९.१० | ७१.५७ |

आर्थिक वर्ष २०८१/८२ मा उद्योग, नवीन खोज र पूर्वाधार सम्बन्धी दिगो विकास लक्ष्यमा सर्वैभन्दा बढी २४.६ प्रतिशत सांकेतीकरण गरिएको बजेटमा ६७ प्रतिशत खर्च भएको छ भने स्वस्थ जीवन र शून्य भोकमरी सम्बन्धी दिगो विकास लक्ष्यमा क्रमशः ११.५ प्रतिशत

र ७.३ प्रतिशत सांकेतीकरण भएको बजेटमा ८२.५ प्रतिशत र ७०.४ प्रतिशत खर्च भएको छ। त्यसैगरी सांकेतीकरण नगरिएको २७.३ प्रतिशत विनियोजित बजेटमा ६९.९ प्रतिशत खर्च भएको छ।

**तालिका २.२**
**दिगो विकास लक्ष्य अनुसारको बजेट विनियोजन तथा खर्च (रु.करोडमा)**

| संकेत | दिगो विकास लक्ष्य | बजेट | बजेट हिस्सा% | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ० | सांकेतीकरण नगरिएको | १०६४.१८ | २७.३ | ७४३.७४ | ६९.९ |
| १ | गरिबीको अन्त्य | १२.१६ | ०.३ | ५.९९ | ४९.३ |
| २ | शून्य भोकमरी | २८४.६२ | ७.३ | २००.४५ | ७०.४ |
| ३ | स्वस्थ जीवन | ४४६.३० | ११.५ | ३६८.१३ | ८२.५ |
| ४ | गुणस्तरीय शिक्षा | १७१.७२ | ४.४ | १२१.९५ | ७१.० |
| ५ | लैङ्गिक समानता | १२.८० | ०.३ | ०.०० | ०.० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १५७.५१ | ४.० | १६४.१७ | १०४.२ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १३.५० | ०.३ | ९.६१ | ७१.२ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २७.०६ | ०.७ | १६.९२ | ६२.५ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ९५८.७९ | २४.६ | ६४२.०६ | ६७.० |
| १० | असमानता न्यूनीकरण | ८८.२० | २.३ | ५४.८६ | ६२.२ |
| ११ | दिगो शहर र वस्तीहरू | ३४५.४२ | ८.९ | २५७.०७ | ७४.४ |
| १२ | दिगो उपभोग तथा उत्पादन | २०.४६ | ०.५ | १२.२१ | ५९.७ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १२८.०४ | ३.३ | ८१.३२ | ६३.५ |
| १५ | भूसतह स्रोतको उपयोग | ६१.९३ | १.६ | ४७.१५ | ७६.१ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १०४.३१ | २.७ | ६३.४७ | ६०.९ |
| | जम्मा | ३८९७.०० | १००.० | २७८९.१० | ७१.६ |

आर्थिक वर्ष २०८१/८२ मा प्रत्यक्ष लैंगिक उत्तरदायी र अप्रत्यक्ष लैंगिक उत्तरदायीमा क्रमशः २६.९ प्रतिशत र २४.७ प्रतिशत बजेट विनियोजन भएकोमा ७७.४ प्रतिशत र ६८.७ प्रतिशत खर्च भएको छ। त्यसैगरी लैंगिक रुपमा तटस्थ ४८.४ प्रतिशत बजेट विनियोजन भएकोमा ६९.८ प्रतिशत खर्च भएको छ।

**तालिका २.३**
**लैंगिक उत्तरदायी बजेट विनियोजन तथा खर्च (रु.करोडमा)**

| लैंगिक उत्तरदायी बजेट | बजेट | बजेट हिस्सा | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | १०४८.१ | २६.९ | ८१०.८ | ७७.४ |
| अप्रत्यक्ष लाभ | ९६३.५ | २४.७ | ६६२.१ | ६८.७ |
| तटस्थ | १८८५.४ | ४८.४ | १३१६.२ | ६९.८ |
| जम्मा | ३८९७.० | १००.० | २७८९.१ | ७१.६ |

आर्थिक वर्ष २०८१/८२ मा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र प्रभावलाई कम गर्न प्रत्यक्ष लाभ र अप्रत्यक्ष लाभ सांकेतीकरण भएकोमा क्रमशः ४.६ प्रतिशत र २५.८ प्रतिशत बजेट विनियोजन भएकोमा ६८.७ प्रतिशत र ७९.२

प्रतिशत खर्च भएको छ। त्यसैगरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र प्रभावलाई कम गर्नमा ४८.४ प्रतिशत तटस्थ बजेट विनियोजन भएकोमा ६९.८ प्रतिशत खर्च भएको छ।

**तालिका २.४**
**जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र प्रभावलाई कम गर्न विनियोजित बजेट तथा खर्च (रु.करोडमा)**

| जलवायु परिवर्तन बजेट | बजेट | बजेट हिस्सा | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | १७९.१ | ४.६ | १२३.० | ६८.७ |
| अप्रत्यक्ष लाभ | १००३.५ | २५.८ | ७९५.० | ७९.२ |
| तटस्थ | २७१४.४ | ६९.७ | १८७१.० | ६८.९ |
| जम्मा | ३८९७.० | १००.० | २७८९.१ | ७१.६ |

आर्थिक वर्ष २०८१।८२ मा लुम्बिनी प्रदेश सरकारको कूल खर्च २७ अर्व ८९ करोड रहेको छ। जनु कूल बजेट रु ३८ अर्व ९७ करोडको तुलनामा ७१.५७ प्रतिशत रहेको छ। प्रदेश सरकारको कूल खर्च मध्ये चालु खर्च (स्थानीय तह अनुदान समेत) रु ९ अर्व ९८ करोड र पुँजीगत खर्च १७ अर्व ९० करोड रहेको छ। यस आर्थिक वर्षमा चालु खर्च ६९.४२ प्रतिशत र पुँजीगत खर्च ७२.८३ प्रतिशत पुगेको छ।

**तालिका २.५**
**मन्त्रालय/केन्द्रीय निकायगत खर्च प्रगति (रु.करोडमा)**

| क्र.सं. | मन्त्रालय/केन्द्रिय निकाय | चालु खर्च | | | पुँजीगत खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| १ | प्रदेश सभा | २२.५० | १९.०६ | ८४.७३ | ५.०० | ४.१५ | ८२.९२ | २७.५० | २३.२१ | ८४.४० |
| २ | प्रदेश लोक सेवा आयोग | ८.३० | ७.७० | ९२.८० | ०.७० | ०.३७ | ५३.५० | ९.०० | ८.०८ | ८९.७४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६०.६७ | २३.५२ | ३८.७७ | ३.९२ | ०.८७ | २२.२६ | ६४.५९ | २४.३९ | ३७.७७ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९.५० | ६.४७ | ६८.११ | ०.५० | ०.३५ | ६९.९२ | १०.०० | ६.८२ | ६८.२० |
| ५ | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | ६२.४८ | ३३.३९ | ५३.४४ | ८१.९९ | ५४.६१ | ६६.६० | १४४.४७ | ८७.९९ | ६०.९१ |
| ६ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | २५.९५ | १८.३५ | ७०.७३ | ३०१.१४ | २३३.०१ | ७७.३८ | ३२७.०९ | २५१.३७ | ७६.८५ |
| ७ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १६.९० | ०.८१ | ४.७९ | १.१५ | ०.२९ | २५.०८ | १८.०५ | १.१० | ६.०८ |

| क्र.सं. | मन्त्रालय/केन्द्रिय निकाय | चालु खर्च | | | पुँजीगत खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| ८ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १३८.१९ | ९४.६९ | ६८.५२ | ९.७२ | ५.७९ | ५९.५३ | १४७.९१ | १००.४७ | ६७.९३ |
| ९ | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | २८.०५ | १७.६६ | ६२.९७ | १७.७४ | ९.८६ | ५५.५९ | ४५.७९ | २७.५२ | ६०.११ |
| १० | वन तथा वातावरण मन्त्रालय | ११५.०४ | ८५.५५ | ७४.३६ | ११०.३२ | ६२.३५ | ५६.५२ | २२५.३७ | १४७.९० | ६५.६३ |
| ११ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४५.१५ | २९.६० | ६५.५७ | १००३.६१ | ६७२.२४ | ६६.९८ | १०४८.७६ | ७०१.८५ | ६६.९२ |
| १२ | खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | २५.९३ | १७.५२ | ६७.५६ | ५१५.०१ | ४३९.८० | ८५.४० | ५४०.९४ | ४५७.३२ | ८४.५४ |
| १३ | सामाजिक विकास मन्त्रालय | १६९.३७ | १२४.४२ | ७३.४६ | ११५.०५ | ७५.१५ | ६५.३१ | २८४.४२ | १९९.५६ | ७०.१६ |
| १४ | स्वास्थ्य मन्त्रालय | ३१८.०९ | २५६.९५ | ८०.७८ | २५७.४९ | २३१.६६ | ८९.९७ | ५७५.५८ | ४८८.६० | ८४.८९ |
| १५ | प्रदेश योजना आयोग | २.७८ | १.१९ | ४२.८६ | ०.२५ | ०.०२ | ८.५२ | ३.०३ | १.२१ | ४०.०६ |
| १६ | अर्थ - विविध | ७५.३८ | ०.०० | ०.०० | ३५.०० | ०.०० | ०.०० | ११०.३८ | ०.०० | ०.०० |
| | *जम्मा* | ११२४.२८ | ७३६.८९ | ६५.५४ | २४५८.५९ | १७९०.५२ | ७२.८३ | ३५८२.८७ | २५२७.४० | ७०.५४ |
| १७ | स्थानीय तह | ३१४.१३ | २६१.७० | ८३.३१ | ०.०० | ०.०० | ०.०० | ३१४.१३ | २६१.७० | ८३.३१ |
| | **कूल जम्मा** | १४३८.४१ | ९९८.५९ | ६९.४२ | २४५८.५९ | १७९०.५२ | ७२.८३ | ३८९७.०० | २७८९.१० | ७१.५७ |

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि कुल आयको लक्ष्य रु.३८ अर्ब ९७ करोडको राखेकोमा ७३.१ प्रतिशत अर्थात रु. २८ अर्ब ४६ करोड आय प्राप्त गरेको छ। जुन अघिल्लो वर्ष भन्दा ४.५२ प्रतिशत अर्थात रु १ अर्ब २३ करोडले बढी हो।

**तालिका २.६**

**प्रादेशिक कुल आय (रु.करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | वृद्धि |
|---|---|---|---|---|---|
| लक्ष्य | ४०९६ | ४२६४ | ४०४७ | ३८९७ | ४.५२% |
| प्रगति | ३५३२ | ३२७६ | २७२४ | २८४६ | |
| प्रगति प्रतिशत | ८६.२ | ७६.८ | ६७.३ | ७३.१ | |

*प्रारम्भिक प्रतिवेदन अनुसार

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि प्रदेश सरकारको एकल अधिकारको रुपमा प्राप्त गर्ने राजस्वको लक्ष्य रु. ४ अर्ब ७१ करोड राखेकोमा ४१ प्रतिशत

मात्र अर्थात रु.१ अर्ब ९३ करोड संकलन गरेको छ। त्यसैगरी गत वर्षको मौज्दात रु.२ अर्ब हुने अनुमान गरेकोमा रु.८० करोड ५० लाख मात्र मौज्दात रहेको थियो।

**तालिका २.७**

**आ.व. २०८१/८२ को लुम्बिनी प्रदेशको राजस्व लक्ष्य र प्रगति (रु.करोडमा)**

| राजस्व | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदान | १४०२ | ११०८ | ७९.१ |
| नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट | १२०२ | १०७२ | ८९.३ |
| नेपाल सरकारबाट प्राप्त रोयल्टी | ५० | २० | ३९.४ |
| प्रदेशले सङ्कलन गर्ने *(एकल अधिकार)* | ४७१ | १९३ | ४१ |
| प्रदेशले सङ्कलन गर्ने सवारी साधन कर (साझा अधिकार) | २८० | १८६ | ६६.३ |
| स्थानीय तहले सङ्कलन गर्ने (साझा अधिकार) | २९२ | १८७ | ६४.१ |
| गत वर्षको मौज्दात | २०० | ८१ | ४०.३ |
| कुल जम्मा | ३८९७ | २८४६ | ७३.१ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट बाँडफाँट भई लुम्बिनी प्रदेश सरकारलाई प्राप्त मूल्य अभिवृद्धि कर वापतको राजस्व रु. ७ अर्ब ९० करोड छ। जुन गत आर्थिक वर्षको तुलनामा १९.८ प्रतिशतले बढी हो। त्यसैगरी नेपाल सरकारबाट बाँडफाँट भई लुम्बिनी प्रदेश सरकारलाई प्राप्त अन्तः शुल्क वापतको राजस्व रु. २ अर्ब ८३ करोड छ। जुन गत आर्थिक वर्षको तुलनामा २४.८ प्रतिशतले बढी हो।

**तालिका २.८**

**नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट (रु.करोडमा)**

| राजस्व | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | वृद्धिदर |
|---|---|---|---|---|---|
| मूल्य अभिवृद्धि कर | ७३२ | ६६६ | ६५९ | ७९० | १९.८ |
| अन्त शुल्क | २३८ | २४२ | २२७ | २८३ | २४.८ |
| जम्मा | ९७१ | ९०९ | ८८६ | १०७२ | २१.१ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको एकल अधिकारको रुपमा संकलन गरेको राजस्व गत आर्थिक वर्षको तुलनामा २९.४ प्रतिशतले बद्धि भई १ अर्ब ७२ करोड रहेको छ। प्रदेश सरकारको एकल राजस्व निरन्तररुपको वृद्धि हुदै गएको छ। त्यसैगरी प्रदेश सरकारबाट संकलन तथा बाँडफाँट गरी प्रदेश सरकारलाई प्राप्त भएको राजस्व ५.८ प्रतिशतले वृद्धि भएको छ।

**तालिका २.९**

**प्रदेशले सङ्कलन गर्ने राजस्व (रु.करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | वृद्धिदर |
|---|---|---|---|---|---|
| प्रदेश सरकारको एकल राजस्व | १०३ | १२२.४ | १३२.९ | १७२ | २९.४० |
| सवारी साधन कर राजस्व | १५४.२ | १५५.३ | १७५.४ | १८५.६ | ५.८ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारको एकल अधिकारको रुपमा प्रमुख राजस्व शीर्षकमा क्रमशः चालक अनुमति पत्र र सवारी, वन क्षेत्रको आय यातायात क्षेत्रको आम्दानी र व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत रु.८० करोड, रु.४१ करोड, रु.२३ करोड र रु.८ करोड राजस्व संकलन भएको थियो।

**तालिका २.१०**

**प्रदेश सरकारको प्रमुख एकल राजस्व शीर्षक (रु.हजारमा)**

| संकेत | राजस्व शिर्षक | बार्षिक लक्ष्य | प्रगति | प्रतिशतमा |
|---|---|---|---|---|
| १४२५६ | चालक अनुमति पत्र र सवारी | १९५२००० | ८०४८३३ | ४१.२३ |
| १४२६४ | वन क्षेत्रको आय | १३३२२५२ | ४१३३८७ | ३१.०३ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ३९१६२० | २३५२६१ | ६०.०७ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २४८०२६ | ८०१७८ | ३२.३३ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५२७३२ | ७३०९२ | ४७.८६ |
| १४२२४ | परीक्षा शुल्क | ३२४१५२ | ३३३४६ | १०.२९ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ६२५२८ | ३०७२२ | ४९.१३ |
| १४५२९ | अन्य राजस्व | २८२४ | १९१०३ | ६७६ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | ४६९९४ | १७०२१ | ३६.२२ |
| १४३१३ | धरौटी सदरस्याहा | ५९७२ | ५५६० | ९३.०९ |

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट संकलन तथा बाँडफाँट भई प्रदेश सरकालाई प्राप्त भएको कुल राजस्व रु.१ अर्ब ८७ करोड रहेको छ। जुन गत आर्थिक वर्षको तुलनामा २१ प्रतिशतले बढी हो। स्थानीय तहसँग बाँडफाँट भई प्राप्त राजस्वमा सबैभन्दा बढी घरजग्गा रजिष्ट्रेसन दस्तुर बापत रु. १ अर्ब ३९ करोड र दहत्तर बहत्तर विक्रिको आय वापत रु ४६ करोड प्राप्त भएको छ।

### तालिका २.११
### स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट हुने राजस्व (रु.करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* | वृद्धिदर |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रशन दस्तुर | १४८.०६ | ११०.९१ | १२१.०४ | १३९.०७ | १४.९ |
| मनोरञ्जन कर | ०.०९ | ०.४३ | ०.५२ | ०.६७ | २८.२ |
| विज्ञापन कर | ०.१८ | ०.६९ | ०.२८ | ०.९४ | २४०.३ |
| दहत्तर बहत्तरको विक्रि आय | २४.९५ | २३.१३ | ३२.८७ | ४६.५२ | ४१.५ |
| जम्मा | १७३.२७ | १३५.१६ | १५४.७१ | १८७.२ | २१ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्रदेश सरकारलाई समानीकरण अनुदान, सशर्त अनुदान क्रमशः ९१.८ प्रतिशत र ६७.१ प्रतिशत तथा विशेष अनुदान र समपूरक अनुदान ४४.८ प्रतिशत र ४२.४ प्रतिशत निकासा भएको छ। नेपाल सरकारबाट कुल अनुदान ७९ प्रतिशत निकासा भएकोमा ७८.५ प्रतिशत यथार्थ प्राप्ती भएको प्रारम्भिक प्रतिवेदन रहेको छ।

### तालिका २.१२
### आ.व. २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने अनुदानको लक्ष्य तथा प्रगति (रु.करोडमा)

| सङ्घीय अनुदान | लक्ष्य | निकासा | यथार्थ प्राप्ती | निकासा % | यथार्थ प्राप्ती % |
|---|---|---|---|---|---|
| समानीकरण अनुदान | ८२९ | ७६० | ७६० | ९१.८ | ९१.८ |
| सशर्त अनुदान | ४१९ | २७३ | २७३ | ६७.१ | ६५.२ |
| विशेष अनुदान | ७४ | ३३ | ३३ | ४४.८ | ४४.६ |
| समपूरक अनुदान | ८० | ३४ | ३४ | ४२.४ | ४२.५ |
| **जम्मा** | **१४०२** | **११०८** | **११०१** | **७९.०** | **७८.५** |

*प्रारम्भिक प्रतिवेदन अनुसार

प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट कुल रु.११ अर्ब १ करोड यथार्थ अनुदान प्राप्त भएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा कुल रु.१० अर्ब ६९ करोड अनुदान प्राप्त भएको थियो। पछिल्लो आर्थिक वर्षमा घट्दै गईरहेको समानीकरण अनुदान आर्थिक वर्ष २०८१/८२ मा २५.८ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ६० करोड प्राप्त भएको छ।

### तालिका २.१३
### नेपाल सरकारबाट प्राप्त यथार्थ अनुदान (रु.करोडमा)

| अनुदान | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | ८०३ | ७४७ | ६०४ | ७६० |
| सशर्त अनुदान | ६३९ | ५३५ | ३८९ | २७३ |
| विशेष अनुदान | ३३ | २४ | ५३ | ३३ |
| समपूरक अनुदान | ३८ | ३८ | २३ | ३४ |
| कुल जम्मा | **१५१२** | **१३४५** | **१०६९** | **११०१** |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान खर्च नभई असारमसान्तभित्र रु.१ अर्ब ५० करोड निकासा फिर्ता भएको र अनुदान फिर्ता गर्न बाँकी रकम रु.७ करोड ५३ लाख रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले खर्च गर्न बाँकी रहेको रु.१ अर्ब ४३ करोड अनुदान नेपाल सरकारलाई फिर्ता गरेको थियो।

**तालिका २.१४**
**नेपाल सरकारलाई फिर्ता हुने अनुदान (रु.करोडमा)**

| अनुदान | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|
| सशर्त अनुदान | १९८ | ९७ | ७९ | ७.५३ |
| विशेष अनुदान | ३० | २४ | ०.९५ | |
| समपूरक अनुदान | ३४ | ३६ | ६३ | |
| कुल जम्मा | २६२ | १५७ | १४३ | ७.५३ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारले स्थानीय तहलाई कुल ८३.३१ प्रतिशत अनुदान निकासा गरेको छ। नेपाल सरकारले लुम्बिनी प्रदेश सरकारलाई ९१.८ प्रतिशत समानीकरण अनुदान हस्तन्तरण गरेको भएतापनि प्रदेश सरकारले स्थानीय तहलाई सत प्रतिशत समानीकरण अनुदान हस्तान्तारण गरेको छ।

**तालिका २.१५**
**आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहलाई वित्त हस्तान्तरण (रु.करोडमा)**

| वित्त हस्तान्तरण | विनियोजन | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ९५.०० | ९५ | १०० |
| सशर्त अनुदान | ११३.८३ | ९१.४६ | ८०.३५ |
| विशेष अनुदान | १५.०० | १०.८७ | ७२.४७ |
| समपूरक अनुदान | ९०.३० | ६४.३७ | ७१.२८ |
| जम्मा | ३१४.१३ | २६१.७ | ८३.३१ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारले स्थानीय तहलाई कुल अनुदान रु.२ अर्ब ६१ करोड हस्तान्तरण गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले स्थानीय तहलाई रु. ३ अर्ब ८ करोड वित्तीय हस्तान्तरण गरेको थियो। प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण हुने अनुदान निरन्तर घट्दै गएको छ।

**तालिका २.१६**

**स्थानीय तहलाई वित्त हस्तान्तरण (रु.करोडमा)**

| अनुदान | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२* |
|---|---|---|---|---|
| समानीकरण | ७०.०० | ८५.०० | ७५.०० | ९५ |
| सशर्त | ११३.९० | १०२.७७ | १२१.७८ | ९१.४६ |
| विशेष | ८५.८६ | ८८.९८ | १५.५० | १०.८७ |
| समपूरक | १५७.८८ | १३५.६२ | ९५.७३ | ६४.३७ |
| जम्मा | ४२७.६५ | ४१२.३७ | ३०८.०१ | २६१.७ |

*प्रारम्भिक प्रतिवेदन अनुसार

आर्थिक वर्ष २०८१/८२ मा सवारी साधन कर बाँडफाँट तर्फ सबैभन्दा बढी क्रमशः घोराही उपमहानगरपालिका, तिलोत्तमा नगरापालिका र बुटवल उपमहानगरपालिकालाई रु. ४ करोड ३७ लाख, ३ करोड ६४ लाख र ३ करोड ४२ लाख रहेको छ।

**तालिका २.१७**

**प्रदेश सरकारबाट बाँडफाँट भई सबैभन्दा बढी सवारी साधन कर प्राप्त गर्ने स्थानीय तह**

| क्र.सं. | स्थानीय तह | जिल्ला | सवारी साधन कर (रु.) |
|---|---|---|---|
| १ | घोराही उपमहानगरपालिका | दाङ | ४३७१६६९५.६७ |
| २ | तिलोत्तमा नगरापालिका | रुपन्देही | ३६४५८९३९.३२ |
| ३ | बुटवल उपमहानगरपालिका | रुपन्देही | ३४२९३३५४.३२ |
| ४ | राप्ती सोनारी गाउँपालिका | बाँके | ३३५३२२४१.६८ |
| ५ | तुल्सीपुर उपमहानगरपालिका | दाङ | ३२७४८४८४.२२ |
| ६ | लमही नगरपालिका | दाङ | २७३६९५५३.०६ |
| ७ | शितगंगा नगरपालिका | अर्घाखाँची | २५०९१४६१.७७ |
| ८ | बाँसगढी नगरपालिका | बर्दिया | २४५२६१३३.८२ |
| ९ | बाणगंगा नगरपालिका | कपिलवस्तु | २३६४८७९०.२४ |
| १० | रोल्पा नगरपालिका | रोल्पा | २३६३०७३६.२७ |

आर्थिक वर्ष २०८१/८२ मा सवारी साधन कर बाँडफाँट तर्फ सबैभन्दा कम क्रमशः मल्लरानी गाउँपालिका, थवाङ गाउँपालिका र गुल्मीदरवार गाउँपालिकालाई रु.३८ लाख, रु.३९ लाख र रु.५१ लाख रहेको छ।

**तालिका २.१८**

**प्रदेश सरकारबाट बाँडफाँट भई सबैभन्दा कम सवारी साधन कर प्राप्त गर्ने स्थानीय तह**

| क्र.सं. | स्थानीय तह | जिल्ला | सवारी साधन कर |
|---|---|---|---|
| १ | मल्लरानी गाउँपालिका | प्यूठान | ३८६४३२८.३८ |
| २ | थबाङ्ग गाउँपालिका | रोल्पा | ३९५८६४४.५६ |
| ३ | गुल्मी दरबार गाउँपालिका | गुल्मी | ५१०१५८८.०९ |
| ४ | रम्भा गाउँपालिका | पाल्पा | ५२१४६१४.०८ |
| ५ | परिवर्तन गाउँपालिका | रोल्पा | ५२४२४०६.५७ |
| ६ | दंगीशरण गाउँपालिका | दाङ | ५२६७५५०.९४ |
| ७ | मर्चवारी गाउँपालिका | रुपन्देही | ५३६६१९८.१० |
| ८ | छत्रकोट गाउँपालिका | गुल्मी | ५४२२१४१.८९ |
| ९ | शुद्धोधन गाउँपालिका रु | रुपन्देही | ५४६८४०९.०५ |
| १० | ओमसतिया गाउँपालिका | रुपन्देही | ५४७७६०३.०८ |

# परिच्छेद -३

# मन्त्रालय/निकायगत प्रगति विवरण

## ३.१ प्रदेश सभा सचिवालय

### महत्वपूर्ण उपलब्धिहरू:

- सरकारबाट पेस भई सभाबाट पारित भएका देहायका सात वटा विधेयकहरूको आनुसाङ्गिक सुधार गरी प्रमाणीकरणका लागि पठाइएको:
  १. प्रदेश विपद व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
  २. प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक
  ३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
  ४. लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक (प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण नभई सन्देश सहित फिर्ता भएको)
  ५. प्रदेश सामयिक कर राजस्व सङ्कलन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
  ६. प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
  ७. आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- स्थानीय तहसँग सभामुख कार्यक्रमको माध्यमबाट लुम्बिनी प्रदेशका छ वटा जिल्लाहरू(बर्दिया, बाँके, दाङ, रोल्पा, रुकुम पूर्व र पाल्पा)का स्थानीय तहहरूमा "प्रदेश सभासँग स्थानीय सभाको कानून निर्माण सम्बन्धी सहकार्य कार्यक्रम" सम्पन्न गरी प्रदेश सभा र स्थानीय सभा बीच समन्वय र अन्तर सम्बन्ध स्थापित भएको।
- प्रदेश सुशासन ऐन, २०७६ (कार्यान्वयन र प्रभावकारिता तथा प्रत्यायोजित विधायनको मापन सम्बन्धी) को उत्तरविधायिकी परीक्षण गरी सभामा समेत प्रतिवेदन पेस भएको।
- भौतिक पूर्वाधार विकास समितिद्वारा **पूर्वाधार विकासमा नीतिगत सुधार सम्बन्धी सुझाव प्रतिवेदन** तयार भई पेस भएको।
- दुई वटा जिल्लाहरू (अर्घाखाँची र रुपन्देही) मा "शैक्षिक संस्थाहरूमा अभ्यास संसद कार्यक्रम" सम्पन्न गरेको।
- संसद सेवा ऐन निर्माण सम्बन्धी अवधारणापत्र तथा नमूना मस्यौदा तयारी र सरोकारवालाहरू बीच पहिलो चरणको छलफल।

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु. हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति% | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १. | शैक्षिक संस्थाहरूमा अभ्यास संसद कार्यक्रम | २ | ९०० | ८९५ | ९९.४४ | १०० |
| २. | विद्यार्थीसँग प्रदेश सभा पहुच कार्यक्रम | ५ | ६२५ | ६२३.५ | ९९.६८ | १०० |
| ३. | पदाधिकारी तथा सदस्यहरूका स्वकीय सचिवहरूलाई अभिमुखीकरण कार्यक्रम | १ | ५० | ० | ० | ० |
| ४. | Study of delegated legislation | ३ | ३०० | ० | ० | ० |
| ५. | प्रदेश सभा सचिवालयको वार्षिक समिक्षा तथा छलफल कार्यक्रम | २ | २०० | ० | ० | ० |
| ६. | कानून कार्यन्वयनमा मिडियाको भूमिका अन्तरसम्बाद कार्यक्रम | १ | ३०० | ० | ० | ० |
| ७. | प्रदेश सभासँग स्थानीय  सभाको कानून निर्माण सम्बन्धी सहकार्य कार्यक्रम | ६ | ३३१५ | २९३२.५ | ८८.४६ | १०० |
| ८. | e-poll system कार्यन्वयन सम्बन्धी कार्यक्रम | १ | ८५० | ०.०० | ० | ० |
| ९. | उपसभामुख तथा महिला माननियहरूका बीच ससदीय अभ्यास सम्बन्धी अन्तक्रिया तथा सास्कृतिक शुभकामना आदान प्रदान कार्यक्रम | १ | ३०० | २६८ | ८९.३३ | १०० |
| १०. | लैङ्गिक सशक्तिकरणकालागी महिला सरोकारवालाहरूसँग जिल्ला स्तरिय अभिमुखीकरण कार्यक्रम | २ | ५०० | ४७० | ९४ | १०० |
| ११. | पूर्व सासद मन्चसँग कानून निर्माण तथा ससदीय कामकारवाही सम्बन्धमा अनुभव आदान प्रदान कार्यक्रम | २ | ३०० | २९१ | ९७ | १०० |
| १२. | प्रदेश सभाका माननीयको डिजिटल प्रोफाईल निर्माण | १ | ८५० | ० | ० | ० |
| १३. | विधेयक उपर सरोकारवालासँग छलफल तथा अन्तरक्रिया | ४ | ८०० | ० | ० | ० |
| १४. | सस्थागत रुपमा टेलिभिजन तथा रेडियो कार्यक्रम निर्माण तथा प्रशारण | १ | ७०० | २९४ | ४२ | १०० |
| १५. | प्रदेश सभाका महत्वपूर्ण बैठकहरू टि भी मा प्रत्यक्ष प्रसारण गर्ने | १ | २४० | १८५ | ७०.०८ | १०० |
| १६. | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | ५०० | ४७२.५ | ९४.५ | १०० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति% | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १७. | प्रदेश सभाका सभामुख र उपसभामुखको अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण | १ | ५०० | ३८० | ७६ | १०० |
| १८. | समितिहरूको अन्तरप्रदेश भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम | ७ | २१०० | १९२८ | ९१.८० | १०० |
| १९. | प्रदेश सभा निजामती सेवा विधेयक सम्बन्धी कार्यक्रम | १ | ३०० | २१३ | ७१ | १०० |
| २०. | समिति सचांलन र विधेयक प्रतिवेदन तयारीको अनुशिक्षण कार्यक्रम | ३ | ६०० | ० | ० | ० |
| २१. | ससदीय मामिला पत्रकार समाजलाई संसदीय रिपोटिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १ | ३०० | ३०० | १०० | १०० |
| २२. | युवा नेतृत्व तथा अभ्यास ससद कार्यक्रम | १ | ८०० | ० | ० | ० |
| २३. | संसदीय समितिहरूको निगरानीका लागि स्थलगत अनुगमन तथा निरीक्षण | ७ | २४०० | १४१५.५ | ५८.९८ | ६० |
| २४. | सचिवालयको मिटिङ हलको विविध विद्युतीय उपकरण खरिद | १ | १५०० | १४६९ | ९७.९३ | १०० |
| २५. | DSLR Camera | २ | ६०० | ५८७ | ९७.८३ | १०० |
| २६. | Audio cable wire roll | १ | १००० | ९७० | ९७ | १०० |
| २७. | Fire Alarm System Works | १ | ७०० | ० | ० | ० |
| २८. | स्वास्थ्य परीक्षण उपकरण तथा वेड खरिद | १ | ७०० | ६९१.५ | ९८.८८ | १०० |
| २९. | सचिवालयको आगन्तुक कक्षको फर्निचर व्यवस्थापन | १ | ९०० | ८४० | ९९.३३ | १०० |
| ३०. | पर्दा तथा कार्पेट लगायत अन्य फर्निसिङ सम्बन्धी समाग्री | १ | ८०० | ४१९ | ५२.३८ | ५० |
| ३१. | स्टोर लेखा तथा पुस्तकालयको किताब तथा श्रेस्ता व्यवस्थापनको लागि दराज | १ | १००० | ९४३ | ९४.३ | १०० |
| ३२. | क्यान्टिनमा ट्रस तथा ग्रिल जडान कार्य | १ | ७०० | ४१९ | ५९.८५ | १०० |
| ३३. | प्रदेश सभाको लाईभ कार्यक्रमको लागि डिस्प्ले टिभि खरिद | १ | ५१३ | ४६३ | ९०.२५ | १०० |
| ३४. | सभाहलको भिडियो वायरलेस व्यवस्थापन | २ | ८०० | ४८१ | ६०.१२ | ५० |
| ३५. | पदाधिकारी मोबाईल तथा उपकरण खरिद | ४ | ४०० | ३९० | ९७.५ | १०० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति% | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| ३६. | प्राविधिक कक्षमा मनिटर र कम्प्यूटर सेट खरिद | २ | ९०० | ८६८ | ९६.४४ | १०० |
| ३७. | सभाहलमा भिडियो जडान कार्य | २ | २००० | १९९७ | ९९.८५ | १०० |
| ३८. | जेनेरेटर खरिद | १ | ५५६० | ३९१६ | ७०.४३ | १०० |
| ३९. | सभाहलमा भएको सिसियू एसी को आउटडोर मेसिन खरिद | ६ | ७०० | ३१२ | ४४.५७ | ५० |
| ४०. | HVAC system को मर्मत उपकरण खरिद | १ | ४०० | २५७ | ६२.२५ | १०० |
| ४१. | एसि डक्ट खरिद (निर्माण)जडान कार्य | १ | ९७७ | ९७६ | ९९.८९ | १०० |
| ४२. | सेन्ट्रल स्टेवलाईजर खरिद | १ | २६०० | २५०० | ९६.१५ | १०० |
| ४३. | फ्लड लाईट जडान कार्य | १२ | १९८ | १९७ | ९९.४९ | १०० |
| ४४. | सभामुख तथा उपसभामुख निवासमा सिसिटिभि जडान तथा पावर व्याकअप सिस्टम जडान | २ | २००० | १९७० | ९८.५ | १०० |
| ४५. | सभा भवनमा विविध विद्युतीकरणका सामाग्री | १ | ६०० | ४८० | ८० | १०० |
| ४६. | Power Backup UPSs | १ | ८०० | ७७९ | ९७.३८ | १०० |
| ४७. | सुरक्षाँ चेकजाच उपकरण खरिद | १ | ५०० | ४९१.५ | ९८.३ | १०० |
| ४८. | सभाहलमा काठको रेलिङ जडान | १ | ७०० | ४९८ | ७१.१४ | १०० |
| ४९. | संसदीय समितिका सभापतिको कक्षको फर्निचर व्यवस्थापन | १ | १००० | ९७५ | ९७.५ | १०० |
| ५०. | प्रदेश सभाको प्राविधिक कक्ष व्यवस्थापन | १ | ९०० | ८७४ | ९७.११ | १०० |
| ५१. | सभामुख तथा उपसभामुख निवासको फर्निचर व्यवस्थापन | २ | ९०० | ४६९ | ५२.११ | ५० |
| ५२. | प्रदेश सभाको भिआपि दर्शक दिर्घामा र्याम्प निर्माण तथा आसन व्यवस्थापन | १ | १००० | ९४५ | ९४.५ | १०० |
| ५३. | सभाहलमा ग्रेनाईट विछ्याउने कार्य | १ | २००० | १९१० | ९५.५ | १०० |
| ५४. | सभा भवनको विविध मर्मत कार्य | १ | १७७८ | ० | ० | ० |
| ५५. | उपसभामुख को भवनको विविध मर्मत कार्य | १ | १००० | २०६ | २०.६ | १०० |
| ५६. | सभाहलको भर्याङमा पार्केटिङ | १ | ३४० | ३०४ | ८९.४१ | १०० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति% | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| ५७. | सेन्ट्रि पोष्ट मर्मत | २ | ४०० | ३७० | ९२.५ | १०० |
| ५८. | प्रदेश सभाको मूल गेट सजावट | १ | ४०० | १७७ | ४४.२५ | १०० |
| ५९. | प्रदेश सभाको स्टुडियो विविध निर्माण | १ | १३०० | ० | ० | ० |
| ६०. | सभाहलमा माननिय सदस्यहरूको आसन क्षेत्रमा काठको पट्टी विछ्याउने तथा अन्य विविध | १ | १००० | ९४७ | ९४.७ | १०० |
| ६१. | सभाहलको माईकको भूमिगत तार व्यवस्थापन कार्य | १ | ४०० | ० | ० | ० |
| ६२. | सभा भवनमा पार्किङ ट्रस निर्माण | १ | ९५८ | ९५७ | ९९.८९ | १०० |
| ६३. | सेन्ट्रि पोष्ट निर्माण | २ | ६३९ | ६३८ | ९९.८४ | १०० |
| ६४. | उप सभामुख निवास परिसरमा गार्डेनिङ कार्य | १ | १५७ | १५६ | ९९.३६ | १०० |
| ६५. | उप सभामुख निवासमा पार्किङ सेड निर्माण | १ | २२२ | २२१ | ९९.५४ | १०० |
| ६६. | सभामुख निवास बाह्रखुट्टी मा विविध निर्माण तथा मर्मत कार्य | १ | ३५०० | २६७५ | ७६.४३ | १०० |
| ६७. | सभा भवनको फलामको खम्बा र्यापिङ | १ | ४००० | ३५८६ | ८९.६५ | १०० |
| ६८. | सभा भवन मर्मत | १ | २८९ | २८७ | ९९.३० | १०० |
| ६९. | सभामुख निवासको विविध थप मर्मत कार्य | १ | २६८५ | २६८३ | ९९.९२ | १०० |

## विनियोजित बजेट तथा वित्तीय प्रगति (रु हजारमा)

| क्र.स. | बजेट शिर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २२५००० | १९०६३८ | ८४.७३ |
| २ | पुँजीगत | ५०००० | ४१४५९ | ८२.९२ |
| ३ | जम्मा | २७५००० | २३२०९७ | ८४.४० |

## राजस्व सङ्कलनको विवरण (रु. हजारमा)

| क्र.स. | शिर्षक | विवरण | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ६० | ६० | १०० |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ६३ | ० |
| ३ | जम्मा | | | १२३ | |

## बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको ) (रु. हजारमा)

| क्र.स. | बेरुजु किसिम | आ.ब. २०८०/०८१ सम्मको मलेप वेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भएको बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ३१२४.८३१५ | | ४००५२.४१९ |
| २ | असुल उपर गर्नु पर्ने | ५.३९० | ५.३९० | ० |
| ३ | पेश्की | २९६६.६३२ | ० | २९६६.६३२ |
| | कूल जम्मा | ३४२२०.३३७ | | ४३०१९.०५१ |

## ३.२ प्रदेश लोक सेवा आयोग

### महत्वपूर्ण उपलब्धिहरू

- आ.व.२०८१।८२ मा आयोगद्वारा अन्तरतह, खुला तथा समावेशीतर्फ विभिन्न १०६ वटा विज्ञापनमार्फत अन्तरतह ४०, खुला २३८, खस आर्य महिला २२, आदिवासी जनजाति महिला ४८, आदिवासी जनजाती पुरुष ५, मधेशी महिला २६, मधेसी पुरुष ४, मुस्लिम महिला ७, मुस्लिम पुरुष २, अपाङ्गता महिला १, अपाङ्गता पुरूष १ र यौनिक तथा लैङ्गिक अल्पसंख्यक १ पद गरी जम्मा ४३५ र ज्येष्ठता कार्यसम्पादन मूल्याङ्कन तर्फ ५४, कार्यक्षमताको मूल्याङ्कनतर्फ १०२ गरी बढुवा तर्फ जम्मा १५६ पद समेत गरी कुल ५९१ वटा पदका लागि विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गरिएको,
- आयोगको अनलाईन दरखास्त व्यवस्थापन प्रणाली मार्फत आवेदन सङ्कलन गरी सम्बन्धित पदको न्यूनतम शैक्षिक योग्यता र आवश्यक कागजातसहित रितपूर्वक पेस हुन आएका कुल ४६,८२६ जना उम्मेदवारहरूको दरखास्त स्वीकृत गरिएको,
- प्रदेश निजामती सेवा तर्फ अधिकृतस्तर नवौं तहमा ४० जना, सहायकस्तर पाँचौं तहमा २२२ जना र सहायकस्तर चौथो तहमा ३०९ गरी कुल ५७१ जना सिफारिस गरिएको छ। यसरी सिफारिश गरिएका पदमा विभिन्न कारण प्रदेश तथा स्थानीय तहमा रिक्त हुन आएका पदहरूमा वैकल्पिक उम्मेदवार सिफारिसका लागि अनुरोध भै आएबमोजिम ८२ जना उम्मेदवार नियुक्तिको लागि सिफारिस गरी पठाइएको छ। यसरी आ.व.२०८१।८२ मा कुल ६५३ जना उम्मेदवार सिफारिस गरिएको।
- विभिन्न सेवा, समूहका गरी कुल ४३ वटा पाठ्यक्रमहरू निर्माण एवम् परिमार्जन गरिएको छ।

### वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| बुदाँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १९४ | प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना र छनौटको कार्यलाई प्रभावकारी र विश्वसनीय तुल्याउन प्रदेश लोक सेवा आयोगको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ। प्रदेश सरकार र स्थानीय तहको माग र आवश्कयताका आधारमा मेधावी जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षण गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ। लोक सेवा आयोगलाई साधन स्रोत सम्पन्न बनाइनेछ। | प्रदेश निजामती सेवा ऐन,२०८० तथा नियमावली साथै स्थानीय निजामती सेवा ऐन,२०८१ तथा नियमावली,२०८१ कार्यान्वयनमा आएको छ।योग्य र सक्षम जनशक्ति आकर्षण गर्ने उद्देश्यले विभिन्न पदका पाठ्यक्रमहरूलाई समयानुकुल परिमार्जन गर्दै लगिएको छ। |

| बुदाँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १९५ | योग्यता प्रणालीलाई व्यवस्थित गरी सदाचारयुक्त, कामप्रति प्रतिवद्ध र जिम्मेवारी बोध गर्ने जनशक्ति छनौट गर्न कर्मचारी छनौट प्रक्रियामा आधुनिक प्रविधि र नविनतम विधि अवलम्बन गर्दै लगिनेछ। लोक सेवा आयोगको पाठ्यक्रम र परीक्षा प्रणालीलाई थप बैज्ञानिक र व्यवहारिक बनाउदै लगिनेछ। | आयोगबाट पाठ्यक्रम तयार गरी स्वीकृत गर्नुपूर्व वेवसाइटमार्फत सार्वजनिक गरी राय सुझाव माग गरी परिमार्जन गरिएको छ। सहायकस्तर चौथो र पाँचौं तहका प्राविधिक पदहरूको पाठ्यक्रमलाई परिमार्जन गरी दोस्रो पत्रसमेत समावेश गरिएको छ। |

## वार्षिक बजेट बक्तव्यको प्रगति विवरण

| बुदाँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७५ | प्रदेश र स्थानीय तहको सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धलाई व्यवस्थित, प्रभावकारी, विश्वसनीय र चुस्त बनाउन योग्यता प्रणालीको अवलम्बन गर्दै आधुनिक प्रविधि र नवीन विधिका माध्यमबाट जनशक्ति पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह र विकास निर्माण कार्य थप सहज, शीघ्र र प्रभावकारी हुने अपेक्षा गरेको छु। | ➢ प्रदेश र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न पदका लागि आवश्यक पाठ्यक्रम निर्माण गरिएको,<br>➢ आर्थि वर्ष २०८१।०८२ मा गत आ.व.मा गरिएका विज्ञापनका पदहरूसमेत गरी कुल ६५३ जना (मुल उम्मेदवार र वैकल्पिक उम्मेदवार गरी) उम्मेदवारहरू छनौट गरी सिफारिस गरिएको,<br>➢ परीक्षा सञ्चालनमा खटिने जनशक्तिका लागि परीक्षा सञ्चालनको प्रक्रिया लगायतका विषयमा अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको छ। |

## विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | ८३००० | ७७०२४ | ९२.८ |
| २. | पुँजीगत | ७००० | ३७४५ | ५३.५ |
| जम्मा | | ९०००० | ८०७६९ | ८९.७ |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु. हजारमा)

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण% | खर्च | खर्च % |
| **चालु कार्यक्रम खर्च** | | | | | | | |
| १. | सिप विकास सम्बन्धी कार्यक्रम | १ | २०० | १ | १०० | ६४ | ३२ |
| २. | पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरू | १ | १००० | १ | १०० | ९६३.९ | ९६.३९ |
| ३. | प्रदेश लोक सेवा आयोगको स्थापना दिवस मनाउने | १ | १५० | १ | १०० | १३७ | ९१.३३ |
| ४. | अन्तरप्रदेश लोक सेवा आयोगबीच सफल अभ्यास आदान प्रदान | ४ | ५०० | ४ | १०० | २६९.८६ | ५३.९७ |
| ५. | परीक्षा सञ्चालनमा खटिने जनशक्तिको अभिमुखीकरण | १ | २०० | १ | ००० | १७१.८९ | ८५.९४ |
| ६. | नियुक्ति, बढुवा, कारवाही एवम् राय परामर्शको कार्यान्वयनको अवस्था साथै कानून निर्माण रिक्त पदको माग सङ्कलन एवम् पदपूर्तिको अवस्थाको अनुगमन गर्न | १० | १००० | ५ | ५० | ९४.८५ | ९.४८५ |
| ७. | वार्षिक प्रतिवेदन प्रकाशन | १ | ५०० | १ | १०० | ४१६.७९ | ८३.३५८ |
| ८. | प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड,२०७६ बमोजिम परीक्षा संचालनसँग सम्बन्धित सम्पूर्ण खर्चहरू | १ | ४२२९६ | १ | १०० | ४२०८४.६ | ९९.५० |
| ९. | Online Recruitment System को मर्मत सम्भार तथा स्तरोन्नती | १ | ५०० | १ | १०० | ४९०.४ | ५४.४८ |

## वार्षिक राजस्व सङ्कलनको विवरण अनुमान (रु.हजारमा)

| क्र.सं. | शिर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | परीक्षा शुल्क(१४२२४) | नतोकिएको | ३२७२०.२३ | - | - |
| २ | बेरुजु असुली(१५१११) | नतोकिएको | - | - | - |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क(१४२२९) | नतोकिएको | ३ | - | - |
| | | जम्मा | ३२७२३.२३ | | |

**विकास आयोजना तथा कार्यक्रमहरूबाट सिर्जित रोजगारीको विवरण**

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १. | प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड,२०७६ बमोजिम परीक्षा सञ्चालनसँग सम्बन्धित सम्पूर्ण खर्चहरू | आ.व.२०८१।०८२ मा कुल जना उम्मेदवारहरूले विभिन्न पदका लागि दरखास्त पेस गर्ने अवसर प्राप्त गरेका छन्। | आ.व.२०८१।०८२ मा कुल ६५३ (मुल उम्मेदवार र वैकल्पिक उम्मेदवार गरी) जना उम्मेदवारहरू प्रदेश तथा स्थानीय तहमा नियुक्तिका लागि सिफारिस गरिएको छ। |

**बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको)**

यस आयोगको नाममा हालसम्म नियमित गर्नुपर्ने बेरुजु रकम रु. १२,०२,४०८/- रहेको छ। महालेखा परीक्षकको कार्यालयमा सो बेरुजुको प्रमाणहरू सङ्कलन गरी पठाइसकेको अवस्था छ भने असुल उपर गर्नुपर्ने बेरुजु रु. २,८३,९२० गरी जम्मा कुल बेरुजु १४,८६,३२८ रहेको छ।

(रु. हजारमा)

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०८०/८१ सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | - | - | १२०२.४०८ |
| २ | असुल उपर गर्नुपर्ने | - | - | २८३.९२० |
| ३ | पेश्की | - | - | - |
| | कुल जम्मा | - | - | १४८६.३२८ |

## ३.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### महत्वपूर्ण उपलब्धिहरू

- प्रदेश निजामती सेवा ऐन, २०८० मा संशोधन तथा स्थानीय निजामती सेवा ऐन,२०८१ तथा नियमावली,२०८१ जारी गरिएको।
- अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोग गर्नेसम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गरी पूर्व राष्ट्रसेवकको रोष्टर तयार गरिएको।
- प्रदेश सरकार,मन्त्रिपरिषद् सदस्यको आचरण र व्यवहारको आधारभूत मानक निर्धारण गर्न आचारसंहिता, २०८१ जारी गरी लागू गरिएको।
- सेवाग्राहीमैत्री सेवा प्रवाह, गुनासो व्यवस्थापन, सूचनाको हक कार्यान्वयन, विकास प्रशासनलाई प्रभावकारी बनाउने लगायतका विषय समावेश गरी प्रदेश मन्त्रालय/निकायका लागि १४ बुँदे निर्देशन जारी गरी सो कार्यान्वयनको नियमित अनुगमन भइरहेको।
- प्रदेशको संगठन संरचना र जनशक्तिको विश्लेषण सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी अध्ययन प्रतिवेदन पेस भएको।
- प्रदेशको विकास र सम्वृद्धिका लागि कर्णाली, गण्डकी र सुदुरपश्चिम प्रदेश सरकारबीच मुख्यमन्त्रीस्तरीय बैठकबाट तय गरिएका साझा प्रतिवद्धतालाई आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम एवम् चालु बजेटमा समेटिएको।
- प्रदेश सरकारका कामकारवाहीलाई अझ बढी प्रभावकारी, पारदर्शी एवम् जवाफदेही बनाउन सञ्चार माध्यम मार्फत् सरकारका उपलब्धि सार्वजनिक गर्नुका साथै पृष्ठपोषण लिई सुधार गर्दै जाने पद्धति शुरुवात गरिएको,
- मापनयोग्य सूचक सहितको व्यवस्थापन परीक्षण निर्देशिकाको (मस्यौदा) तयार गरिएको,
- प्रमुख सचिवज्यूको नेतृत्वमा प्रदेश मन्त्रालयको सहजीकरणका साथै जिल्लास्थित कार्यालयबाट भएको सेवाप्रवाह, विकास व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायतका विषयमा ४ वटा जिल्लामा अन्तर-सम्वाद/अन्तरक्रिया गरिएको,
- नागरिकले सहज रुपमा गुनासो, सुझाव तथा पृष्ठपोषणका लागि गुनासो पेटिकाका साथै QR Code सहितका विद्युतीय माध्यमको प्रयोग सबै निकायमा अनिवार्य गरिएको।

## वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १८४ | प्रदेश सुशासन केन्द्रलाई जनशक्ति प्रशिक्षण एवम् अनुसन्धान तथा विकास गर्ने सेन्टर अफ एक्सिलेन्स संस्थाको रुपमा विकास गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। प्रदेश तथा स्थानीय तहमा कार्यरत निर्वाचित प्रतिनिधि तथा कर्मचारीको क्षमता विकास योजना बनाई प्रशिक्षण तथा क्षमता विकासका क्रियाकलापको सञ्चालन गरिनेछ। केन्द्रको प्रशासनिक भवन तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्य अघि बढाइनेछ। | प्रदेश सुशासन केन्द्रलाई आवश्यक स्रोत साधन र जनशक्ती उपलब्ध गराइएको। |
| १८५ | प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य अभिवृद्धि गर्न प्रदेश समन्वय परिषद्को भूमिकालाई थप प्रभावकारी बनाइनेछ। लुम्बिनी प्रदेश सरकारको नीति निर्माण, समन्वय, सहकार्य र साझा सवालका सम्बन्धमा मुख्यमन्त्री-स्थानीय तह प्रमुख (सिएम-मेयर डायलग) सञ्चालन गरिनेछ। | प्रदेश समन्वय परिषद्को सातौं बैठक सम्म भएका निर्णयको कार्यान्वयन भैरहेको साथै राष्ट्रिय समन्वय परिषद्सँग समेत आवश्यक समन्वय भैरहेको। |
| १८६ | राष्ट्रसेवक कर्मचारीको क्षमता विकास गर्न विषयगत क्षेत्रका तालिम कार्यक्रम सञ्चालन गरिनेछ। कर्मचारीलाई आध्यात्मिकता, योग, ध्यान आदिको अभिमुखीकरणद्वारा आत्मानुशासन र सकारात्मक सोचको विकास गर्दै सेवा प्रवाहमा सुधार गरिनेछ। कर्मचारीलाई प्रोत्साहन गर्न कर्मचारी सन्तती शैक्षिक वृत्ति, बीमा लगायतका सुविधा मिलाइनेछ। प्रदेश राजधानीमा निजामती कर्मचारीको उपचारका लागि भालुवाङ अस्पतालमा छुट्टै सिफ्ट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। | प्रदेश सुशासन केन्द्र मार्फत प्रदेश तथा स्थानीय तहका राष्ट्रसेवक कर्मचारीका लागि क्षमता विकास तथा सेवाकालीन तालिम सञ्चालन गरिएको। |
| १८७ | प्रदेश तथा स्थानीय तहका स्थायी कर्मचारीको अवकाशपछिको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष सम्बन्धमा अध्ययन गरी आवश्यक कानुनी प्रवन्ध गरिनेछ। स्वीकृत स्थायी दरबन्दीभित्र करार सेवामा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा समावेश गर्ने नीति लिइनेछ। प्रदेश राजधानी देउखुरीमा कामकाज गर्ने गरी खटिएका कर्मचारीलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाईनेछ। | प्रदेश सरकारको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीको विवरण माग गरिएको। |
| १८८ | बेरुजु न्यूनीकरण र फछ्यौंट कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।बेरुजु फछ्यौंटमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीको पहिचान गरी पुरस्कृत | १.आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | गरिनेछ। पूँजीगत खर्चको परिमाण, गुणस्तर र प्रभावकारीतामा तथा बेरुजु न्यूनीकरण र फछ्यौंटमा गरेको योगदान समेतको आधारमा कार्य सम्पादन मूल्याङ्कन हुने व्यवस्था मिलाइनेछ। वित्तीय सुशासन कायम गर्दै बेरुजु आउनै नदिने परिपाटीको विकास गर्न प्रदेशको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिनेछ। | २.मन्त्रालयगत वित्तीय सुशासन जोखिम मूलयाङ्कन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी विवरण प्रविष्टि भैरहेको। |
| १९० | स्थानीय सेवा सञ्चालन सम्बन्धी कानुन तयार गरी स्थानीय तहमा रहेको जनशक्तिको नियुक्ति, सरुवा र वृत्ति विकासको अवसर खुलाईनेछ। स्थानीय तहमा विद्यमान कर्मचारी अभावको अन्त्य गरिनेछ। | स्थानीय निजामती सेवा ऐन, २०८१ तथा नियमावली, २०८१ कार्यान्वयनमा ल्याइएको |
| १९१ | भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै शासकीय प्रणालीमा आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण र सुशासन एवम् सदाचार संस्कृतिको प्रवर्द्धनमा विशेष जोड दिइनेछ। सम्भाव्य जोखिम क्षेत्रको पहिचान गरी भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायसहितको पाँच वर्षे रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ। | "सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच बर्षे रणनीतिक कार्ययोजना (२०८१/०८२ देखि २०८५/०८६" तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको। |
| १९२ | प्रदेश सरकारबाट नागरिकलाई प्रदान गर्ने सेवालाई सूचना प्रविधिको उपयोग मार्फत् भरपर्दो, स्तरीय पहँचयोग्य बनाइनेछ।प्रदेश अन्तर्गतका कार्यालयमध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट कार्यलाई छनोट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।कार्यसम्पादनलाई दण्ड र पुरस्कारसँग आवद्ध गरी कार्यसम्पादनमा अब्बल कर्मचारीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ। | |
| १९३ | सूचना प्रणालीको सुधार, असल अभ्यास, अनुभव आदानप्रदान, वित्तीय जोखिम मुल्याङ्कन, लैङ्गिक समता र सामाजिक समावेशीकरण लगायतका प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् शासकीय सुधार तथा सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।स्थानीय सम्भावना र आवश्यकताका क्षेत्रमा स्थानीय तहबाट प्रस्तावित उत्पादन, रोजगारी र स्वरोजगार सम्बन्धी परियोजना मार्फत् नवप्रवर्तन र सिर्जनशील कार्यलाई प्रोत्साहित गर्दै स्थानीय तहसँगको साझेदारीमा सञ्चालित "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम" लाई आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ। | १.मन्त्रालयगत वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी विवरण प्रविष्टि भैरहेको।<br>२.मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा स्वीकृत भएका परियोजनाहरूको भुक्तानी गरिएको।<br>३.**PLGSP** बाट **GESI** सम्बन्धित अभिमुखीकरण कार्यक्रम सम्पन्न तथा मन्त्रालय तथा कार्यालयहरूमा **GESI Focal Person** तोकिएको<br>४. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा स्वीकृत भएका ११ वटा |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | पालिकालाई सम्झौता बमोजिम रकम भुक्तानी गरिएको। |
| १९६ | सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन संगठनको कार्यबोझ, कार्यप्रकृति, वृत्ति विकास पथको सुनिश्चितता र पदसोपानको अनुपात समेतका आधारमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय र निकायको संगठन संरचना पुनरावलोकन गरी चुस्त बनाइनेछ। | सेवा निवृत्त सचिवको संयोजकत्वमा गठित कार्यदलले लुम्बिनी प्रदेश सरकारको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन मु.म.तथा म.प. कार्यालयमा प्राप्त भएको। |
| १९७ | प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सिटरोल, सम्पत्ति विवरण लगायत अन्य वैयक्तिक अभिलेखलाई व्यवस्थित गर्न राष्ट्रिय किताबखानासँग समन्वय गरी प्रदेश किताबखानाको स्थापना गरी सञ्चालनमा ल्याइनेछ। | प्रदेश किताबखानाको स्थापना भई सञ्चालनको प्रारम्भिक कार्य गरिएको |

## वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६४ | प्रदेश राजधानी रहेको राप्ति उपत्यका (देउखुरी) क्षेत्रमा प्रदेश सरकार मातहतका निकायमा कार्यरत कर्मचारीलाई कार्यसम्पादनमा उत्प्रेरित गराउन निश्चित कार्यविधि र मापदण्डका आधारमा आगामी आर्थिक वर्षदेखि लागू हुने गरी प्रोत्साहन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु र यस कार्यवाट कर्मचारीको मनोबल उच्च भई राप्ती उपत्यका भित्रका विभिन्न निकायहरूमा आवश्यक जनशक्ति पूर्ति हुने अपेक्षा गरेको छु। | कार्यक्रम कार्यान्वयन नभएको |
| १६५ | राप्ती उपत्यका (देउखुरी) मा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको आवागमनमा सहजताका लागि कर्मचारीको सघन बसोबास रहेको रूटमा प्रत्येक शुक्रवार जाने र आइतवार विहान फर्किने गरि निःशुल्क बस सेवा उपलब्ध हुने व्यवस्था मिलाएको छु। | कार्यक्रम कार्यान्वयन नभएको |
| १६६ | राष्ट्रसेवक कर्मचारीहरूका बालबच्चाहरूको कार्यालय समयमा हेरचाह गर्दै सेवा प्रवाहमा सहजता ल्याउनका लागि प्रदेश राजधानी परिसरमा शिशु स्याहार केन्द्र सञ्चालनको आवश्यक व्यवस्था मिलाएको छु। | कार्यक्रम कार्यान्वयन नभएको |
| १६७ | प्रदेश तथा स्थानीय तहका स्थायी कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक कानुनी | निवृत्तीभरण तथा उपदान कोष सञ्चालनमा कुनै कानुनी प्रवन्ध नभएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | प्रवन्ध गरिनेछ। प्रदेशमा कार्यरत कर्मचारीलाई दिंदै आएको आन्तरिक पर्यटन काजलाई निरन्तरता दिएको छ। | आन्तरिक पर्यटन काजलाई निरन्तरता दिइएको |
| १६९ | स्थानीय सेवा सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा प्रदेश सभामा पेस भइसकेको अवस्था विद्यमान रहेकोले उक्त विधेयक प्रदेश सभाबाट पारित भए पश्चात स्थानीय तहमा रहेको जनशक्तिको नियुक्ति, सरुवा र वृत्ति विकासको अवसरलाई व्यवस्थित गरिनेछ। | स्थानीय निजामती सेवा ऐन, २०८१ तथा नियमावली, २०८१ पारित भई कार्यान्वयनमा गरिएको। |
| १७० | भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै शासकीय प्रणालीमा आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण र सुशासन एवम् सदाचार संस्कृतिको प्रवर्द्धनमा विशेष जोड दिइनेछ। सम्भाव्य जोखिम क्षेत्रको पहिचान गरी भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक र प्रवर्द्धनात्मक उपायसहितको पाँच वर्षे रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ। | "सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच बर्षे रणनीतिक कार्ययोजना (२०८१/०८२ देखि २०८५/०८६ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको। |
| १७१ | प्रदेश सुशासन केन्द्रलाई कर्मचारी तथा पदाधिकारीको क्षमता विकास र अनुसन्धानको लागि सेण्टर अफ एक्सिलेन्सको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाएको छ। | प्रदेश सुशासन केन्द्रलाई आवश्यक साधन स्रोत र जनशक्ति उपलब्ध गराईएको |
| १७२ | स्थानीय तहबाट प्रस्तावित उत्पादन, रोजगारी र स्वरोजगार सम्बन्धी परियोजना मार्फत नवप्रवर्तन र सिर्जनशील कार्यलाई प्रोत्साहित गर्दै स्थानीय तहसँगको साझेदारीमा सञ्चालित **"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम"** लाई आवश्यक परिमार्जन सहित निरन्तरता दिएको छ। उल्लिखित कार्यक्रमका लागि रु ९ करोड विनियोजन गरेको छ। | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा स्वीकृत भएका ११ वटा पालिकालाई सम्झौता बमोजिम रकम भुक्तानी गरिएको। |
| १७३ | प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) र सम्पत्ति विवरणको अभिलेख व्यवस्थित गरिनेछ। | PIS शाखावाट वैयक्तिक विवरण अभिलेख व्यवस्थापन भइरहेको |
| १७४ | सेवा निवृत पूर्व कर्मचारी वा विषय विज्ञको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्न आवश्यक रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ। | अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गरी रोष्टर तयार गर्न सूचना प्रकाशित गरिएको |

# विनियोजित बजेट तथा वित्तीय प्रगति

## कार्यालयको नियमित तर्फ (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ६०६७०५ | २३५२०८ | ३८.७७ |
| २ | पुँजीगत | ३९२०० | ८७२६ | २२.२६ |
| | जम्मा | ६४५९०५ | २४३९३४ | ३७.७७ |

**PLGSP तर्फ** (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ९०६४० | ८९७०.६६२५ | ९.८९ |
| २ | पुँजीगत | ६०० | ६९७.००४ | ९९.५ |
| | जम्मा | ९१२४० | ९६६७.६६६५ | ५४.६९ |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मन्त्रिपरिषद बैठक व्यवस्थापन तथा निर्णय कार्यान्वयन | | १५०० | १७८४.२३८ | | | |
| २ | प्रदेश समन्वय परिषद्को बैठक (अन्तर सरकारी तहगत समन्वय र सहकार्य) | | ३०० | ० | | | बैठक नभएको |
| ३ | सचिव बैठक सञ्चालन, निर्णय कार्यान्वयन र सुपरीवेक्षण | | ३०० | ३७.०२२ | | | |
| ४ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम | | २३०३२.८८१ | १२२.५१३ | | | |
| ५ | संगठन तथा व्यवस्थापन सर्वेक्षण (सेवा प्रवाह, सुशासन तथा भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार) | | १००० | ७२१.८८९ | | | |
| ६ | कर्मचारी वैयक्तिक अभिलेख प्रणाली व्यवस्थापन | | १५०० | ११८४.३३९ | | | |
| ७ | कर्मचारीको क्षमता विकास कार्यक्रम (ड्राइभिङ, भाषा, वार्ता सीप, कम्प्युटर र अन्य) | | १००० | ३४८.४०० | | | |
| ८ | जनशक्ति व्यवस्थापन तथा प्रोत्साहन | | १२०० | ० | | | |
| ९ | आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम | | ११०० | ९००.०० | | | |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १० | प्रदेशबाट सञ्चालित आयोजना/कार्यक्रमको सूचकमा आधारित अनुगमन | | ६०० | ० | | | कार्यक्रम सञ्चालन नभएको |
| ११ | व्यवस्थापन परीक्षण | | ५००० | २७०.४८५ | | | |
| १२ | मानव संशाधन विकास नीति तर्जुमा | | ५०० | ४९१.५५० | | | |
| १३ | सूचकमा आधारित सेवाग्राही सन्तुष्टी सर्वेक्षण | | १००० | ९६१.४०४ | | | |
| १४ | अन्तरप्रदेश समन्वय तथा सिकाई आदानप्रदान | | १६०० | ९६९.६८८ | | | |
| १५ | प्रशासनिक तथा विकास सम्बद्ध समन्वय, सहजीकरण र सुपरीवेक्षण (कम्तिमा २ पटक) | | ७०० | ३७८.१२० | | | |
| १६ | विभिन्न ऐन/कानून/नियमावली/कार्यविधि तर्जुमा | | ५०० | ३४३.७१९ | | | |
| १७ | प्रकाशन तथा वृत्तचित्र निर्माण | | १००० | ७१८.८१७ | | | |
| १८ | कार्य सञ्चालन कार्यविधि (SOP) तर्जुमा | | ५०० | १२५.४७० | | | |
| १९ | प्रदेशस्तरमा सार्वजनिक सेवाको विषयगत न्यूनतम मापदण्ड निर्धारण | | ५०० | ० | | | |
| २० | लुम्बिनी प्रदेश सुशासन प्रवर्द्धन कार्यक्रम र भ्रष्टाचार न्यूनीकरण सम्बन्धी रणनीतिक योजना तयारी कार्यान्वयन तथा अन्तर्किया | | ५०० | ४६५.२३२ | | | |
| २१ | संघ, प्रदेश र स्थानीय तहका अवकाशप्राप्त कर्मचारी/विषयविज्ञको ज्ञान सीप र अनुभवको सदुपयोग रणनीति निर्माण तथा कार्यान्वयन | | २०० | ४४.७७५ | | | |
| २२ | प्रदेश र स्थानीय तहका पदाधिकारीबीचको अन्तरक्रिया | | ५०० | ० | | | |
| २३ | मुख्यमन्त्रीसँग सञ्चारकर्मी कार्यक्रम सञ्चालन | | २५०० | १७४४.१२ | | | |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २४ | न्यायिक समितिको क्षमता विकास कार्यक्रम | | १००० | ० | | | |
| २५ | मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण र प्रतिवेदन | | ८०० | ३३७.६९१ | | | |
| २६ | प्रवक्ता एवम् सूचना अधिकारीको लागि अभिमुखीकरण | | ५००० | ११४.०७४ | | | |
| २७ | गाउँ/नगरसभाका महिला सदस्यको क्षमता विकास | | ५०० | ३०९.७१० | | | |
| २८ | स्थानीय तहको कानून निर्माण तथा सभा सञ्चालन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | | १००० | ३६५.५०५ | | | |
| २९ | योगदानमा आधारित निवृत्तिभरण कोषको कार्यान्वयन संरचना निर्माण लगायत | | २०० | ० | | | |
| ३० | पुस्तक खरिद तथा पुस्तकालय व्यवस्थापन | | ३०० | १५९.१५४ | | | |
| ३१ | दिवस, समारोह तथा अन्य कार्यक्रम | | ३०० | ९५.०५२ | | | |
| ३२ | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | | ५०० | ४९६.७१४ | | | |
| ३३ | वार्षिक नीति तथा कार्यक्रम, प्रतिवेदन र अन्य प्रकाशन | | १००० | ७२७.२३० | | | |

## संकलित राजस्वको विवरण

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम *(रु. हजारमा)* | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४३१२ | | १७५८९.०० | |
| २ | १५१११ | | २४५१०.०० | |

### बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) रु हजारमा

| क्र.सं. | बेरूजु किसिम | २०८१/८२ सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | १५३०.३४९ | | |
| २ | असुल उपर गर्नु पर्ने | - | - | - |
| ३ | पेश्की | - | - | - |
| | कूल जम्मा | १५३०.३४९ | | |

## ३.३.१ मुख्य न्यायाधिवक्ताको कार्यालय

### महत्वपूर्ण उपलब्धिहरू

- यस आर्थिक वर्षमा दायित्व सरी आएका एवम् नयाँ दर्ता गरी कुल १९३ मुद्दामा ८७ मुद्दाहरू फछ्यौंट भएका छन् भने ५६ मुद्दामा सफलता प्राप्त भएको छ।
- समुदायमा कानुनी शिक्षा तथा सचेतना मार्फत समुदायका झन्डै १,००० जना व्यक्तीहरूमा कानूनी ज्ञान प्रचारप्रसार भइ कानूनी सचेतना वृद्धी गरिएको छ।
- रुकुम पूर्व जिल्लाका स्थानीय जनप्रतिनिधि एवम् न्यायिक समितिका पदाधिकारीहरू बीचमा न्यायिक क्षमता अभिवृद्धी सम्बन्धी तालिम संचालन गरिएको, जसले स्थानीय न्यायिक प्रकियामा सहयोग पुराएको छ।
- लिखित जवाफ, कानूनी राय तथा रिटका सिद्धान्त सम्बन्धी तालिम मार्फत् प्रदेश सभा तथा प्रदेश सरकार वा सरकार अन्तर्गतका निकायहरूलाई कानूनी रुपमा सक्षम बनाइ वहस पैरवी र प्रतिरक्षाका लागि आवश्यक पर्ने प्रमाणहरूको उपलब्धता र व्यवस्थापन गर्ने कार्यलाइ अगाडि बढाइएको।
- लुम्बिनी प्रदेशको कानून निर्माण र कार्यान्वयनमा रहेका समस्या तथा चुनौती र समाधानका उपाय विषयक कार्यक्रम मार्फत् प्रदेश कानून निर्माण तथा कार्यान्वयनमा रहेका चुनौतीहरूको पहिचाहन गरी समाधानका उपायसहितको प्रतिवेदन तयार गरी सभामुख तथा मुख्यमन्त्री समक्ष पेस गरिएको।
- प्रदेश अन्तर्गतका जिल्लाहरूमा रहेका कारागार एवम् हिरासतहरूको अनुगमन गरी कैदी तथा थुनुवाहरूको मानव अधिकार रक्षाका लागि आवश्यक निर्देशन गरिएको।
- मुख्य न्यायाधिवक्ता कार्यालयको कार्य सम्पादनलाई प्रभावकारी बनाउन अन्तर प्रदेश भ्रमण तथा अनुभव आदान प्रदान गर्ने कार्यहरू सम्पन्न गरिएको।

**विनियोजित बजेट तथा वित्तीय प्रगति** **(रकम रु.हजारमा)**

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १४८१०।- | ११९७२।- | ८०.८४ |
| २ | पुँजीगत | ३,००।- | २६८।- | ८९.४९ |
| | जम्मा | १५,११०।- | १२२४१।- | ८१.०१ |

## ३.३.२ प्रदेश पूर्वाधार विकास प्राधिकरण

**महत्वपूर्ण उपलब्धिहरू**

- प्रदेश गौरवका आयोजनाको रुपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताल निर्माणको कार्य लाई तिब्र गतिमा अगाडि बढाई २६ प्रतिशत भौतिक प्रगति भएको,
- प्रदेश राजधानी निर्माणका लागि गरिने जग्गा एकीकरण आयोजनाका लागि निरन्तर जनता संग छलफल गरि २ वटा उप- आयोजनाको ५१% भन्दा बढी जनता बाट सहमति प्राप्त गरि उप-आयोजना स्वीकृतिका लागि प्रदेश सरकार( मन्त्रिपरिषद्) मा पठाईएको।

**वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १८१ | लुम्बिनी प्रादेशिक अस्पताल निर्माण | निर्माणसम्झौता सम्पन्न भै कार्ययोजना अनुसार मुख्य भवन को दुई तहको **Basement** सम्पन्न र क्यान्सर भवनको १ तहको **Basement** निर्माण कार्य सम्पन्न |
| ३ | जग्गा एकीकरण कार्य | १४ वटा प्याकेज मध्ये २ वटा प्याकेजको सहमति प्राप्त गरि आयोजना स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस भएको। |

**वार्षिक बजेट वक्तव्यको प्रगति विवरण**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७८ | लुम्बिनी प्रादेशिक अस्पताल निर्माण | निर्माणसम्झौता सम्पन्न भै कार्ययोजना अनुसार मुख्य भवन को दुई तहको **Basement** सम्पन्न र क्यान्सर भवनको १ तहको **Basement** निर्माण कार्य सम्पन्न |
| १७९ | जग्गा एकीकरण कार्य | १४ वटा प्याकेज मध्ये २ वटा प्याकेजको सहमति प्राप्त गरि आयोजना स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस भएको। |

**विनियोजित बजेट तथा वित्तीय प्रगति(रु. हजारमा)**

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ४६०००.०० | १६०००.०० | ३४.७८ |
| २ | पुँजीगत | १९९४०००.०० | १८४४३७२.१७ | ९२.४९ |
| जम्मा | | २०४००००.०० | १८६०३७२. १७ | ९१.१९ |

स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | सःशर्त चालु अनुदान | १ | ४६०००.०० | १६०००००. | ३४ ७८. | |
| २ | सःशर्त पुँजीगत अनुदान | १ | १२४०००.०० | २५११७५७. | २०२५. | २३३५. |
| ३ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | १ | १८०००००.०० | १७८३७११ ३२. | ९९०९. | १०० |
| ४ | श्री मा.वि. मौरिघाटको भौतिक पूर्वाधार निर्माण | १ | ४००००.०० | ३५५४३२८०. | ८८ ८५. | १०० |
| ५ | उजिरसिंह रंगशाला निर्माण | १ | ३०००० | ० | ० | १० |

## ३.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

**महत्वपूर्ण उपलब्धिहरूः**

- ❖ माननीय मन्त्रीज्यूको संयोजकत्वमा गठित राजस्व सुधार सुझाव कार्यदलको प्रतिवेदन बमोजिमका सुझावलाई प्रदेश आर्थिक ऐन, २०८२ तथा प्रदेश विनियोजन ऐन,२०८२ बमोजिम कार्यान्वयनमा ल्याइएको,
- ❖ यातायात कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्यटन डिभिजन कार्यालय, मालपोत कार्यालय, डिभिजन वन कार्यालय लगायतसँग राजस्व अभिवृद्धिका सम्बन्धमा छलफल/अन्तरक्रिया गरिएको,
- ❖ स्थानीय तहसँग राजस्वका विषयमा छलफल/अन्तरक्रिया गरी कानून बमोजिम बाँडफाँट भई आउनुपर्ने राजस्व बाँडफाँटको रकम समयमा प्रासिका सम्बन्धमा सम्पर्क, समन्वय, अनुगमन गरिएको,
- ❖ वन क्षेत्रको आयलाई प्रदेशको मूल आयको रुपमा स्थापित गर्न समयानुकुल करका दरमा पुनरावलोकन गरिएको,
- ❖ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०८१ जारी भएको,
- ❖ प्रदेश सामयिक कर असुली ऐन,२०८२ जारी भएको,
- ❖ समपूरक अनुदान व्यवस्थापन कार्यविधि २०८१ संशोधन गरी कार्यान्वयनमा ल्याइएको,
- ❖ प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ संशोधन गरी सोही बमोजिम स्रोत सहमती दिइएको,
- ❖ सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ का व्यवस्थालाई कडाइका साथ पालना गर्न आन्तरिक लेखा परीक्षणमार्फत अनुगमनलाई प्रभावकारी बनाइएको,
- ❖ आर्थिक वर्ष २०८०/८१ मा भुक्तानी दिन बाँकी भई प्रचलित कानून बमोजिम सृजित दायित्व फरफारक गरिएको।

**नीति तथा कार्यक्रमको २०८२ असार मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | नीति | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७० | सार्वजनिक खर्चमा मितव्ययिता अपनाई अनुत्पादक खर्च कटौती गरिनेछ। चालु खर्चमा निश्चित सीमा कायम राखी पूँजीगत खर्च बढाउने नीति लिईनेछ। तयारी पुरा भएका, कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनालाई सम्पन्न गर्ने गरी स्रोत परिचालन गरिनेछ। | • बजेट कार्यान्वयन मार्गदर्शन, २०८१ तयार गरी कार्यान्वयन ल्याइएको।<br>• प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ बमोजिम प्रदेश सञ्चित कोषको अवस्था अनुसार मितव्यायिता अपनाइएको।<br>• सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ कार्यान्वयनमा ल्याइएको। |

| बुँदा नं. | नीति | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | • सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच बर्षे रणनीतिक कार्ययोजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनका लागि मन्त्रालयगत कार्ययोजना तयार गरिएको।<br>• आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाइएको।<br>• बहुवर्षीय आयोजनाको ठेक्का स्रोत सम्बन्धी मापदण्ड २०८१ लाई समयानुकूल बनाउदै कार्यान्वयनमा ल्याइएको। |
| १७१ | संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन तथा खर्चमा हुने दोहोरोपनालाई नियन्त्रण गर्न सुचना प्रविधिमा आधारित प्रणाली निर्माण गरिनेछ। तहगत सरकारको क्षेत्राधिकार र परिमार्जित कार्यविस्तृतीकरण प्रतिवेदन अनुरुप आयोजना बैङ्कको माध्यमबाट लाभ-लागतका आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ। | • अन्तरसरकारी वित्त हस्तान्तरण प्रणाली निर्माणका लागि सुचना तथा सञ्चार प्रविधि प्रतिष्ठानसँग समन्वय र सहजीकरण भइरहेको।<br>• प्रदेश आयोजना बैङ्क निर्माण सम्बन्धी कार्य प्रदेश योजना आयोगबाट भइरहेको। |
| १७२ | संविधान प्रदत्त राजस्वका तहगत अधिकार (एकल तथा साझा) कार्यान्वयनमा देखिएका द्विविधालाई कानुनी सुधार तथा संस्थागत क्षमता र सहजीकरण गरी राजस्व अभिवृद्धि गरिनेछ। राजस्वको नयाँ क्षेत्र पहिचान गर्ने तथा भइरहेको स्रोतबाट गुणात्मक राजस्व परिचालन हुने प्रबन्ध गरिनेछ। नियमित आम्दानी हुने उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ। | • माननीय मन्त्रीज्यूको संयोजकत्वमा गठित राजस्व सुधार सुझाव कार्यदलको प्रतिवेदन बमोजिमका सुझावलाई प्रदेश आर्थिक ऐन, २०८२ तथा प्रदेश विनियोजन ऐन,२०८२ मा समेटि कार्यान्वयनमा ल्याइएको,<br>• साझा अधिकारको करका विषयमा सबै स्थानीय तहसँग राजस्वका विषयमा छलफलअन्तरक्रिया गरिएको/<br>• वन क्षेत्रको आयलाई प्रदेशको मूल आयको रुपमा स्थापित गर्न समयानुकुल करका दरमा पुनरावलोकन गरिएको,<br>• गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशसँग अन्तर प्रदेश समन्वय बैठक गरिएको,<br>• करका दरमा अन्तर प्रदेश सामञ्जस्यता कायम गर्न प्रदेश आर्थिक ऐन, २०८२ मा विशेष प्रावधान राखिएको। |
| १७३ | प्रदेशको राजस्व परिचालन तथा सङ्कलन कार्य र भुक्तानी प्रणालीलाई छिटो, छरितो र झन्झटरहित बनाउनको लागि डिजिटल तथा बैङ्किङ भुक्तानी प्रणालीलाई विशेष जोड दिइनेछ। प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेको कृषि फार्म, कृषक समूह, कृषि सहकारी र संस्थाबाट कर असुली भई सङ्घीय कोषमा दाखिला भइरहेकोमा सो कर प्रदेश सरकारलाई प्राप्त हुने गरी आवश्यक व्यवस्था मिलाउन संघीय सरकारसँग समन्वय गरिनेछ। | • विद्युतीय भुक्तानी प्रणाली (ई.एफ.टी.) लाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याइएको।<br>• कृषि आयमा लाग्ने करका सम्बन्धमा एकीकृत कृषि पशुपन्छी केन्द्र, कृषि ज्ञान केन्द्रसँग आवश्यक छलफल अन्तरक्रिया गरिएको। |

| बुँदा नं. | नीति | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १७४ | संघ सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने समानीकरण अनुदान र राजस्वको बाँडफाँटको सीमाका आधारमा प्रदेश सरकारको बजेट आकार तय हुने तर अनुमान अनुरुप समानीकरण अनुदान र राजस्व प्राप्ति कम हुँदा प्रदेश संचित कोषमा दबाब सिर्जना भईरहेको अवस्थामा समानीकरण अनुदान र राजस्व अनुमानलाई वस्तुगत तथा यथार्थपरक बनाइनेछ। | • संघबाट प्राप्त भएको अनुदान/बाँडफाँट रकम/रोयल्टी लाई आधारमानी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गरिएको।<br>• संघबाट प्राप्त हुने अनुदान/बाँडफाँट रकम/रोयल्टीका सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयसँग नियमित समन्वय गरिएको।<br>• प्रदेश सञ्चितकोषको नियमित अनुगमन गरी समानीकरण अनुदान र राजस्व अनुमानलाई यथार्थपरक बनाइएको। |

## बजेट वक्तव्यको २०८१/८२ को प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तब्य | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २५ | बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन आगामी आर्थिक वर्षबाट साउन मसान्तभित्र कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी सो कार्ययोजनाको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग सम्बन्धित मन्त्रालय लगायतका निकायबाट नियमित रुपमा अनुगमन गरिनेछ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले पुस मसान्तसम्म आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था मिलाइनेछ। | • प्रदेश विनियोजन ऐन, २०८१ अनुरुप नै वार्षिक कार्यक्रम कार्ययोजनामा समयमै स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।<br>• स्वीकृत कार्यक्रम कार्ययोजना प्रभावकारी बनाउन समयावधि भित्र नै कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण गरिएको।<br>• विषयगत मन्त्रालयबाट प्राप्त कार्यविधि, निर्देशिका र मापदण्ड उपर सहमति प्रदान गरिएको। |
| २६ | वित्तीय अनुशासन कायम गर्न स्रोत व्यवस्थापनमा देखिएका समस्या समाधान गरी सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरिनेछ। | • बहुवर्षीय आयोजनामा मात्र रकमान्तर गर्ने विषयलाई प्राथमिकता दिइएको।<br>• बेरुजू फछ्यौंट कार्यलाई उच्च प्राथमिकता साथ अगाडि बढाइएको।<br>• आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाइएको।<br>• सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा तोकिएका मापदण्डलाई अक्षरशः पालनामा जोड दिएको। |
| २८ | स्रोतमा परेको चापलाई दृष्टिगत गरी प्रदेश सरकारको स्रोतबाट सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सरकारी वा सार्वजनिक निकायमा रहेका सभाहल वा तालिम केन्द्रमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ। | • प्रदेश सरकारको स्रोतबाट सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रम सम्भव भए सम्म सरकारी वा सार्वजनिक निकायमा रहेका सभाहल वा तालिम केन्द्रमा सञ्चालन गरी मितव्ययिता कायम गरिएको। |

| बुँदा नं. | बजेट वक्तब्य | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १८५ | प्रदेशको एकल तथा साझा अधिकार क्षेत्र भित्र रहेका राजस्वको दायरा विस्तार गर्ने सम्बन्धमा नियमित रुपमा अध्ययन अनुसन्धान गरी परामर्श उपलब्ध गराउने कार्यशर्त सहित प्रदेश राजस्व परामर्श समितिलाई सक्रिय बनाइनेछ। | • माननीय मन्त्रीज्यूको संयोजकत्वमा गठित राजस्व सुधार सुझाव कार्यदलको प्रतिवेदन बमोजिमका सुझावलाई प्रदेश आर्थिक ऐन, २०८२ तथा प्रदेश विनियोजन ऐन,२०८२ मा समेटी कार्यान्वयनमा ल्याइएको, |
| १८६ | आन्तरिक राजस्व परिचालनलाई अभिवृद्धि गर्न विद्यमान करका दरहरूमा पुनरावलोकन गर्नुका साथै नयाँ क्षेत्र विस्तार गरीएको छ। | • प्रदेश आर्थिक ऐन, २०८२ मार्फत आन्तरिक राजस्व परिचालनलाई अभिवृद्धि गर्न विद्यमान करका दरहरूमा पुनरावलोकन एवम् राजस्वका नयाँ क्षेत्र पहिचान गरिएको। |
| १८७ | घर जग्गाको कारोबारबाट प्राप्त हुनुपर्ने वास्तविक राजस्वको सुनिश्चितताका लागि यथार्थपरक मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिनेछ। | • प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची १ मा घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरलाई वास्तविक र यथार्थपरक बनाउन मुल्याङ्कन समितिमा प्रदेश तहको प्रतिनिधित्व हुने व्यवस्था मिलाइएको। |
| १८८ | प्रदेश सरकारबाट विभिन्न व्यक्ति, समूह, संस्था लगायतलाई नगद अनुदान उपलब्ध गराउँदा निश्चित सिमा सम्मको अनुदानमा छुट दिई सो भन्दा बढीमा न्यून दरमा सेवा शुल्क लगाई असुल गर्ने व्यवस्था। | • प्रदेश आर्थिक ऐन, २०८२ मा व्यवस्था गरी आन्तरिक लेखा परीक्षण गर्दा अनुगमन गर्ने व्यवस्था मिलाइएको। |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय*

## प्रगति विवरण (रु हजारमा)

| खर्च शीर्षक | बजेट | खर्च | प्रगति % |
|---|---|---|---|
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १६,०० | ५,१६ | ३२.३ |
| आर्थिक गतिविधि सम्बन्धमा सञ्चार कर्मी सवलीकरण कार्यक्रम | ६,०० | ० | ० |
| प्रदेश सरकारको राजस्व र अन्य श्रोत सम्बन्धी गोष्ठी, छलफल र परामर्श | १०,०० | ५,१६ | ५१.७ |
| कार्यक्रम खर्च | ५१,०० | ३०,९४ | ६०.७ |
| अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदन प्रदान कार्यक्रम | २,०० | १,६१ | ८०.९ |
| वार्षिक, अर्धवार्षिक र अन्य प्रगति प्रतिवेदन तयारी र प्रकाशन | १०,०० | ९,२१ | ९२.१ |
| आर्थिक सर्वेक्षण प्रकाशन कार्यक्रम | ४,०० | ३,९९ | ९९.९ |
| बजेट सम्बन्धी अन्तरक्रिया तथा छलफल | ६,०० | ३,८३ | ६३.९ |
| योजना कार्यान्वयन/राजस्व र अनुदानको अनुगमन (स्थानीय तह र प्रदेश कार्यालय) | ४,०० | १,२६ | ३१.५ |
| बजेट राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम (स्थानीय तहहरूसँगको) | ६,०० | ५,३१ | ८८.६ |
| मन्त्रालयले गरेका समष्टिगत आर्थिक गतिविधि सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम | १०,०० | ० | ० |
| बजेट तर्जुमा / MTEF तर्जुमा / PLMBIS तालिम | ९,०० | ५,७० | ६३.४ |

## ३.५ उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

### महत्वपुर्ण उपलब्धिहरू

- ❖ लुम्बिनी प्रदेशको औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१ जारी भएको, लुम्बिनी प्रज्ञा प्रतिष्ठान विधेयक मन्त्रिपरिषदमा पेस भएको।
- ❖ लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पुर्वमा सहुलियत पसल संचालन गरिएकोमा आ.व २०८१/८२ मा ५१० घर परिवारका २,५५० जना लाभान्वित भएका।
- ❖ लुम्बिनी प्रदेशका अभौतिक साँस्कृतिक सम्पदाहरूको संग्रह पुस्तक प्रकाशन भएको।
- ❖ घुम्न जाँउ बर्दिया कार्यक्रम- २०८१ सञ्चालन गरिएको साथै संघ र ७ वटै प्रदेशको उपस्थितिमा **उदीयमान लुम्बिनीः संस्कृति र प्रकृति** विषयक पर्यटन नीति संवाद कार्यक्रम बर्दिया जिल्लामा सम्पन्न गरिएको।
- ❖ बुद्धको ज्ञानलाई शासकीय आयामहरूमा उपयोग गर्न लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलन सम्पन्न गरिएको।
- ❖ रूकुम पूर्वको रूकुम कोटलाई हिमालय पर्यटन हबको रुपमा विकास गर्ने कार्यको शुभारम्भ गरी रूकुमका प्रमुख पर्यटकीय गन्तव्यहरूसँग ट्राभल रूट मार्फत आवद्ध गरिएको।
- ❖ शालिग्राम महोत्सव, पाणिनी महोत्सव तथा अन्य धार्मिक तथा पर्यटकीय मेला महोत्सवहरू सञ्चालन गरिएको।
- ❖ नेपाल सरकारको सहयोगमा दाङ, बाँके, बर्दियामा थारू सांस्कृतिक ग्रामका पूर्वाधारहरू निर्माण गरिएको।
- ❖ नाथमसँगको सहकार्यमा ३० जना लोकल टुर गाईड र १२० जनालाई साना तथा मझौला होटल व्यवस्थापन तालिम प्रदान गरिएको।
- ❖ दाङ जिल्लामा अन्तर प्रदेश थारू सांस्कृतिक सम्मेलन तथा महोत्सव सम्पन्न।
- ❖ बिघुतीय प्रणालीबाट राजस्व सङ्कलन गर्ने कार्यको सुरुवात (घरेलु तथा साना उद्योग कार्यालय, कपिलबस्तु, दाङ र यातायात सेवा कार्यालय भालुवाङ र परासी)।
- ❖ बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित वनाउन लुम्बिनी प्रदेशका १६ वटा आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्र मार्फत् सूचनामा पहुँच, न्यायमा पहुँच, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श सेवा अन्तर्गत करिव १,५८,००० जनालाई लाई सेवा प्रदान गरिएको।

- आप्रवासी श्रमिक संजालका जिल्ला तथा प्रदेश स्तरीय समितिका मुख्य पदाधिकारीहरूलाई क्षमता विकास कार्यक्रम लगायतका सीप विकास र क्षमता विकासका कार्यक्रमहरू सम्पन्न भएका।

**वार्षिक नीति तथा कार्यक्रमको प्रगति**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | **श्रम तथा यातायात तर्फ** | |
| ३८. | रोजगारी क्षेत्रको पहिचान, श्रम सम्बन्ध, सामाजिक सुरक्षा, श्रमशक्ति आपूर्ति व्यवस्थापन लगायतका विषय समेटी श्रम तथा रोजगार नीति तर्जुमा गरिनेछ। असंगठित क्षेत्रमा क्रियाशील श्रमिकलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराइनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र पूँजीको उपयोगका लागि लगानीको वातावरण निर्माण र आवश्यक प्रविधि उपलब्ध गराई प्रोत्साहन गरिनेछ। रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि स्थानीय तहको सहकार्यमा तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गरिनेछ। | • विषयगत समितिको बैठक सम्पन्न गरी सुझाव सङ्कलन गरिएको,<br>• घरेलु तथा साना उद्योग कार्यालयमार्फत् असंगठित क्षेत्रका श्रमिकहरूको तथ्याङ्क सङ्कलन भइरहेको,<br>• वैदेशिक रोजगारीबाट फर्केका युवाहरूमा भएको सीप परीक्षण कार्यलाई निरन्तरता दिइएको। |
| ३९. | वैदेशिक रोजगार सम्बन्धी आवश्यक सूचना, सीपयुक्त तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श, न्यायमा पहुँच लगायतका कार्यक्रमसहित प्रदेशका नौ वटा जिल्लामा सञ्चालन हुँदै आएको सुरक्षित आप्रवासन कार्यक्रमलाई संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा थप तीन जिल्लामा विस्तार गरी आगामी आर्थिक वर्षदेखि प्रदेशभर लागू गरिनेछ। | • उक्त कार्यको लागि बजेट विनियोजन गरी कार्यक्रम विस्तार भएको। |
| ६२ | सडक यातायात सेवालाई सुरक्षित, भरपर्दो, सरल एवम् सुलभ बनाउन कानुनी, नीतिगत तथा संस्थागत सुधार गरिनेछ। सवारी साधनको दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र, रुट इजाजत, पटके सवारी कर र अन्य सेवालाई पूर्णरुपमा विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। ट्रायल सेन्टर निर्माण एवम् निर्माण भएका ट्रायल सेन्टरको स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ। | • पाल्पा, दाङ र नेपालगंजको ट्रायल सेन्टर मर्मत एवम् सुधार गरिएको,<br>• EVRS प्रणालीको प्रयोगको व्यवस्थापनमा जोड दिइएको,<br>• VRS System सुधारको लागि यातायात विभागसँग समन्वय गरिएको,<br>• EDLRS प्रणाली सबै लाइसेन्स कार्यालयमा प्रयोग भएको। |
| | **पर्यटन तथा संस्कृतितर्फ** | |
| ४३. | प्राचीन स्मारक तथा पुरातात्विक/सांस्कृतिक सम्पदा एवम् पर्यटकीय स्थलको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण गरी स्थानीय तह समेतको समन्वय र सहकार्यमा पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। पर्या-पर्यटन प्रवर्द्धनका लागि पर्यटनसँग वन कार्यक्रम सञ्चालन गरिनेछ। | • लुम्बिनी प्रदेशका अभौतिक सांस्कृतिक सम्पदाहरू मध्ये ३० वटा फरक-फरक विधाका सम्पदाहरूको अभिलेखीकरण गरी पुस्तक प्रकाशन गरिएको,<br>• उदीयमान लुम्बिनीः संस्कृति र प्रकृति विषयक नीति संवाद कार्यक्रम बर्दियामा आयोजना गरिएको, |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
| --- | --- | --- |
| | | ● घुम्न जाउँ बर्दिया कार्यक्रम र विषयगत समितिको बैठक ठाकुरबाबामा समेत सम्पन्न भएको,<br>● पर्यटकीय पूर्वाधारहरू एवम् धार्मिक, सांस्कृतिक, प्राकृतिक स्थलहरूको संरक्षण, पुन:निर्माण, पदमार्ग तथा पहुँचमार्गको निर्माण समेत ५४१ वटा आयोजनाहरू सम्पन्न भएका। |
| ४४. | रोल्पा र रुकुम (पूर्वी भाग) का उच्च पहाडी तथा हिमाली क्षेत्रका मनोरम स्थललाई साहसिक एवम् साँस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ। रुपन्देहीको ऐतिहासिक जितगढी किल्लामा रहेको सुरुङको संरक्षण गर्दै जितगढी-नुवाकोट क्षेत्र एवम् कपिलवस्तुको ऐतिहासिक शिवगढीलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ। | ● २०८२/०२/०४ गते रुकुम पूर्वको रुकुमकोटलाई पर्यटकीय हवको रुपमा घोषणा गरिएको, रूकुमको समग्र पर्यटन प्रवर्द्धनका लागि घोषणा पत्र समेत जारी गरिएको,<br>● नेपाली सेनासँगको सहकार्यमा जितगढी सराय नाचको प्रवर्द्धन गरिएको,<br>● शिवगढी पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय पहुच मार्ग निर्माण गरिएको। |
| ४५. | सीमावर्ती छिमेकी मुलुक र आन्तरिक पर्यटकलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटनमैत्री वातावरण सिर्जना गरिनेछ। पर्यटकको आवागमनमा सहजता ल्याउन स्थानीय प्रशासनसँग समन्वय गरिनेछ। नवलपरासी (ब.सु.प.) को महलपोखरी, दाङ्ग देउखुरीको देवीकोट, अर्घाखाँचीको नरपानी, रोल्पाको रुण्टिगढी (होलेरी) र पाल्पाको ख्याहा क्षेत्रलाई हिल स्टेशनको रुपमा विकास गरिनेछ। | ● नवलपरासी (ब.सु.प.) को महलपोखरी, दाङ्ग देउखुरीको देवीकोट, अर्घाखाँचीको नरपानी, रोल्पाको रुण्टिगढी (होलेरी) र पाल्पाको ख्याहा हिलस्टेशन निर्माण कार्यान्वयनको क्रममा छन। |
| ४६. | लुम्बिनीलाई केन्द्रबिन्दु बनाई देवदह, तगौंली ताल, ककरपत्तानगर, बुद्ध मंगल ताल, रामग्राम स्तुपा, पण्डितपुर, अनोमाघाट, सैनामैना, सगरहवा, निग्लिहवा, कुदान र तिलौराकोट लगायतका स्थल समावेश गरी **"लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन कार्यक्रम"** तयार गरी संघीय सरकारको समन्वयमा अगाडि बढाईनेछ। कपिलवस्तुको तिलौराकोटदेखि लुम्बिनीसम्म मायादेवी पद मार्ग निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ। | ● लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनको कार्यक्रम तय गरी संघीय सरकारमा पेस गरिएको। |
| ४७. | लुम्बिनी प्रदेशको मौलिक अवस्था, संस्कृति र जलवायु अनुकूल स्थानीय आर्थिक प्रणालीको अध्ययन अनुसन्धान एवम् विकासका लागि **लुम्बिनी बौद्ध शिखर सम्मेलनको आयोजना** गरिनेछ। | ● लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा जेठ १६ र १७ आर्थिक बौद्ध शिखर सम्मेलन सम्पन्न भएको। |
| ४८. | **"लुम्बिनी-ढोरपाटन-दुनै-जुम्ला खलङ्गा-रारा-काँक्रिविहार-कोहलपुर-लुम्बिनी"** जोड्ने गरी बुद्ध पर्यटकीय पदमार्ग र देवघाट-रुरुधाम-मुक्तिनाथ-दामोदर कुण्ड समेटिएको धार्मिक मार्गको सम्भाव्यता अध्ययनका लागि अन्तरप्रदेश समन्वय गरिनेछ। | ● बुद्ध पर्यटकीय पदमार्ग कर्णाली प्रदेशसँग सहकार्य गरिएको। डिभिजन पर्यटन कार्यालयबाट गण्डकी परिक्रमा मार्ग सञ्चालन सम्बन्धी सरोकारवालाहरूसँगको |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी मार्गको रूपरेखा तयार भएको। |
| ४९. | पाल्पा दरबार संग्रहालयलाई ऐतिहासिक, धार्मिक र पुरातात्विक सामग्रीको व्यवस्था गर्दै प्रदेशकै नमूना संग्रहालयको रुपमा विकास गर्दै लगिनेछ। स्थानीय तहसँगको सहकार्यमा पाल्पाको रानी महललाई पर्यटकीय केन्द्रको रुपमा प्रवर्द्धन गरिनेछ। प्रदेश सरकारबाट निर्माण सम्पन्न भएका साँस्कृतिक डबली सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिनेछ। जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्र, गुफा, पाटन, लेक, तालतलैया, झरनाको संरक्षणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। | ● पाल्पा दरबार संग्रहालयलाई नमूना दरबारको रुपमा स्तरोन्नति गरी सञ्चालन गरिएको,<br>● नुवाकोट डबली हस्तान्तरणको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको छ। |
| ५०. | कालीगण्डकी र शालिग्रामको महिमा दर्शाउन रुरुक्षेत्रमा स्थानीय तहको सहकार्यमा शालिग्राम महोत्सव तथा पूर्वीय दर्शनका विज्ञको सन्त सम्मेलन आयोजना गरी रुरुक्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ। प्यूठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, अर्घाखाँचीको सुपा देउराली लगायत प्रदेशका महत्त्वपूर्ण धार्मिक स्थलको संरक्षण र पर्यटकीय प्रवर्द्धन गरिनेछ। | ● शालिग्राम र कालिगण्डकी नदीको महिमा प्रवर्द्धन गर्न रुरुक्षेत्रमा शालग्राम महोत्सव वैशाख २६ र २७ गते सम्पन भएको,<br>● पाणिनि तपोभूमिको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचार प्रसारको लागि पाणिनि सम्मेलन २०८१ चैत्र २७ र २८ गते सम्पन्न भएको। |
| ५१. | पुर्खाको अभ्यास र अनुभवबाट वैज्ञानिक जीवन पद्धतिको ज्ञानलाई जीवन्तता दिन संस्कृतिको पुस्तान्तरण (ब्याक टु कल्चर) र प्राकृतिक जीवनशैलीको सम्मान (ब्याक टु नेचर) सम्बन्धी सन्देश प्रसार हुने गरी प्रदेश भित्रका विभिन्न जातजातिको खाना, भेष-भूषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि सांस्कृतिक तथा पर्यटकीय मेला/महोत्सवको आयोजना गर्न सरोकारवालासँग सहकार्य गरिनेछ। | ● संस्कृतिको पुस्तान्तरण (ब्याक टु कल्चर) र प्राकृतिक जीवनशैलीको सम्मान (ब्याक टु नेचर) सम्बन्धी सन्देश प्रचार प्रसार हुने गरी पर्यटन विकास परिषद् मार्फत् प्रदेशभित्रका विभिन्न जिल्लाहरूमा संस्कृति र पर्यटकीय मेला महोत्सवमा सहयोग र सहकार्य भएको। |
| **उद्योग, बाणिज्य तथा आपूर्तितर्फको** | | |
| ३४. | उद्योग तथा वाणिज्य फर्म दर्ता, नवीकरण र खारेजीमा लाग्ने शुल्कलाई न्यूनतम बनाई प्रकृयालाई विद्युतीय प्रणालीमा आवद्ध गरी सरल एवम् सहज बनाउँदै प्रदेशभर दर्ता र नवीकरणलाई अभियानका रुपमा सञ्चालन गरिनेछ। | ● लघु, घरेलु तथा साना उद्योग दर्ता गर्दा ५०% छुट दिइएको, साथै नविकरण हुन नसकेका प्राइभेट फर्महरूलाई जरिवानामा ९५% छुट दिएपछि नविकरण हुने व्यवस्था मिलाइएको। |
| ३५. | रोल्पा र रुकुम (पूर्वी भाग) लाई अल्लो, कम्बल र स्लेट ढुङ्गा, प्यूठानलाई अल्लो, दाङलाई छालाजन्य बस्तु, हातेकागज र खुकुरी, गुल्मीलाई गुण, कफी र स्लेट ढुङ्गा, पाल्पालाई ढाका तथा करुवा, बर्दियालाई बेतबाँस, नवलपरासी (ब.सु.प.) लाई उखु, केरा र पटेरबाट निर्माण गरिने हस्तकलाका सामग्री उत्पादनको सघन क्षेत्रको रुपमा विकास गर्दै जाने र अन्य जिल्लामा पनि उत्पादन सम्भावनाका आधारमा क्षेत्र पहिचान | ● सीपमूलक तालिमको व्यवस्था गरिएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | गरी निजी क्षेत्र, सहकारी र स्थानीय तहसँगको सहकार्यमा सीप र प्रविधि उपलव्ध गराइने नीति लिईनेछ। | |
| ३६. | स्थानीय कच्चा पदार्थमा आधारित कागज उद्योगलाई सार्वजनिक तथा निजी साझेदारी मोडलमा स्थापना तथा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ। | ● नेपाली हाते कागज उद्योगलाई प्रविधि हस्तान्तरण कार्यक्रम व्यवस्था गरिएको। |
| ३७. | बजारमा खाद्य तथा गैह्रखाद्य वस्तुको उचित मूल्य, गुणस्तर एवम् सहज उपलब्धता हुन सक्ने गरी प्रदेशभित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी बनाउन सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका ईकाइसँग समन्वय गरिनेछ। बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ। | ● बजार अनुगमनलाई तिव्रता दिइएको। |
| ४०. | उद्यमी महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित समुहबाट भएका उत्पादनलाई बजार प्रवर्द्धन गरी जीविकोपार्जनमा सहयोग पुर्‍याउन उद्यमशीलता प्रवर्द्धन र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। बेरोजगार युवा लक्षित उद्यमशीलता सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम र सीप परीक्षण सहितको सीपमूलक तथा उद्यमशीलता विकास तालिम प्रदान गरी आवश्यकता बमोजिम प्रविधि समेत हस्तान्तरण गरिनेछ। विपन्न, महिला, दलित, मुक्त कमैया, कम्लरी तथा सीमान्तकृत वर्ग, जाति र समुदायमा उद्यमशीलता विकासमार्फत् स्वरोजगारीका अवसर सिर्जना गरिनेछ। | ● निर्देशनालय तथा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमार्फत् संघीय कार्यालय तथा स्थानीय तह समेतको सहभागिता र गैरसरकारी तथा निजी क्षेत्र समेतको समन्वयमा उद्योग, वाणिज्य फर्महरूको अनुगमन गरी बजारमा स्वस्थ खाद्य वस्तुको आपूर्तिको सम्बन्धमा नियमन गर्ने गरिएको।<br>● लक्षित वर्गलाई प्राथिमकतामा राखी उद्यमशीलता विकास सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको साथै सीप परीक्षण समेत गराइएको। |

## वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | **श्रम तथा यातायाततर्फ** | |
| ९९ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूले विदेशमा सिकेको ज्ञान सीपको स्वदेशमै उपयोग गर्ने गरी सीप परीक्षणको व्यवस्था गर्नुका साथै युवालाई उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत सीप परीक्षण सहितको स्तरोन्नती तालिम तथा प्रविधि हस्तान्तरण समेतको व्यवस्था गरेको छु। | ● उद्यमशीलता विकास सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको साथै सीप परीक्षण समेत गराइएको। |
| १०० | वैदेशिक रोजगार सम्बन्धी सूचना, सीपयुक्त तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र न्यायमा पहुँच जस्ता कार्यक्रमहरू सहित नौ जिल्लामा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा रुकुम (पूर्वी भाग), बर्दिया र प्यूठान जिल्लामा थप गरी प्रदेशभर सञ्चालन गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु। | ● सूचना प्रवाहः १,७२,६८७ जना<br>● वित्तीय साक्षरता कक्षा : १,२५७ जना सहभागी<br>● न्यायमा पहुँच : ६५१ (२७ करोड ४९ लाख ०३ हजार १८३ क्षतिपूर्ति) |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १३४. | नवीनतम् प्रविधिको प्रयोग एवम् यातायात कार्यालयको संस्थागत सुधार सहित यातायात सेवाको सेवा प्रबाहलाई सरल, सुलभ र सुविधाजन्य बनाइनेछ। | ● सवारी चालक अनुमतिपत्र बुटवल लगायतका कार्यालयमा Token प्रणाली लागू,<br>● सवारी चालक अनुमतिपत्रको परीक्षा प्रणालीमा सुधार गरिएको,<br>● सेवाग्राहीको सहजतालाई मध्यनजर गर्दै नवलपरासी, कोहलपुरमा थप सेवा विस्तार गरिएको। |
| १३५. | सवारी दुर्घटना न्यूनिकरण गर्न "चालक सचेतना कार्यक्रम" र विद्यार्थी लक्षित "दुर्घटना न्यूनीकरणका ट्राफिक शिक्षार्थीसँग" जस्ता कार्यक्रमलाई निरन्तरता दिई आवश्यक रकम विनियोजन गरेको छु।" | ● उल्लिखित कार्यक्रमबाट ६ जिल्लाका ६ विद्यालयका करिव २००० विद्यार्थी लाभान्वित भएका। |
| | **पर्यटन तथा संस्कृतितिर्फ** | |
| ८७. | रोल्पाको रुण्टिगढी (होलेरी), पाल्पाको ख्याहा, दाङ्ग देउखुरीको देवीकोट, अर्घाखाँचीको नरपानी र नवलपरासी (ब.सु.प.) को महलपोखरी क्षेत्रलाई पर्यटन प्रवर्द्धन गर्न हिल स्टेशनको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन गरेको छु। | ● पर्यटकीय पूर्वाधारहरू एवम् धार्मिक, सांस्कृतिक, प्राकृतिक स्थलहरूको संरक्षण, पुन:निर्माण, पदमार्ग तथा पहुँचमार्गको निर्माण समेत ५४१ वटा आयोजनाहरू सम्पन्न भएका। |
| ८८. | प्रदेश भित्रका महत्वपूर्ण धार्मिक सम्पदाहरूको विद्युतीय अभिलेख राख्न तथा संघीय सरकारको सहकार्यमा सांस्कृतिक मेला महोत्सव, चाडपर्व लगायतका अभौतिक सम्पदाहरूको अभिलेखीकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु। | ● लुम्बिनी प्रदेशका अभौतिक सांस्कृतिक सम्पदाहरू मध्ये ३० वटा फरक-फरक विधाका सम्पदाहरूको अभिलेखीकरण गरी पुस्तक प्रकाशन गरिएको। |
| ८९. | **"घुम्न जाऔं बर्दिया"** कार्यक्रम सञ्चालन तथा बर्दियाको ठाकुरद्वारालाई सांस्कृतिक र पर्या-पर्यटन केन्द्रको रुपमा विकास गर्न रकम विनियोजन गरेको छु। | ● घुम्न जाउँ बर्दिया कार्यक्रम सहित बर्दिया राष्ट्रिय निकुञ्ज बर्दियाको ठाकुरबाबामा २०८१ माघ ३ र ४ गते विषयगत समितिको बैठक समेत सम्पन्न भएको। |
| ९०. | स्थानीय तहसमेतको समन्वय र सहकार्यमा प्राचीन स्मारक तथा पुरातात्त्विक एवम् साँस्कृतिक सम्पदा, पर्यटकीय स्थलको संरक्षण, प्रवर्द्धन र अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न रकम व्यवस्था गरेको छु। प्यूठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, अर्घाखाँचीको सुपा देउराली, दाङ्गको पाण्डवेश्वर र बर्फानी बाबाधाम लगायतका प्रदेशका महत्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ। | ● पर्यटकीय पूर्वाधारहरू एवम् धार्मिक, सांस्कृतिक, प्राकृतिक स्थलहरूको संरक्षण, पुन:निर्माण, पदमार्ग तथा पहुँचमार्गको निर्माण समेत ५४१ वटा आयोजनाहरू सम्पन्न भएका। |
| ९१. | पर्या-पर्यटन प्रवर्द्धनका लागि **"पर्यटनसँग वन कार्यक्रम"** सञ्चालन गर्ने गरी रकमको व्यवस्था गरेको छु। | ● पर्यटकीय पूर्वाधारहरू एवम् धार्मिक, सांस्कृतिक, प्राकृतिक स्थलहरूको संरक्षण, पुन:निर्माण, पदमार्ग तथा पहुँचमार्गको निर्माण समेत ५४१ वटा आयोजनाहरू सम्पन्न भएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ९२. | **"लुम्बिनी-ढोरपाटन-दुनै-जुम्ला खलङ्गा-रारा-काँक्रेविहार-कोहलपुर-लुम्बिनी"** जोड्ने गरी पर्यटकीय मार्ग बुद्ध परिपथ र त्रिवेणी-देवघाट-रुरुधाम-मुक्तिनाथ-दामोदरकुण्ड समेटिएको धार्मिक मार्गको लागि अन्तरप्रदेश समन्वय गरी सम्भाव्यता अध्ययनको कार्य अघि बढाइनेछ। | ● बुद्ध पर्यटकीय पदमार्ग कर्णाली प्रदेशसँग सहकार्य गरिएको,<br>● परिक्रमा मार्ग सञ्चालन सम्बन्धी सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी मार्गको रूपरेखा तयार भएको। |
| ९३. | कालीगण्डकी नदीको शालिग्रामको महिमा दर्शाउन रुरुक्षेत्रमा स्थानीय तहको सहकार्यमा शालिग्राम महोत्सव तथा पूर्वीय दर्शनका विज्ञको सन्त सम्मेलन आयोजना गरी रुरुक्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्न आवश्यक रकम विनियोजन गरेको छ। | ● शालिग्राम र कालिगण्डकी नदीको महिमा प्रवर्द्धन गर्न रुरुक्षेत्रमा शालिग्राम महोत्सव २०८२ वैशाख २६ र २७ गते सम्पन भएको। |
| ९४. | पुर्खाको अभ्यास र अनुभवबाट सिर्जित वैदिक जीवन पर्द्धतीको ज्ञानलाई जीवन्तता दिन संस्कृतिको पुस्तान्तरण (व्याक टु कल्चर) र प्राकृतिक जीवनशैलीको सम्मान (व्याक टु नेचर) सम्बन्धी सन्देश प्रवाह हुने गरी प्रदेश भित्रका विभिन्न जातजातीको खाना, भेषभुषा तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि सांस्कृतिक तथा पर्यटकीय मेला महोत्सव आयोजनाका लागि आवश्यक रकम विनियोजन गरेको छ। | ● पाणिनि तपोभूमिको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचार प्रसारको लागि पाणिनि सम्मेलन २०८१ चैत्र २७ र २८ गते सम्पन्न भएको। |
| ९५. | विश्वलाई शान्तिको महशुस गराउन भगवान बुद्धले निर्वाणको समयमा भन्नु भएको **"जीवनकालमा लुम्बिनीमा कम्तिमा एक पटक पाइला टेक"** भन्ने भनाइ सहित लुम्बिनी बौद्ध आर्थिक शिखर सम्मेलनको आयोजना गरिनेछ। | ● लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा २०८२ जेठ १६ र १७ गते आर्थिक बौद्ध शिखर सम्मेलन सम्पन्न भएको। |
| ९६. | बुद्धको जीवनसँग सम्बन्धित रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्ला लक्षित बुद्धको जीवनदर्शन र ज्ञानलाई कार्यस्थलमा रुपान्तरण हुने गरी लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। | ● लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनको कार्यक्रम तय गरी संघीय सरकारमा पेस गरिएको। |
| ९७. | मौलिक संस्कृति र रैथाने खाना प्रवर्द्धन तथा प्राकृतिक दृश्यावलोकनलाई लक्षित गरी घरबास (होमस्टे) सबलीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ। | ● होमस्टे व्यवस्थापन तालिम, प्रदेशभरिका होमस्टेको Database तयार गरिएको,<br>● प्रदेशस्तरीय होमस्टे सम्मेलन, प्रदेश होमस्टे महासंघसँग मिलेर रैथाने खाना महोत्सवमा सहयोग। |
| ९८. | दाङ्ग, पाल्पाको नुवाकोट र श्रीनगर लगायतका स्थानमा निर्माणाधीन अवस्थामा रहेका साँस्कृतिक डबलीहरूकको निर्माण सम्पन्न गरिनेछ र निर्माण सम्पन्न भएका साँस्कृतिक डबलीहरूलाई स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छ। | ● पाल्पा दरबार संग्रहालयलाई नमूना दरबारको रुपमा स्तरोन्नति गरी सञ्चालन गरिएको छ। नुवाकोट डबली हस्तान्तरणको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको छ। |
| **उद्योग, बाणिज्य तथा आपूर्तितर्फ** | | |
| ८० | उद्योग तथा वाणिज्य फर्म दर्ता, नविकरण, खारेजी लगायतका बिषयलाई बिद्युतीय माध्यमवाट सम्पादन गर्न आवश्यक पर्ने विद्युतिय प्रणाली विकास गरिनेछ। *'उद्योग तथा वाणिज्य फर्म दर्ता तथा* | ● लघु, घरेलु तथा साना उद्योग दर्ता गर्दा ५०% छुट दिइएको साथै नविकरण हुन नसकेका प्राइभेट |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | ***नविकरण वर्ष"*** अभियानलाई सफल बनाउन वार्षिक नविकरण हुन नसकेका त्यस्ता फर्महरूले नविकरण शुल्क र जरिवानाको पाँच प्रतिशत रकम बुझाएमा एक पटकका लागी नविकरण हुनसक्ने र नयाँ उद्योग तथा व्यवसायिक फर्महरू दर्तामा लाग्दै आएको शुल्कमा ५० प्रतिशत छुट हुने व्यवस्था गरेको छ। | फर्महरूलाई जरिवानामा ९५% छुट दिएपछि नविकरण हुने व्यवस्था मिलाइएको। |
| ८१ | बजारको माग अनुरुप तथा प्रदेशको जिल्लागत उत्पादन सम्भावनाका आधारमा स्लेट ढुङ्गा, अल्लो, कम्बल, हातेकागज, बेतबास, पटेर, गुड, कफि तथा छालाजन्य बस्तुहरूको उत्पादन तथा प्रशोधन गर्न सीप विकास तालिम तथा प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छ। | • नेपाली हाते कागज उद्योगलाई प्रविधि हस्तान्तरण कार्यक्रम व्यवस्था गरिएको। |
| ८२ | लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम सञ्चालन तथा विस्तारमा आवश्यक पुँजी परिचालनमा सहयोग पुर्याउन निजहरूले लिएको ऋणमा लाग्ने व्याज अनुदान दिने व्यवस्थालाई आगामी आ.व. मा पनि निरन्तरता दिएको छ। | • उद्यमीले लिएको ऋणमा लाग्ने व्याज अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको। |
| ८३ | बिजनेस इन्कुबेसन सेन्टरको स्थापना मार्फत् स्टार्टअप व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक रकम विनियोजन गरेको छ। | • नेपालञ्ज उपमहानगरपालिकामा बिजनेस इन्कुबेसन सेन्टरको स्थापना लागि सम्बन्धित स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिएको। |
| ८४ | विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा आकर्षण गर्न बैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई तीनै तहका सरकारसँगको साझेदारीमा सहभागीतामूलक उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रबन्ध गरेको छ। | • उद्यमशीलता विकास सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको साथै सीप परीक्षण समेत गराइएको। |
| ८५ | प्रदेश भित्रको आपुर्ति व्यवस्थालाई सहज बनाउन नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाएको छ। बजारमा हुने गैरखाद्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न खाद्य सुरक्षा स्वच्छता सम्बन्धी उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र प्रदेशको हिमाली जिल्ला (रुकुम पुर्व) मा सुपथ मुल्य पसललाई दिईदै आएको अनुदानलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छ। | • निर्देशनालय तथा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमार्फत् संघीय कार्यालय तथा स्थानीय तह समेतको सहभागिता र गैरसरकारी तथा निजी क्षेत्र समेतको समन्वयमा उद्योग, वाणिज्य फर्महरूको अनुगमन गरी बजारमा स्वस्थ्य खाद्य वस्तुको आपूर्तिको सम्बन्धमा नियमन गर्ने गरिएको,<br>• सीपमूलक तालिमको व्यवस्था गरिएको,<br>• रुकुम पूर्वमा संचालन भएका सुपथ मुल्य पसलबाट १००० घर परिवाका करिव १२,५०० लाभान्वित भएका। |
| ८६ | संघीय सरकारको समन्वयमा बर्दियाको राजापुरमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड पूर्ण रुपमा सञ्चालनको लागी आवश्यक प्रकिया अगाडि बढाईनेछ। | • छलफल भएको। |

## विनियोजित बजेट तथा वित्तीय प्रगति

(रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ६२४७९३ | ३३३८६७ | ५३.४४ |
| २ | पुँजीगत | ८१९९१० | ५४६०८२ | ६६.६० |
| | **जम्मा** | १४४४७०३ | ८७९९४९ | ६०.९१ |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र.सं. | कार्यक्रम | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वितीय प्रगति % | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय (चालु) | ४१७३१ | २६१९३ | ६२.७७ | |
| २ | उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय (पुँजीगत) | २५०० | ६९० | २७.६ | |
| ३ | भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम (चालु) | ४१५०० | २६४७७ | २१.६१ | |
| ४ | भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम (पुँजीगत) | ८४०७३६ | ५२२११३ | ६८.७४ | |
| ५ | वाणिज्य तथा आपुर्ति प्रवर्द्धन कार्यक्रम (चालु) | २५७६० | १९५९३ | ७२.५४ | |
| ६ | औधोगिक प्रवर्द्धन कार्यक्रम (चालु) | ८४७११ | ५४४१२ | ५९.७ | |
| ७ | औधोगिक प्रवर्द्धन कार्यक्रम (पुँजीगत) | १५०० | ० | ० | |
| ८ | श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम(चालु) | ३५४५० | २२६७४ | ५७.५५ | |
| ९ | सहकारी दर्ता अधिकारीको कार्यालय (चालु) | १४३१४ | ६४९० | ४५.३४ | |
| १० | सहकारी दर्ता अधिकारीको कार्यालय (पुँजीगत) | ५०० | ३३४ | ६६.८ | |
| ११ | सहकारी प्रशिक्षालय (चालु) | १४०३२ | १०९२१ | ७७.९७ | |
| १२ | सहकारी प्रशिक्षालय (पुँजीगत) | १५३६ | १४०२ | २३३.६७ | |
| १३ | सहकारी तथा गरिबी निवारण कार्यक्रम (चालु) | ४२५०० | १२१८८ | २८.६८ | |
| १४ | सहकारी तथा गरिबी निवारण कार्यक्रम (पुँजीगत) | २१३०० | १०३३८ | ४८.५४ | |
| १५ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १३१३१ | ९८७७ | ७३.७४ | |
| १६ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ६५० | ५७० | ८७.६९ | |
| १७ | घरेलु तथा साना उद्योग कार्यालयहरू (चालु) | ११३३३५ | ७३८०५ | ६५.३५ | |
| १८ | घरेलु तथा साना उद्योग कार्यालयहरू (पुँजीगत) | १८७५० | ९०८५ | ३०.७४ | |
| १९ | पर्यटन कार्यालयहरू (चालु) | ३०४४४ | १९७६४ | ६५.३५ | |
| २० | पर्यटन कार्यालयहरू (पुँजीगत) | २५०० | १३५२ | ५४.०८ | |
| २१ | पर्यटन विकास परिषद् (चालु) | ६३००० | ४४९०४ | ७१.२८ | |
| २२ | रोजगार प्रवर्द्धन कार्यक्रम(संघ सशर्त अनुदान) (चालु) | १२६०९ | ६५७० | ५२.११ | |
| २३ | रोजगार प्रवर्द्धन कार्यक्रम(संघ सशर्त अनुदान) (पुँजीगत) | ३१० | २०८ | ६७.१ | |
| | **जम्मा** | १४२२७९९ | ८७९९६० | ६१.८५ | |

**वार्षिक राजस्व संकलचन** (रकम रु.मा)

| क्र.स. | निकायको नाम | शिर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | १५१११ | | ३२८० | |
| | | १५११२ | | २,५५,४३,२४७ | |
| २ | घरेलु तथा साना उद्योग कार्यालय | | | १०,०१,८९,७९५ | |
| ३ | पर्यटन कार्यालयहरू | | | ९८,३३,५८५ | |
| | | ३३३४१ | | १९७८४३४६२५ | |
| | | १४२२९ | | २१८८५० | |
| | | १४२५६ | | २८१४५६६०० | |
| | | १४२२५ | | ३५६७१८८९३ | |
| | | १४२२५ | | २०८७१६७२० | |
| | | ११११ | | १०४१८३५२० | |
| | | १४३१२ | | ५८७०० | |
| | | १४४५४ | | ५४७१३५० | |
| | | १५१११ | | २४३५७३.७४ | |
| | | जम्मा | | २,९३,५५,०२,८३२ | |
| | | | कुल जम्मा | ३,०७,१०,७२,७३९ | |

**बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको)** रु हजारमा

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०८०/८१ सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | कूल जम्मा | १८०४०.९८०/- | ० | १८०४०.९८०/- |

**महत्वपूर्ण उपलब्धिहरू (परिमाणात्मक)**

**आयोजनाको संख्यात्मक विवरण**

| सि.न. | आ.व | मन्त्रालयगत आयोजना जम्मा संख्या | कार्यान्यवनको अवस्था | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण सम्पन्न | काम भइरहेको संख्या | काम नै नभएको संख्या |
| १ | २०८१/०८२ | ६२१ | ५४१ | ० | ८० |

पर्यटन पुर्वाधार तर्फ धार्मिक/ ऐतिहासिक/सांस्कृतिक/प्राकृतिक स्थलहरूको पुर्वाधार संरक्षण/पुनःनिर्माण/ पदमार्ग लगायतका ५४१ बटा आयोजना सम्पन्न।

## क्षेत्रगत प्रगतिको तथ्याङ्क विवरण

### सिप तथा व्यवसाय प्रवर्द्धन

| सि.नं. | विवरण | एकाई | २०८०/८१ | | २०८१/८२ | | २०७५ देखि हाल सम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तालिम | लाभान्वित | तालिम | लाभान्वित | तालिम | लाभान्वित |
| १ | व्यावसायिक तथा सिपमुलम तालिम प्रदान | वटा/जना | १५५ | ३३५० | १०५ | २१८९ | ९८९ | १७४७१ |
| २ | सिप परीक्षण प्रमाणपत्र सहित तालिम | वटा/जना | २७ | ४६५ | ११ | १९७ | ३८ | ६६२ |
| ३ | उपभोक्ता सचेतना | वटा/जना | १२३ | ७३८८ | १३० | ८७१६ | ४७६ | २७३३३ |
| ४ | ट्राफिक नियम तथा दुर्घटना न्यूनीकरण सचेतना | वटा/जना | ६ | १०२० | १० | २५०८ | १६ | ३५२८ |
| जम्मा | | | ३११ | १२२२३ | २५६ | १३६१० | १५१९ | ४८९९४ |

आ.व. २०८१/०८२ मा व्यावसायिक तथा सीपमूलक तालिम तथा सचेतना सम्बन्धी २५६ वटा कार्यक्रम संचालन भएकोमा १३,६१० जना लाभान्वित भएका।

### उद्योग तथा वाणिज्य फर्महरूको दर्ता, नविकरण तथा लगतकट्टा सम्वन्धि विवरण २०८१।८२

| सि.नं. | विवरण | दर्ता | नवीकरण | लगतकट्टा |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता | ३२६७ | ७७४७ | २६९० |
| २ | वाणिज्य फर्म दर्ता | ३७६३ | ८१६७ | २६३४ |
| जम्मा | | ७०३० | १५९१४ | ५३२४ |

## ३.५.१ पर्यटन विकास परिषद

**महत्वपूर्ण उपलब्धिहरू**

- ❖ लुम्बिनी प्रदेशमा रहेका ६३० गन्तव्यस्थलहरू स्थानीय तह सँगको समान्वयमा पहिचान गरिएको र पर्यटकीय सम्भावनाको आधारमा ती गन्तव्यस्थलहरू क्रमबद्ध गरिएका छन्,
- ❖ प्रदेशमा रहेका पर्यटकीय गन्तब्य बारे प्रचार सामग्रीहरू प्रकाशन तथा वितरण गरिएको,
- ❖ ७२ वटा संघ-संस्थाहरूलाई पर्यटन मेला, आदिवासी खाना, पर्व, सांस्कृतिक पर्व र अन्य पर्यटन मेला महोत्सव हरूमा सहयोग गरिएको छ,
- ❖ अन्तर्राष्ट्रिय पर्यटन दिवस तथा अन्य पर्वहरूको आयोजना गरिएको,
- ❖ घुम्न जाऔँ बर्दिया २०२५ अभियानको सुरुवात गरि विभिन्न कार्यक्रम संचालन गरिएको,
- ❖ भारत-नेपाल धार्मिक पर्यटन पुनर्जीवित गर्ने प्रयास गरिएकोः श्री सिद्द रतननाथ देखि देवीपाटन महायात्रा
- ❖ पाणिनी तपोभूमि सम्मेलन २०८१ सम्पन्न गरी पाणिनीको महत्व बारे प्रचार प्रसार गरि दस्तावेज तयार गरिएको,
- ❖ लुम्बिनीमा नेपाल-भारत सांस्कृतिक कार्यक्रम संचालन गरिएको,
- ❖ प्रदेश स्तरीय होमस्टे सम्मेलन र प्रचार गरिएको,
- ❖ वन्यजन्तु पर्यटनको सम्भावना, लुम्बिनी प्रदेशमा पर्यटन विकास विषयक कार्यशाला तथा सेमिनारहरू संचालन गरिएको,
- ❖ १५० जनालाई होटेल तथा अन्य पर्यटन सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिएको,
- ❖ लुम्बिनी, बेलहिया र नेपालगंजका पर्यटन सूचना केन्द्रहरू बाट कम्तिमा ३०,००० पर्यटकहरू लाई लुम्बिनी प्रदेशको गन्तब्यबारे सूचना उपलब्ध गराइएको।

**वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४३ | लुम्बिनी प्रदेश भित्रका होटल, रेष्टुरेन्ट, होमस्टे तथा अन्य पर्यटकीय व्यवसायहरूको तथ्याङ्क सङ्कलन | • तथ्याङ्क सङ्कलन गरिएको |
| | पर्यटकलाई लक्षित गरि १२ जिल्लाको प्रमुख पर्यटकीय तथा धार्मिक स्थलमा होडिङ्ग बोर्ड, डिजिटल बोर्ड तथा अन्य साइनेज | • दाङको तुलसीपुर, घोराही र भालुवाङमा होडिङ बोर्ड,<br>• रोल्पा जिल्लाको रक गार्डेन र सुनिलस्मृति गा.पामा होडिङ बोर्ड<br>• प्यूठान जिल्लाको सरुमारानि र जशपूर बजारमा होडिङ बोर्ड जडान,<br>• रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डिजिटल बोर्ड,<br>• पाल्पा जिल्लाको राम्दी, बतासे डाँडा लगायत अन्य ठाँउमा होडिङ बोर्ड,<br>• गुल्मी जिल्लाको रिडिमा होडिङ बोर्ड,<br>• अर्घाखाचि जिल्लाको अर्घादरबारमा डिजिटल बोर्ड जडान,<br>• बर्दिया जिल्लाको बाँसगढी , भुरिगाँउ र बाँके जिल्लाको कोहलपुर र अगैयामा होडिङ बोर्ड जडान,<br>• रुपन्दही जिल्लाका भैरहवा बेलहिय नाकामा डिजिटल बोर्ड जडान |
| ४३ | "घुम्न जाउ बर्दिया" विशेष प्रवर्द्धन कार्यक्रम | • ठाकुबाबा नगरपालिकासँगको सहकार्यमा ठाकुरबाबामा कार्यक्रम सम्पन्न गरिएको |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४९ | पाल्पा दरबार सङ्ग्रालयको कार्यालय व्यवस्थापन तथा सामग्री सहयोग | • पाल्पा दरबार सङ्ग्रालयमा अनलाइन यु पि एस जडान गरिएको |
| ५१ | विश्व पर्यटन दिवस | • दाङ जिल्लाको घोराहि उपमहानगरपालिकासँगको समन्वयमा घोराहीमा सेप्टेम्बर १७ तारिकका दिन सम्पन्न |
| ५१ | पर्यटन मेला-महोत्सव, रैथाने खाना महोत्सव, थारु मगर नेवार गुरुङ खस र अन्य जातिको कला तथा अन्य पर्यटन संस्कृति महोत्सव, सालिग्राम महोत्सव, रेसुङ्गा धार्मिक सम्मेल आदि। | • मेला महोत्सवमा आर्थिक सहयोग गरिएको |
| ५१ | पाणिनी तपोभूमी सम्मेलन | • पाणिनी गाँउपालिकासँगको सहकार्यमा पाणिनी तपोभूमी सम्मेलन, २०८१ सम्पन्न गरिएको |

## वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८९ | घुम्न जाऔं बर्दिया | |
| ९० | थारु साँस्कृतिक सामग्री वितरण | दाङ र रुपन्देहीका थारु जातिका समूहलाई उनीहरूको संस्कृति संरक्षणका लागि पोशाक, गरगहना र बाजाहरू हस्तान्तरण गरिएको |
| ९० | पर्यटकीय सूचना बोर्ड जडान | रुपन्देही, पाल्पा, गुल्मी, रोल्पा, प्यूठान, दाङ, बाँके र बर्दियामा पर्यटकीय सूचना बोर्डहरूको जडान गरिएको। |

## विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ४५००० | ३०८३९.४ | ६८.५३ |
| २ | पुँजीगत | १८००० | १४०६४.७ | ७८.१४ |
| | जम्मा | ६३००० | ४४९०४.१ | ७१.२८ |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | बजेट | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | विश्व पर्यटन दिवस (दाङ) | १ | ११०० | १०५० | ९५.४५ | १०० |
| २ | मेला महोत्सव.... | १ | ५००० | ४८०० | ९६ | १०० |
| ३ | पाणिनी तपोभुमी सम्मेलन | १ | १००० | १००० | १०० | १०० |
| ४ | घुम्न जाऔं बर्दिया अभियान | १ | ८०० | ८०० | १०० | १०० |
| ५ | भैरव नाचको वृत्तचित्र निर्माण | १ | ५०० | ५०० | १०० | १०० |
| ६ | पर्यटन प्रवर्द्धनका लागि हेरिटेज साईकल टुर पाल्पा | १ | २०० | २०० | १०० | १०० |
| ७ | अन्तर प्रदेश थारु सांस्कृतिक सम्मेलन तथा महोत्सव दाङ | १ | १००० | १००० | १०० | १०० |
| ८ | बडघर महत्व भलमनशाह सम्मेलन दाङ | १ | ५०० | ५०० | १०० | १०० |
| ९ | लोकल टुर गाईड तालिम | १ | १५०० | १२०० | ८० | १०० |
| १० | साना तथा मझौला होटल व्यवस्थापन तालिम | ३ | २००० | १८०० | ९० | १०० |
| ११ | पर्यटकीय सवारी चालकको लागि अभिमुखीकरण कार्यक्रम | २ | ५०० | ४०० | ८० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | बजेट | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १२ | लुम्बिनी प्रदेश भित्रको पर्यटन व्यवसाय होमस्टे आदिको नक्सङ्कन गरी डाटावेस तयार गर्ने | १ | ५०० | ५०० | १०० | १०० |
| १३ | प्रगति प्रतिवेदन तयारी | १ | ५०० | १०० | २० | १०० |
| १४ | थारु संग्राहलय बर्दिया राजापुर वार्ड २ को DPR तयारी | १ | ५०० | ५०० | १०० | १०० |
| १५ | भौतिक तथा अभौतिक थारु साँस्कृतिक सम्पदाको अन्तरप्रदेश अध्ययन | १ | ३०० | ३०० | १०० | १०० |
| १६ | लुम्बिनी प्रदेशको साँस्कृतिक सम्पदाको अध्ययन | १ | ४०० | ४०० | १०० | १०० |
| १७ | पाल्पा दरबार संग्राहलयमा सामग्री सहयोग | १ | १००० | १००० | १०० | १०० |
| १८ | थारु संस्कृतिको संरक्षण तथा सामग्री सहयोग | २ | ६०० | ६०० | १०० | १०० |
| १९ | पर्यटकीय सूचना बोर्ड जडान | २३ | ११९०० | १०१०० | ८४.८७ | ९८ |
| २० | शशस्त्र प्रहरी बल साँस्कृतिक सामग्री सहयोग | १ | ५०० | ४६० | ९२ | १०० |
| २१ | पर्यटन सूचना केन्द्र बेलहिया मर्मत | १ | ५०० | ४३५ | ८७ | १०० |

## वार्षिक राजस्व सङ्कलन (रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | मेला महोत्सव बाट मनोरंजन कर स्थानीय तहको बिभाज्य खातामा जम्मा भएको | | ५,००००० | |
| २ | विविध | | २८००० | |

## बेरुजु सम्बन्धी विवरण

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०८०/८१ सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | छैन | | |
| २ | असुल उपर गर्नु पर्ने | छैन | | |
| ३ | पेश्की | छैन | | |
| | कूल जम्मा | | | |

## ३.६ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

### महत्वपूर्ण उपलब्धिहरू

**सिंचाइ एवम् नदी नियन्त्रण तर्फः**

- ५६ वटा सिंचाइ मुहान/बाँधहरूको निर्माण,
- १६१ कि.मी. पक्की नहरको निर्माण,
- ३३ वटा सिंचाइ पोखरीको निर्माण,
- ५ वटा लिफ्ट सिंचाइ योजनाको निर्माण,
- ६० वटा डिप ट्यूववेल सिंचाइ योजनाको निर्माण,
- २७८ वटा स्यालो ट्यूववेल निर्माण,
- ५२ वटा पावर ड्रिल स्यालो ट्यूववेलको निर्माण,
- २५ कि.मी. नदी नियन्त्रण कार्य,
- २३५३ हे सिंचित क्षेत्र विस्तार,
- ८१०७ हे सिंचित क्षेत्र सुदृढिकरण,
- ९५ हे जमिन तटबन्धबाट उकास।

**ऊर्जा विकास तर्फः**

- ट्रान्सफर्मर खरिद ४ थान,
- PSC पोल जडान १२५ थान, Steel Tubular Pole जडान २८८ थान
- विद्युतीकरण HT Line ८० कि.मी.,
- विद्युतीकरण LT Line १४५ कि.मी.,
- सुधारिएको चुलो जडान १३०० थान,
- सोलर व्याकअप सिस्टमको जडान (संस्थागत) २५ थान,
- इन्टिग्रेटेड सौर्य सडक बत्ति ७० थान,
- इन्टिग्रेटेड विद्युतीय सडक बत्ति जडान २४ थान,
- अनअफ/ग्रिड सडक बत्ति जडान ५१५ थान,
- हाइमाष्ट लाइटिङ जडान २३ थान,
- संस्थागत वायोग्याँस प्लान्ट निर्माण १ थान, घरेलु वायोग्याँस प्लान्ट निर्माण ५० थान।

### वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६३ | **"कृषिको आधारः सिँचाइमा सुधार"** भन्ने मूल नारा अनुसार कृषि पकेट क्षेत्रमा परम्परागत सतह, भूमिगत तथा आधुनिक सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गरिनेछ। | सतह, भूमीगत तथा लिफ्ट प्रविधिमा आधारित सिंचाइ योजनाहरूको कार्यान्वयन मार्फत आ.व. २०८१।८२ मा थप २३५३ हे. कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार भएको तथा |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | विद्यमान सिँचाइ संरचनाको सुदृढीकरण र सिँचाइ प्रणालीको पुनर्स्थापना तथा मर्मत सम्भार गरिनेछ। पहाडी भेगमा सतही तथा भूमिगत पानी लिफ्ट गरी टार तथा बस्तीका खेतबारी हराभरा गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। जलवायू अनुकुलनमा टेवा पुग्ने गरी बर्षातको पानी सङ्कलन गर्न कृत्रिम पोखरी, जलाशय निर्माण र पुराना ताल तथा पोखरीको संरक्षण गरिनेछ। | ८१०७ हे. जमिनमा सिंचाइ सुविधा सुदृढिकरण भएको। परम्परागत सिंचाइ प्रणालीहरूको मर्मत संभार मार्फत सिंचाइ सुविधाको उपलब्धतामा वृद्धि गर्न सफल भएको। आ.व. २०८१।८२ मा ५ गोटा लिफ्ट सिँचाइ योजनाहरूको निर्माण सम्पन्न गरिएको। जलवायू अनुकुलन तथा भूमीगत जल पुनर्भरणमा समेत योगदान पुऱ्याउनको लागि ३३ गोटा जलाशय/पोखरीहरूको निर्माण सम्पन्न गरीएको छ। |
| ६४ | प्रदेश गौरवका सिँचाइ आयोजनाका पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ। संघीय सिँचाइ नीति, सिँचाइ गुरुयोजना तथा प्रदेशका सिँचाइ सम्बन्धी तथ्यांक सङ्कलन तथा विश्लेषण गरी प्रदेशको सिँचाइ गुरुयोजना तयार गरिनेछ। भूमिगत जल पुनर्भरण क्षेत्र पहिचानको लागि बिस्तृत अध्ययन प्रारम्भ गरिनेछ। | सिँचाइ आयोजनाहरूको विस्तृत संभाव्यता अध्ययन कार्यालाई निरन्तरता दिइएको। चालू आ.व. मा विस्तृत संभाव्यता अध्ययन भएका १७ गोटा योजनाहरूको खरिदका लागि स्रोत सहमति प्राप्त गरिएको। प्रदेशको सिँचाइ गुरुयोजना तयारीका लागि प्रारम्भिक तथ्याङ्कहरूको सङ्कलन कार्य गरिएको। |
| ६५ | सम्भाव्यताका आधारमा भूमिगत सिँचाइ प्रणालीको विकास गर्नेगरी स्यालो ट्युबवेल सिँचाइको विकास गरिनेछ। डिप ट्युबवेल सिँचाइ प्रणालीको मर्मत सम्भार, सुदृढीकरण तथा पुनर्निर्माण गरी वर्षेभरी सिँचाइ सुविधा उपलव्ध हुने सुनिश्चितता गरिनेछ। | आ.व. २०८१।८२ मा २७८ वटा स्यालो ट्यूववेल, ५२ वटा पावर ड्रिल स्यालो ट्यूववेल तथा ६० गोटा डिप ट्यूववेलको निर्माण मार्फत बाहै महिना सिँचाइ सुविधाको सुनिश्चितता गरिएको। |
| ६६ | हालसम्म निर्माण सम्पन्न भएका सिँचाइ योजनाको संचालन तथा दिगो व्यवस्थापनका लागि जल उपभोक्ता समितिलाई सक्षम र प्रभावकारी बनाउन थप सहयोग र क्षमता विकास कार्यक्रम संचालन गरिनेछ। | ३२ कि.मी. तटबन्ध निर्माण मार्फत बस्ती, कृषियोग्य जमिन, सिंचाइ एवम् अन्य भौतिक संरचनाको संरक्षण तथा ३७३ हे. कृषियोग्य जमिनको उकास गरिएको। |
| ६७ | जल उत्पन्न प्रकोपको जोखिममा रहेका क्षेत्र पहिचान गरी प्राथमिकताको आधारमा जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ। नदी कटान, डुवान र बाढीको समस्या समाधान गर्न समग्र नदीको व्यवस्थापन हुनेगरी अध्ययन कार्यलाई अगाडि बढाइनेछ। | करिब २५ कि.मी. तटबन्धको निर्माण मार्फत करिब ९५ हे. खेतियोग्य जमिनको उकास गरिएको तथा करिब ९४४ हे. कृषियोग्य भूमीको संरक्षणका साथै १७१२ घरधुरीको नदी तथा पहिरोजन्य प्रकोपबाट संरक्षण भएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६८ | संघ तथा स्थानीय सरकारको समन्वयमा ग्रामीण विद्युतीकरण तथा बैकल्पिक ऊर्जाको समेत प्रयोग गरी विद्युतीकरण नभएका एवम् अन्तराष्ट्रिय सीमा क्षेत्रका बस्तीमा विद्युत वितरण लाईन विस्तार गरी "उज्यालो लुम्बिनी प्रदेश" अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ। | १४५ कि मी LT Line तथा ८० कि.मी. HT Line विस्तार गरिएको। |
| ६९ | स्वच्छ ऊर्जाको अधिकतम प्रयोग गर्न प्रोत्साहनका लागि प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ। घरायसी तथा संस्थागत रुपमा उपभोगको लागि बायोग्यास र बिद्युतीय चुलोको प्रयोग मार्फत पेट्रोलियम पदार्थको आयात घटाउन सहयोग पुऱ्याइनेछ। | १३०० थान सुधारिएको चुलो जडानका साथै ५० गोटा घरेलु वायोग्याँस प्लान्ट निर्माण तथा १ गोटा संस्थागत वायोग्याँस प्लान्ट निर्माण कार्य सम्पन्न गरिएको। |
| ७० | ग्रामीण क्षेत्रमा रहेका काठका पोलको विस्थापन, ट्रान्सफर्मरको मर्मत तथा क्षमता वृद्धि, विद्युत वितरण प्रणालीको स्तरोन्नति गरी ग्रामीण विद्युत भार क्षमता बढाईनेछ। शहरी क्षेत्रमा स्थानीय तहको सहकार्यमा हाईमास्ट एवम् बहुरङ्गी सडक बत्तीको प्रयोग गरी शहरी सौन्दर्य वृद्धि गरिनेछ। | ४ थान पुराना ट्रान्सफर्मर विस्थापन गरी नयाँ ट्रान्सफर्मर जडान, १२५ थान PSC पोल तथा २८८ थान ST पोलको जडान मार्फत काठका पोल विस्थापन, ७० थान इन्टिग्रेटेड सौर्य सडक बत्ति, २४ थान इन्टिग्रेटेड विद्युत सडक बत्ति, ५१५ थान अनअफ/ ग्रिड सडक बत्ति जडानका साथै २३ थान हाइमास्ट सडक बत्तिको जडान कार्य सम्पन्न गरिएको। |
| ७१ | लिफ्ट सिँचाइ र भूमिगत सिँचाइ योजनाको संचालनमा सौर्य ऊर्जा प्रविधिको प्रयोगमा जोड दिइनेछ। संस्थागत विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, लगायतका स्थानमा सौर्य ऊर्जा प्रविधि जडान कार्यलाई निरन्तरता दिइनेछ। संघीय ऊर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण तथा स्थानीय तहसँगको समन्वयमा कृषि उत्पादन क्षेत्रमा विद्युतीकरण र महशूलमा छुट तथा अन्य सहयोग गर्ने नीति अवलम्बन गरिनेछ। | प्रदेशभित्रका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, लगायतका संस्थामा २५ थान सोलार ब्याकअप सिस्टम जडान कार्य सम्पन्न गरिएको। |
| ७२ | ग्रामीण क्षेत्रमा रहेका स-साना मूल, सिमसार, खोल्सा तथा खोलाको पानीको उपयोगका लागि पम्म, पाइप र पोखरीको प्रयोग गरी कृषकका खेत तथा पाखोबारीमा सिंचाई सुविधा पुर्याइनेछ। | ३३ गोटा जलाशय/पोखरीको निर्माण तथा १२२ कि.मी. लम्बाइमा पाइपको प्रयोग मार्फत सिँचाइ सुविधा उपलब्ध गराइएको। पहाडी भेगमा रहेका स-साना मुल, खोल्सा तथा सिमसारको पानीलाई जम्मा गरी सिँचाइको |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | लागि प्रयोग गर्ने अभ्यासलाई निरन्तरता दिइएको। |
| ७३ | ऊर्जा, जलस्रोत तथा सिचाई क्षेत्रको अध्ययन अनुसन्धान, तालिम गुणस्तर निर्धारण सम्बन्धी कार्यको लागि जलस्रोत अध्ययन तथा अनुसन्धान इकाइको स्थापना गरिनेछ। प्रदेशमा बिद्युत तथा सिँचाइ क्षेत्रको विकास, अनुगमन तथा नियमन गर्न आवश्यक कानून तर्जुमा गरिनेछ। | सिंचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन योजना छनौट, कार्यान्वयन तथा मर्मत सम्भार कार्यविधि, २०८१ तथा नविकरणीय ऊर्जा प्रणाली कार्यान्वयन कार्यविधि २०८१ को मस्यौदा तयारी कार्य सम्पन्न भएको। |

## वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२४ | **"कृषिको आधारः सिंचाइमा सुधार"** भन्ने नारालाई आत्मसात गर्दै परम्परागत तथा आधुनिक सिंचाइ प्रविधिको प्रयोग गरी थप १४०० हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउने कार्यको लागि रू. ७३ करोड ९७ लाख विनियोजन गरेको छ। | सतह, भूमीगत तथा लिफ्ट प्रविधिमा आधारित सिंचाइ योजनाहरूको कार्यान्वयन मार्फत आ.व. २०८१।८२ मा थप २३५३ हे. कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार भएको तथा ८१०७ हे. जमिनमा सिंचाइ सुविधा सुदृढिकरण भएको। |
| १२५ | भूमिगत जलको उपभोग गर्न क्लस्टरमा आधारित स्यालो ट्युबवेल तथा डिप ट्युबवेल सिंचाइ प्रणालीको विकास तथा विस्तार गरी थप १००० हेक्टर कृषियोग्य जमिनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ। निर्माण सम्पन्न भई जीर्ण अवस्थामा रहेका डिप ट्युबवेल सिंचाइ प्रणालीको मर्मत संभार, सुदृढीकरण तथा पुनर्निर्माण गर्न प्राथमिकता दिइनेछ। भूमिगत सिंचाइको विकास र विस्तार कार्यको लागि रू. ३९ करोड ९४ लाख बजेट बिनियोजन गरेको छ। | आ.व. २०८१।८२ मा २७८ वटा स्यालो ट्यूववेल, ५२ वटा पावर ड्रिल स्यालो ट्यूववेल तथा ६० गोटा डिप ट्यूववेलको निर्माण मार्फत बाह्रै महिना सिँचाइ सुविधाको सुनिश्चितता गरिएको। सिँचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम अन्तर्गत पुराना र जिर्ण अवस्थामा रहेका डिप ट्युववेलहरूको मर्मत मार्फत सिँचाइ सुविधा सुनिश्चित गरिएको। |
| १२६ | भूमिगत तथा सतहको पानीलाई लिफ्ट गरी नदी किनारमा रहेका फाँट तथा टारका कृषियोग्य जमिन र पहाडी भू-भागका खेत तथा पाखोबारीमा बाह्रै महिना सिंचाइ सुविधा पुर्‍याई "खेतबारीका गहा, सधैं हराभरा" गराउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। | आ.व. २०८१।८२ मा २७८ वटा स्यालो ट्यूववेल, ५२ वटा पावर ड्रिल स्यालो ट्यूववेल तथा ६० गोटा डिप ट्यूववेल तथा ५ गोटा लिफ्ट सिँचाइ योजनाको निर्माण मार्फत सिँचाइ सुविधा उपलब्ध गराइएको। |
| १२७ | तराई क्षेत्रमा रहेका पुराना कुला तथा भूमिगत सिंचाइका आयोजनाहरू, पहाडी क्षेत्रका परम्परागत कुलोहरूको मर्मत संभार, सिंचाइ संरचनाको सुबूढीकरण तथासिंचाइ प्रणालीको पुनर्स्थापना गरी थप २५०० हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुने अपेक्षा गरेको छ। | सिँचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम मार्फत पुराना सतह तथा भूमीगत सिँचाइ आयोजनाहरूको मर्मत संभार मार्फत पुन: संचालनको स्थिति सिर्जना गरी सिँचाइ सुविधा सुदृढीकरण गरिएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२८ | जलवायु अनुकूलनमा टेवा पुग्ने गरी मूल, सिमसार, तालतलैया, पोखरी तथा जलाशयहरूको निर्माण, मर्मत संभार तथा संरक्षण गरी वर्षातको पानी सङ्कलन तथा जल पुनर्भरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। यसबाट संकलित पानीले जलवायु परिवर्तनवाट वातावरणमा पर्न जाने क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ। प्रस्तुत कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छ। | जलवायू अनुकुलन तथा भूमीगत जल पुनर्भरणमा समेत योगदान पुर्याउनका लागि उललब्ध स्रोत वा बर्षातको पानी सङ्कलनका लागि ३३ गोटा जलाशय/पोखरीहरूको निर्माण सम्पन्न गरीएको छ। |
| १२९ | जलउत्पन्न प्रकोप न्यूनीकरण र व्यवस्थापन गर्न जोखिमयुक्त स्थानहरूमा नदी तथा पहिरो नियन्त्रण गरी मानव बस्ती, कृषियोग्य जमिन तथा सिंचाइ संरचनालाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिन रू. ६१ करोड ४८ लाख विनियोजन गरेको छ। यसवाट थप १६ कि.मी. लम्बाइमा तटबन्ध निर्माण सम्पन्न भई करिव ७ हजार जनसंख्या लाभान्वित हुने अपेक्षा लिएको छ। | करिब २५ कि.मी. तटबन्धको निर्माण मार्फत करिब ९५ हे. खेतियोग्य जमिनको उकास गरिएको तथा करिब ९४४ हे. कृषियोग्य भूमीको संरक्षणका साथै १७१२ घरधुरीको नदी तथा पहिरोजन्य प्रकोपबाट संरक्षण भएको। |
| १३० | ग्रामीण क्षेत्रमा रहेका काठका जीर्ण पोलहरूको विस्थापन, विद्युत वितरण प्रणालीको स्तरोन्नति, शहरी क्षेत्रमा हाईमास्ट एवम् बहुरङ्गी सडक बत्तीहरूको प्रयोग गरी शहरी सौन्दर्य वृद्धि गर्ने कार्यलाई अघि बढाइनेछ। | ४ थान पुराना ट्रान्सफर्मर विस्थापन गरी नयाँ ट्रान्सफर्मर जडान, १२५ थान PSC पोल तथा २८८ थान ST पोलको जडान मार्फत काठका पोल विस्थापन, ७० थान इन्टिग्रेटेड सौर्य सडक बत्ति, २४ थान इन्टिग्रेटेड विद्युत सडक बत्ति, ५१५ थान अनअफ/ ग्रिड सडक बत्ति जडानका साथै २३ थान हाइमास्ट सडक बत्तिको जडान कार्य सम्पन्न गरिएको। |
| १३१ | "उज्यालो प्रदेश; लुम्बिनी प्रदेश" अभियानलाई निरन्तरता दिन विद्युतको सेवा नपुगेका गाउँहरू तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्रका बस्तीहरूमा बैकल्पिक ऊर्जाको प्रयोग गरिनेछ। सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, अस्पताल लगायतका सार्वजनिक निकायमा सौर्य ऊर्जा प्रविधि जडान कार्यलाई निरन्तरता दिइनेछ। घरायसी वायोग्याँस तथा सुधारिएको चुलो जडान गरी "स्वच्छ भान्छा, आरोग्य जीवन" कार्यक्रमलाई अघि बढाइनेछ। | १४५ कि मी LT Line तथा ८० कि.मी. HT Line विस्तार गरिएको। प्रदेशभित्रका विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, लगायतका संस्थामा २५ थान सोलार ब्याकअप सिस्टम जडान कार्य सम्पन्न गरिएको। १३०० थान सुधारिएको चुलो जडान कार्य सम्पन्न गरिएको। |
| १३२ | वातावरणीय स्वच्छता कायम राख हरित तथा नवीकरणीय ऊर्जाको प्रयोग, प्रवर्द्धन अध्ययन तथा अनुसन्धानमा विशेष जोड दिइनेछ।<br>समग्र ऊर्जा क्षेत्रको विकासको लागि रू. १३ करोड ३० लाख विनियोजन गरेको छ। | ५० गोटा घरेलु वायोग्याँस प्लान्ट निर्माण तथा १ गोटा संस्थागत वायोग्याँस प्लान्ट निर्माण कार्य सम्पन्न गरिएको। |

## विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २५९५०० | १८३५३९ | ७०.७३ |
| २ | पुंजीगत | ३०११४०० | २३३४३८२ | ७७.५२ |
| | **जम्मा** | ३२७०९०० | २५१७९२१ | ७६.९८ |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र.सं. | कार्यक्रम/कृयाकलाप/बजेट उपशीर्षक | बिनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| **अ** | **चालु वजेट** | | | | |
| १ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४७३३० | २१३५५ | ४५.१२% | |
| २ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | १४१७४७ | १११८७६ | ७८.९३% | |
| ३ | भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | ३६५७१ | २८०१६ | ७६.६१% | |
| ४ | सिंचाइ व्यवस्थापन कार्यालयहरू | ३१००१ | २१७९६ | ७०.३१% | |
| ५ | ऊर्जा विकास कार्यक्रम | २२०० | ४९२ | २२.३६% | |
| | **चालु तर्फको जम्मा** | **२५८८४९** | **१८३५३८** | **७०.९१%** | |
| **आ** | **पुँजीगत वजेट** | | | | |
| **क** | **समानीकरण अनुदान तर्फ** | | | | |
| १ | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | १४७५१ | ९९३ | ६.७३% | |
| २ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | ४८०० | ४५३६ | ९४.५०% | |
| ३ | भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरू | १२०० | १०३६ | ८६.३३% | |
| ४ | सिंचाइ व्यवस्थापन कार्यालयहरू | २९०० | २०९४ | ७२.२१% | |
| ५ | मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाई कार्यक्रम | ८५९३७४ | ६२०८१० | ७२.२४% | |
| ६ | भूमिगत स्यालो तथा डिपट्युववेल सिंचाई कार्यक्रम | ३९९९०० | २७४१६१ | ६८.५६% | |
| ७ | जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | ४७३१० | २९४९८ | ६२.३५% | |
| ८ | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ७७०८८९ | ६१५५८८ | ७९.८५% | |
| ९ | ऊर्जा विकास कार्यक्रम | १३४८०० | ९५५८६ | ७०.९१% | |
| १० | जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम | ६५५१२७ | ५६६५६१ | ८६.४८% | |
| | **समानीकरण जम्मा** | **२८९१०५१** | **२२१०८६६** | **७६.४७%** | |

| ख | संघीय सशर्त अनुदान तर्फ | | | | |
|---|---|---|---|---|---|
| १ | ३०८९११२५४ मझौला सिंचाई आयोजना( संघ सशर्त अनुदान) | १२०००० | ११८३३९ | ९८.६२% | |
| | **सशर्त जम्मा** | १२०००० | ११८३३९ | ९८.६२% | |
| | **पुँजिगत जम्मा (समानीकरण + सशर्त)** | ३०११०५१ | २३२९२०५ | ७७.३६% | |
| | **कुल जम्मा (चालू+ पुँजीगत)** | ३२६९९०० | २५१२७४१ | ७६.८४% | |

## विकास आयोजना तथा कार्यक्रमहरूबाट सिर्जित रोजगारीको विवरण

- विकास आयोजनाहरूको कार्यान्वयनबाट अप्रत्यक्ष रोजगारी सिर्जना हुने।

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १ | सिंचाइ योजनाहरूको निर्माण (सबै) | करिब १,५०,००० | करिब ३५,००० |
| २ | नदी नियन्त्रण तथा तटबन्ध सम्बन्धि योजनाहरू (सबै) | करिब ३,००,००० | करिब २०,००० |

## बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) रु हजारमा

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०८०/८१ सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | १८७.३७९ | २४.२२४ | १६३.१५५ |
| २ | असुल उपर गर्नु पर्ने | ४२.३७९ | १८.५०४ | २३.८७४ |
| ३ | पेश्की | ११९.७४६ | १०५.६१८ | १४.१२८ |
| | कूल जम्मा | ३४९.५०५ | १४८.३४७ | २०१.१५८ |

## ३.७ कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**महत्वपूर्ण उपलब्धिहरू**

| क्र.सं | मुख्य कामहरू | प्रमुख उपलब्धिहरू |
|---|---|---|
| १ | साना सिंचाई/ सिँचाई सहित कृषि विकास कार्यक्रम | • यस कार्यक्रम अन्तर्गत ९२३ वटा साना सिंचाइका आयोजनाहरू सम्पन्न भएका छन्। थप ५१४.१५ हे. सिंचित क्षेत्रफल विस्तार भएको। ४७०६ मिटर कुलो निर्माण, २२२ सिंचाइ पम्पसेट, १२८ वटा स्यालो ट्यूववेल जडान, ७ वटा डिपबोरिङ्ग सिंचाइ जडान, ७३ वटा सिमेन्टेड ट्यांकी सिंचाइ जडान, १३ सेट थोपा सिंचाइ, ३१३ मोटर र ४७००४ मिटर पाइप वितरण गरिएको छ।१५९५ जना कृषक परिवार लाभान्वित भएका।बाली सघनता वृद्धि प्रतिशत कार्यक्रम सञ्चालन पूर्व १५६ बाट २२१ पुगेको। |
| २ | सिंचाई आयोजनाको कमाण्ड क्षेत्रमा बाली सघनता बृद्धी कार्यक्रम | • ठूला सिंचाइ आयोजनाहरूको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम २२०.६५ हे. क्षेत्रफलमा सञ्चालन भएको। वसन्ते मकै (२१०.७ हे), मुङ (३.७५ हे), मास (५ हे) र चैते धान (१.२ हे) खेतीका लागि वीउ वितरण भई वाली सघनता वृद्धि कार्यक्रम सञ्चालन पूर्व २२५ प्रतिशतबाट २७५ प्रतिशत पुगेको। |
| ३ | बाली बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | • यस कार्यक्रम अन्तर्गत कृषितर्फ ११९४.१ हेक्टरमा आलु (१४ हे), मकै (१४१.४ हे), तोरी (४८१.९हे), मुसुरो (१०५ हे), धान (२०० हे), सुन्तलाजात फलफूल (१९.८ हे), वर्षे आलु (२५ हे), तरकारी (२१७ हे) खेतीका लागि वीउ, विषादी, सुक्ष्मतत्व, सिंचाई सम्बन्धी सामाग्री तथा अन्य यन्त्र उपकरणहरू वितरण भई २८२२ जना कृषक लाभान्वित भएको।<br>• कृषकमाझ आधुनिक प्रविधिको प्रयोग विस्तार भई उत्पादकत्वमा करिव १० प्रतिशत वृद्धि भएको।<br>• पशुपन्छीतर्फ भैंसी (४७६ संख्या), बाखा (२३९८ संख्या) र बङ्गुर (३६२ संख्या) पालन भई जम्मा ३९४ कृषक घरधुरी लावान्भित भएको। |
| ४ | बीउविजन प्रबर्द्धन, नियमन तथा प्रयोगशाला सेवा | • वीउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत जम्मा १५३१ हे क्षेत्रफल (प्रजनन वीउ ९ हे, मूल वीउ ५६१ हे र प्रमाणित वीउ ८८१ हे.) मा कार्यक्रम सञ्चालन भई धान, मकै, गहुँ, तरकारी, मुसुरो, राज्मा वालीको जम्मा ३८५३ मे.टन. वीउ उत्पादन भई २००९ कृषक धरधुरी लाभान्वित भएको।<br>• गुणस्तरीय बीउ उत्पादनका लागि खेत निरीक्षण तथा प्रयोगशालामा परीक्षण गरी नियमनलाई व्यवस्थित गरिएको छ।बीउ उत्पादकहरूलाई जम्मा रकम रु २५ लाख १० हजार प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ।<br>• वीउ बजारीकरणमा सहजीकरण गरिएको।<br>• गुणस्तरीय बीउ उपलब्धताका लागि वीउ विजन प्रयोगशाला खजुरा र भैरहवाबाट ५४५३.१३ हे बीउ बाली खेत निरीक्षण र २०५९ नमुना परीक्षण गरी ८८६.४७५ मे.टन बीउ प्रमाणीकरण गरिएको। |
| ५ | शुलभकर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम | • यस कार्यक्रम अन्तर्गत ७१ आयोजनाहरूको लागि जम्मा रकम रु. ३८१३६१३.६६ कृषि ऋणमा व्याज अनुदान वापत उपलब्ध गराईएको।यसबाट कृषि उद्यम स्थापना तथा सञ्चालन गर्न सहयोग पुगी कृषि व्यवसायिकरणमा सहयोग पुगेको। |

| क्र.सं | मुख्य कामहरू | प्रमुख उपलब्धिहरू |
|---|---|---|
| ६ | कृत्रिम गर्भाधान सेवा कार्यक्रम | • जातीय वंश सुधार मार्फत् पशुबस्तुको उत्पादकत्व वृद्धि गर्न कुल ८५,०७२ पशुवस्तुहरूमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ। |
| ७ | पशुपन्छीमा लाग्ने संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि खोप सेवा कार्यक्रम | • पशुपन्छी रोग नियन्त्रण अभियान अन्तर्गत पशुपन्छीमा लाग्ने खोरेत (**छत्तघ**), रेविज, स्वाईन फिभर, पि.पि.आर, रानीखेत, डिस्टेम्पर, लम्पी स्किन, एच.एस.वि.क्यू र कोरोना जस्ता संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि कुल जम्मा २६,१६,०८० खोप लगाईएको छ। |
| ८ | पशुपन्छी उपचार सेवा | • पशुपन्छी रोग नियन्त्रण अभियान अन्तर्गत पशुपन्छीमा लाग्ने खोरेत (**छत्तघ**), रेविज, स्वाईन फिभर, पि.पि.आर, रानीखेत, डिस्टेम्पर, लम्पी स्किन, एच.एस.वि.क्यू र कोरोना जस्ता संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि कुल जम्मा २६,१६,०८० खोप लगाईएको छ। |
| ९ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | • यस कार्यक्रम २१५ समूह, सहकारी तथा निजी फर्म मार्फत अन्तर्गत दुध, मासु र अण्डा उत्पादनमा संलग्न कृषकहरूलाई करिब रु ४ करोड ९९ लाख प्रोत्साहन अनुदान उपलब्ध गराईएको।<br>• यसबाट २३०४९ कृषकहरू लाभान्वित भएको। |
| १० | सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण तथा भ्याक्सिनेसन (Spaying/neutering) कार्यक्रम | • स्थानीय तह तथा विभिन्न पशु कल्याणमा आवद्ध संघ/संस्थासँगको सहकार्यमा २५६७ कुकुरहरूमा बन्ध्याकरण सम्पन्न गरिएको। |
| ११ | पशु बाझोपन निवारण (Door to Door) सेवा | • डोर टू डोर कार्यक्रमबाट १७५८ वटा दुधालु पशुहरूमा बाँझोपन निवारण सेवा गरिएको।यस कार्यक्रमबाट पशुबस्तुहरूमा हुने बाँझोपन निवारण भई उत्पादनशील बनाउन मद्दत पुग्दछ। |
| १२ | कुखरा विकास फार्मबाट गुणस्तरीय चल्ला उत्पादन तथा वितरण | • स्थानीय साकिनी, घाँटी खुईले, प्वाख उल्टे, बल्याक अस्ट्रालोप र न्यू ह्याम्पसायर जातका १,७७,५०० गोटा गुणस्तरीय चल्ला र २,६१,३२५ गोटा अण्डाको विक्रिबाट जम्मा राजस्व रकम रु. १ करोड २६ हजार ६२७ रुपैया सङ्कलन भएको।<br>• पोषण सुधारका लागि ग्रामीण कुखुरा वितरण कार्यक्रम अन्तर्गत करिब ३००० कृषकहरू लाभान्वित भएको।<br>• यसबाट स्थानीय जातका कुखुरा संरक्षण र प्रबर्द्धनमा समेत सहयोग पुगेको। |
| १३ | मत्स्य विकास फर्मबाट गुणस्तरीय भुरा उत्पादन तथा वितरण | • मत्स्य विकास केन्द्र, बाँकेबाट चालु आ.व.मा २ करोड ७२ लाख ३७ हजार ५२४ गोटा गुणस्तरीय ह्याचलिङ्ग, फ्राई र फिङ्गरलिङ्ग उपलब्ध गराईएको जसबाट जम्मा राजस्व रकम रु ३३ लाख १४ हजार ४ सय रुपैया सङ्कलन भएको।<br>• यसले माछाको उत्पादन तथा उत्पादकत्व बढाउन सहयोग पुगेको।<br>• यसबाट ७१९ कृषकहरू लाभान्वित भएको। |
| १४ | सरकारी बागबानी श्रोत केन्द्रका लागि जग्गा प्राप्ति | • सरकारी वागवानी श्रोत केन्द्र स्थापनाका लागि कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं ९, बहादुरगंजमा ८ विगाह १० कठ्ठा ९ धुर पर्ति जग्गा लुम्बिनी प्रदेश सरकारलाई उपयोगका लागि प्राप्त भएको। |

| क्र.सं | मुख्य कामहरू | प्रमुख उपलब्धिहरू |
|---|---|---|
| १५ | सहकारीहरूको PEARLS तथा MCI विधिवाट कार्यसम्पादन मूल्याङ्कन | • प्रदेश नियमन क्षेत्रभित्र रहेका ८४८ सहकारी संस्थाहरू मध्ये २२६ वटा सहकारीहरूको PEARLS तथा MCI विधिवाट कार्यसम्पादन मूल्याङ्कन तथा अभिमूखीकरण भएको।<br>• मूल्याङ्कन गरिएको सहकारी मध्ये ५ प्रतिशत अति उत्तम, १७ प्रतिशत उत्तम, ४० प्रतिशत मध्यम, ३१ प्रतिशत साधारण र ७ प्रतिशत अनिश्चित रहेको पाइएको। |
| १६ | क्षमता अभिबृद्धि | • सहकारी संस्थाहरूको कार्यसम्पादन मुख्याङ्कनका लागि मन्त्रालय तथा मातहतका निकायका ५० जना कर्मचारीलाई तालिम प्रदान गरी जनशक्ति तयार गरेको।<br>• सहकारी लेखा व्यवस्थापन, सहकारी व्यवस्थापन, पर्ल्स् विश्लेषण, कोपोमिस सम्बन्धी २८ वटा तालिम सञ्चालन गरी ३५९ महिला र ३४८ पुरुष गरी जम्मा ७०७ जनालाई अभिमूखीकरण गरिएको।<br>• पशुपन्छी अन्तर्गत विभिन्न विषयगत क्षेत्रतर्फ कर्मचारीस्तरीय १४४ जनालाई र कृषकस्तरीय १५७ जनालाई तालिम प्रदान गरिएकोमध्ये ४९ जना महिला र २५२ जना पुरुषको सहभागिता रहेको।<br>• कृषि अन्तर्गत विभिन्न विषयगत क्षेत्रतर्फ कर्मचारीस्तरीय २४० जनालाई र कृषकस्तरीय ११३ जनालाई तालिम प्रदान गरिएकोमध्ये ८३ जना महिला र २७० जना पुरुषको सहभागिता रहेको। |

**वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८ | "किसानको हातः प्रदेशको साथ को नारालाई आत्मसात गर्दै प्रदेश भित्रका सबै जिल्लामा बाली एवम् बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषितर्फ नवलपरासी (ब.सु.प.) मा बसन्ते मकै र आलुः रुपन्देहीमा तोरी र बसन्ते/हिउँदे मकैः कपिलवस्तुमा मसिनो धान, गहुँ र बसन्ते मकै; दाङमा तोरी र तरकारी; बाँकेमा मसिनो धान र मसुरो; बर्दियामा चैते धान, तोरी र मसुरो; पाल्पा, अर्घाखाँची, गुल्मी र प्यूठानमा सुन्तला र कागती जातका फलफूल र तरकारी; रोल्पा र रुकुम (पूर्वी भाग)मा स्याउ र वर्षे आलुलाई विशेष प्राथमिकता दिई प्रवर्धन गरिनेछ। | • यस कार्यक्रम अन्तर्गत कृषितर्फ ११९४.१ हेक्टरमा आलु (१४ हे), मकै (१४१.४ हे), तोरी (४८१.९हे), मुसुरो (१०५ हे), धान (२०० हे), सुन्तलाजात फलफूल (१९.८ हे), वर्षे आलु (२५ हे), तरकारी (२१७ हे) खेतीका लागि वीउ, विषादी, सुक्ष्मतत्व, सिंचाई सम्बन्धी सामाग्री तथा अन्य यन्त्र उपकरणहरू वितरण भई २८२२ जना कृषक लाभान्वित भएको।<br>• कृषकमाझ आधुनिक प्रविधिको प्रयोग विस्तार भई उत्पादकत्वमा करिव १० प्रतिशत वृद्धि भएको। |
| ९ | पशुपन्छीतर्फ नवलपरासी (व.सु.प.) र बर्दियामा भैंसी र बङ्गुरपालन, रुपन्देहीमा गाई/भैंसी, गुल्मी र दाङमा भैंसी बाख्रापालन, कपिलवस्तु र बाँकेमा भैंसी र माछापालन, पाल्पा र रोल्पामा बङ्गुर र बाख्रापालन, अर्घाखाँचीमा गाई/भैसी र बाख्रापालन एवम् प्यूठान र रुकुम (पूर्वी भाग)मा भेडापालन र बाख्रापालनलाई प्रवर्द्धन गरिनेछ। | • पशुपन्छीतर्फ भैंसी (४७६ संख्या), बाख्रा (२३९८ संख्या) र बङ्गुर (३६२ संख्या) पालन भई जम्मा ३९४ कृषक घरधुरी लावान्वित भएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १० | कृषिको प्रमुख आधार सिँचाइलाई प्राथमिकता दिई साना सिँचाइ आयोजना मार्फत थप २५० हेक्टर सिंचित क्षेत्र विस्तार गरिनेछ। विभिन्न जिल्लामा निर्माण भएका सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा थप १५०० हेक्टरमा बाली सघनता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | • यस कार्यक्रम अन्तर्गत ९२३ वटा साना सिंचाइका आयोजनाहरू सम्पन्न भएका छन्। थप ५१४.१५ हे. सिंचित क्षेत्रफल विस्तार भएको। ४७०६ मिटर कुलो निर्माण, २२२ सिंचाइ पम्पसेट, १२८ वटा स्यालो ट्यूववेल जडान, ७ वटा डिपबोरिङ्ग सिंचाइ जडान, ७३ वटा सिमेन्टेड ट्यांकी सिंचाइ जडान, १३ सेट थोपा सिंचाइ, ३१३ मोटर र ४७००४ मिटर पाइप वितरण गरिएको छ।१५९५ जना कृषक परिवार लाभान्वित भएका।बाली सघनता वृद्धि प्रतिशत कार्यक्रम सञ्चालन पूर्व १५६ बाट २२१ पुगेको।<br>• ठूला सिंचाइ आयोजनाहरूको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम २२०.६५ हे. क्षेत्रफलमा सञ्चालन भएको। वसन्ते मकै (२१०.७ हे), मुङ (३.७५ हे), मास (५ हे) र चैते धान (१.२ हे) खेतीका लागि वीउ वितरण भई वाली सघनता वृद्धि कार्यक्रम सञ्चालन पूर्व २२५ प्रतिशतबाट २७५ प्रतिशत पुगेको। |
| ११ | "स्वस्थ जीवनको आधारः माटोमा सुधार नाराका साथ माटोमा प्राङ्गारिक पदार्थ वृद्धि गरी दीगो उर्वराशक्ति कायम राख्दै माटो व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाउन दीर्घकालीन कार्ययोजना बनाई लागु गरिनेछ।रासायनिक मलको प्रयोगलाई व्यवस्थित गर्ने वैकल्पिक जैविक स्रोतको प्रवर्धन गरिनेछ। | माटो व्यवस्थापन कार्यक्रम अन्तर्गत माटो शिविर मार्फत ७९३ वटा माटो माटोको नमुना परीक्षण, माटो परीक्षण तथा व्यवस्थापन सम्वन्धी तालिम तथा गोष्ठी सञ्चालन, ७६ के.जी. गड्यौला वितरण, ३० थान भर्मि व्याग, प्लाष्टिक र झोलमल बनाउने ड्रम वितरण, ५ के.जी. भर्मिकल्चर वितरण, ६.३ मे टन कृषि चुन वितरण, २ क्विन्टल ढैंचाको वीउ वितरण र ३०० के जी ढैंचाको बीउ प्रर्दशन, कम्पोष्ट खाडल निर्माण, गोठेमलका लागि छाप्रो व्यवस्थापन तालिम, विभिन्न प्रविधि पुस्तिका प्रकाशन गरिएको। |
| १२ | कृषिको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण रैथाने बाली तथा स्थानीय पशुपन्छीहरूको प्रवर्धनमा जोड दिइनेछ। स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा स्वदेशी उत्पादनलाई प्रवर्धन गर्न कृषिमा आधारित साना प्रशोधन उद्योगलाई प्रोत्साहन गरिनेछ। उत्पादित वस्तुको उचित गुणस्तर कायम गर्दै कृषि उद्योगलाई गरिबी निवारणको भरपर्दो माध्यमको रुपमा विकास गरिनेछ। | दाङ जिल्लामा स्थानीय गाई, लामपुच्छे र कागे भेडा, खरी र तराई बाखा, हुर्रा र च्वाँचे बंगुर, रोल्पा जिल्लामा लिमे र पारकोटे भैंसी, बरुवाल भेडा, खरी र सिन्हाल बाखा, घाँटी खुइले, प्वाँख उल्टे र साकिनी कुखुरा, स्थानीय हाँस, असला माछा, प्यूठान जिल्लामा स्थानीय गाई, लिमे र पारकोटे भैंसी, खरी र सिन्हाल बाखा, घाँटी खुइले, प्वाँख उल्टे र साकिनी कुखुरा, रोहु, नैनी र भाकुर माछा, बर्दिया जिल्लामा खरी र तराई बाखा, हुर्रा बंगुर, र रुकुम जिल्लामा चौरी गाई बरुवाल भेडा, खरी र सिन्हाल बाखा, साकिनी कुखुरा र च्वाँचे |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | बंगुर रहेका रैथाने पशुपन्छी र दाङ जिल्लामा तिल्की धान, रुकुम जिल्लामा स्कुस, पाल्पा जिल्लामा झाप्रे कोदो, प्यूठान र गुल्मी जिल्लामा कालो काउली, अर्घाखाँची जिल्लामा मादले कान्क्रो र गुल्मी जिल्लामा लट्टे बालीको अध्ययन तथा अभिलेखीकरण तयार गरिएको। |
| १५ | उन्नत प्रविधि अवलम्बन तथा विस्तार गर्न, बालीनाली तथा पशुपन्छी उत्पादनमा देखिने प्राविधिक समस्या समाधान गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित निकाय र स्थानीय तहसँगको समन्वयमा कृषकमा नियमित रुपमा प्राविधिक सेवा उपलब्ध गराइनेछ। कृषक समूहमा प्राविधिक सेवा पुऱ्याउनका लागि सूचना प्रविधिको महत्तम उपयोग गरिनेछ। | • कृषि तर्फ ४८ वटा बाली उपचार शिविर सञ्चालन भई १९७९ वटा वाली रोगको नमुना परीक्षण भएको।<br>• पशुपन्छी तर्फ प्रयोगशाला सेवा अन्तर्गत गोवर, पिसाव, रगत, छाला, दुध, शव र पोष्टमार्टम (कुखुरा) को २९,६५६ वटा नमुना परीक्षण गरिएको। |
| १६ | प्रदेश भित्रका कृषकको पहिचान र वर्गीकरण गरी कृषकले उत्पादन गरेको बाली/वस्तुमा उत्पादनमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ। उक्त अनुदानलाई थप प्रभावकारी र वस्तुपरक बनाउन वास्तविक समयमा आधारित अभिलेख प्रणालीको विकास गरी प्रयोगमा ल्याइनेछ। | • प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत २१५ समूह, सहकारी तथा निजी फर्म मार्फत अन्तर्गत दुध, मासु र अण्डा उत्पादनमा संलग्न कृषकहरूलाई करिब रु ४ करोड ९९ लाख प्रोत्साहन अनुदान उपलब्ध गराईएको।<br>• यसबाट २३०४९ कृषकहरू लाभान्वित भएको। |
| १७ | उन्नत बीउ तथा नश्लमा कृषकको पहुँच वृद्धि गर्न गुणस्तरीय बीउ, बिरुवा, नश्ल तथा भुरा उत्पादनका लागि सहकारी, कृषक समूह र निजी स्रोत केन्द्रलाई कृषकको माग बमोजिम उत्पादन गर्न प्रोत्साहन गरिनेछ। संभाव्य स्थानमा सरकारी स्रोत केन्द्रको स्थापना तथा स्तरोन्नति गर्दै लगिनेछ। | • बीउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत जम्मा १५३१ हे क्षेत्रफल (प्रजनन बीउ ९ हे, मूल बीउ ५६१ हे र प्रमाणित बीउ ८८१ हे.) मा कार्यक्रम सञ्चालन भई धान, मकै, गहुँ, तरकारी, मुसुरो, राज्मा वालीको जम्मा ३८५३ मे.टन. बीउ उत्पादन भई २००९ कृषक धरधुरी लाभान्वित भएको।<br>• गुणस्तरीय बीउ उत्पादनका लागि खेत निरीक्षण तथा प्रयोगशालामा परीक्षण गरी नियमनलाई व्यवस्थित गरिएको छ। बीउ उत्पादकहरूलाई जम्मा रकम रु २५ लाख १० हजार प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ।<br>• बीउ बजारीकरणमा सहजीकरण गरिएको।<br>• गुणस्तरीय बीउ उपलब्धताका लागि बीउ विजन प्रयोगशाला खजुरा र भैरहवाबाट ५४५३.१३ हे बीउ बाली खेत निरीक्षण र २०५९ नमुना परीक्षण गरी ८८६.४७५ मे.टन बीउ प्रमाणीकरण गरिएको। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | • सरकारी वागवानी श्रोत केन्द्र स्थापनाका लागि कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं ९, बहादुरगंजमा ८ विगाह १० कठ्ठा ९ धुर पर्ति जग्गा लुम्बिनी प्रदेश सरकारलाई उपयोगका लागि प्राप्त भएको। |
| १८ | बाँझो जमीनलाई उपयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ। बाँझो जग्गामा उत्पादन र उत्पादकत्व बढाउन करार खेती कार्यक्रमलाई समयसापेक्ष परिस्कृत गरी लक्षित वर्गलाई समावेश गरिनेछ। स्थानीय तहसँगको समन्वयमा भूमि बैंकको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ स्थानीय तहसँगको सहकार्यमा बगर खेतीलाई प्रोत्साहन गरिनेछ। | • स्थानीय तहसँगको सहकार्यमा करार खेती कार्यक्रम अन्तर्गत गुल्मी र दाङ जिल्लामा ४१ हे. क्षेत्रफल जग्गा भाडामा लिई तरकारी, फलफूल र खाद्यन्न बाली अनुमानित ६७६ मे. टन उत्पादन भई १३७ कृषक घरधुरी लाभान्वित भएको। |
| २० | बालीनाली र पशुपन्छी सम्बन्धी रोगको नमना परीक्षण र निदान गर्न प्रयोगशालाको स्तरोन्नति तथा शुद्धीकरण गरिनेछ। पशुपन्छीको उपचार र रोग निदान सेवालाई थप प्रभावकारी बनाउन भेटेरिनरी अस्पतालको स्तरोन्नति गर्दै लगिनेछ। | • यस कार्यक्रम अन्तर्गत ४,१९,११२ पशुवस्तुलाई उपचार सेवा उपलब्ध भएको छ। यसमा मेडिकल उपचार, सर्जिकल उपचार, गाईनोकोलोजिल उपचार लगायत परिजिवी नियन्त्रण गरिएको छ। |
| २२ | सामुदायिक पशुचौपायाको व्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वयमा गौशालाको व्यवस्थापनमा सहयोग गरिनेछ। गौशालालाई प्राङ्गारिक मल उत्पादन लगायतका अन्य उत्पादनमार्फत आय आर्जनका लागि प्रोत्साहन गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ। | • स्थानीय तह तथा विभिन्न पशु कल्याणमा आवद्ध संघ/संस्थासँगको सहकार्यमा २५६७ कुकुरहरूमा बन्ध्याकरण सम्पन्न गरिएको। |
| २३ | माछाको उत्पादकत्व बृद्धि तथा उत्पादन लागत कम गर्न प्राविधिक सेवा, उत्पादन सामग्री, औषधी तथा यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ। नयाँ पोखरी निर्माण र पुराना पोखरी मर्मत कार्यक्रमलाई विस्तार गरिनेछ। माछा पोखरी र शीत भण्डार सञ्चालनमा प्रयोग हुने विद्युत महशुलमा सहुलियत उपलब्ध गराइनेछ। | • ६.८५ हे. मा नयाँ पोखरी निर्माण हुनुका साथै १६.६७ हे. क्षेत्रफलमा पोखरी मर्मत भएको। ३४ जना मत्स्य पालक कृषकहरूलाई रु ७,०२,४१७/ अनुदान रकम उपलब्ध गराई मत्स्य पालन पोखरीमा विद्युत महशुलमा सहुलियत प्रदान गरिएको। |
| २४ | पशुपन्छीमा लाग्ने विभिन्न संक्रामक रोग नियन्त्रण गरी कृषकलाई हुने हानी नोक्सानी न्यूनीकरण गर्न ४५ लाख डोज खोप सेवा उपलब्ध गराइनेछ। गुल्मी र अर्घाखाँची जिल्लालाई खोरेत रोगमुक्त बनाउन आवश्यक व्यवस्था मिलाइनेछ। | • यस कार्यक्रम अन्तर्गत पशुपन्छीमा लाग्ने खोरेत (FMD), रेविज, स्वाईन फिभर, पि.पि.आर, रानीखेत, डिस्टेम्पर, लम्पी स्किन, एच.एस.वि.क्यू र कोरोना जस्ता संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि कुल जम्मा २६,१६,०८० खोप लगाईएको छ। |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २५ | पशुपन्छीमा देखा पर्ने रोग तथा दुधालु पशुमा देखिने बाँझोपन निवारणका लागि खोप तथा शिविर मार्फत आधारभूत औषधी निःशुल्क रूपमा उपलब्ध गराइनेछ। पशुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न ४० हजार निःशुल्क सहित एक लाख पशुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ। पशुपालन व्यवसायमा उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्रवर्धन गरिनेछ। | • जातीय वंश सुधार मार्फत् पशुवस्तुको उत्पादकत्व वृद्धि गर्न कुल ८८४११ पशुवस्तुहरूमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ। |
| २६ | कृषि क्षेत्रको विकासमा महिलाको सम्मानजनक सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। सीमान्तकृत, मुक्त कमैया कम्लरी, भूमिहीन, गरिब घरपरिवार परिचयपत्र प्राप्त विपन्न नागरिकलाई लक्षित गरी आयआर्जन तथा स्वरोजगारमलक कार्यक्रम ल्याईनेछ। कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी क्षमता एवम् उद्यमशीलता विकास तथा बीमा सम्बन्धी कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरिनेछ। | • लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम अन्तर्गत कृषि तर्फ तरकारी, खरवुजा, मकै, दलहन,कागती,धान,कफी,सुन्तला, खाद्यान्न आदी बालीहरूमा जम्मा ५१.३४ हे. क्षेत्रफलमा उत्पादन प्रवर्द्धनसँग सम्बन्धित तरकारी वीउ, विषादी, प्लाष्टिक घर निर्माण, साना कृषि यन्त्र उपकरण, सिँचाइ पाइप वितरण लगायतका क्रियाकलापहरू सञ्चालन भई ४११ जना लक्षित घरपरिवार संख्या लाभान्वित भएको। त्यसैगरी पशुपन्छी तर्फ कुखुरा १०९५०, बाखा ३६७, वंगुर ९३, पाडी २२ संख्यामा ४१३ लक्षित घरपरिवारमा वितरण गरिएको। |
| २७ | स्वच्छ र स्वस्थ कृषिजन्य उपज उपभोगका लागि रासायनिक विषादी तथा प्रतिजैविक पदार्थको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ। पशुजन्य उत्पादनको गुणस्तर कायम गर्न एवम् खाद्य स्वच्छताको सुनिश्चितताका लागि असल पशुपालन अभ्यास र असल उत्पादन अभ्यास अवलम्बन गरी स्वस्थकर उत्पादन र उपभोगलाई प्रोत्साहन गरिनेछ। | • खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी उद्योगी, व्यवसायी, सरकारी तथा गैह्र सरकारी संस्थाका कर्मचारी लगायतका सरोकारवालाहरूको सहभागितामा अन्तरक्रिया गोष्ठी संचालन भएको। |
| २८ | प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्न नमूनाको रूपमा प्राङ्गारिक जिल्ला घोषणा भएको रुकूम (पूर्वी भाग)मा कृषि उपजको प्राङ्गारिक उत्पादन, प्रमाणीकरण बजारीकरणमा आवश्यक सहयोग गरिनेछ। | • प्राङ्गारिक कृषि उपज प्रवर्द्धन कार्यक्रम अन्तर्गत १० रोपनी क्षेत्रफलमा वर्षे आलु उत्पादन प्रवर्द्धनका लागि वीउ वितरण गरिएकोमा अनुमानित ६ मे.टन. उत्पादन भएको। त्यसैगरी अगुवा कृषकलाई तालिम प्रदान गरी १२ जना आन्तरिक अर्गानिक निरीक्षक तयार गरिएको। |
| ३० | कृषि ऋणमा पहुँच वृद्धि गर्ने र व्यवसायमा टेवा पु-याउने उद्देश्यले सञ्चालित शुलभ कर्जा | • यस कार्यक्रम अन्तर्गत ७१ आयोजनाहरूको लागि जम्मा रकम रु. ३८१३६१३.६६ कृषि ऋणमा |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | ब्याजमा अनुदान कार्यक्रमलाई सरलीकृत गर्दै विस्तार गरिनेछ। कृषि क्षेत्रमा हुने लगानी र प्रतिफललाई सुनिश्चित गरी जोखिम न्यूनीकरण गर्न कृषि बीमा कार्यक्रमलाई विस्तार गरिनेछ। बीमालेख तयारी र भुक्तानी दाबीलाई सरलीकृत गर्न डिजिटल माध्यमलाई प्रयोगमा ल्याउन शुरुवात गरिनेछ। | व्याज अनुदान वापत उपलब्ध गराईएको। यसबाट कृषि उद्यम स्थापना तथा सञ्चालन गर्न सहयोग पुगी कृषि व्यवसायिकरणमा सहयोग पुगेको। |
| ३२ | भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि जग्गाको नापजाँच गर्न र जग्गाधनी दर्ता स्रेस्ता तथा पूर्जा तयार गर्न आवश्यक सहजीकरण गरिनेछ। | • भूमि समस्या समाधान आयोगको समन्वयमा जिल्ला समितिका पदाधिकारीहरूलाई कार्ययोजना निर्माण, प्रक्रिया र भूमि सम्बन्धी प्रचलित कानुनबारे अभिमुखीकरण गरियो। |
| ३३ | आधुनिक प्रविधि र पद्धतिको अवलम्वन गरी डिजिटल प्रविधिबाट जग्गाको नापजाँच गर्न संस्थागत र कानूनी व्यवस्था गरिनेछ। प्रादेशिक भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ। कृषियोग्य जग्गाको संरक्षणका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। | • भूमि व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको। |

**वार्षिक बजेट वक्तव्यको प्रगति विवरण**

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २९ | किसानको हातः प्रदेशको साथ" को नारालाई आत्मसात गर्दै प्रदेश भित्रका सबै जिल्लाहरूमा बाली एवम् वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमका लागि बाली र पशुपन्छीतर्फ गरी जम्मा रू. १० करोड ७२ लाख विनियोजन गरेको छु। | • यस कार्यक्रम अन्तर्गत कृषितर्फ ११९४.१ हेक्टरमा आलु (१४ हे), मकै (१४१.४ हे), तोरी (४८१.९हे), मुसुरो (१०५ हे), धान (२०० हे), सुन्तलाजात फलफूल (१९.८ हे), वर्षे आलु (२५ हे), तरकारी (२१७ हे) खेतीका लागि वीउ, विषादी, सुक्ष्मतत्व, सिंचाई सम्बन्धी सामाग्री तथा अन्य यन्त्र उपकरणहरू वितरण भई २८२२ जना कृषक लाभान्वित भएको।<br>• कृषकमाझ आधुनिक प्रविधिको प्रयोग विस्तार भई उत्पादकत्वमा करिव १० प्रतिशत वृद्धि भएको।<br>• पशुपन्छीतर्फ भैंसी (४७६ संख्या), बाख्रा (२३९८ संख्या) र बङ्गुर (३६२ संख्या) पालन भई जम्मा ३९४ कृषक घरधुरी लावान्भित भएको। |
| ३० | कृषिको प्रमुख आधारको रुपमा रहेको सिंचाइलाई प्राथमिकता दिई साना सिंचाइ आयोजना मार्फत थप २५० हेक्टर सिंचित क्षेत्र विस्तार गर्दै विभिन्न जिल्लामा निर्माण भएका सिंचाइ आयोजनाको कमाण्ड क्षेत्रमा थप १५०० हेक्टरमा वाली सघनता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसका | • यस कार्यक्रम अन्तर्गत ९२३ वटा साना सिंचाइका आयोजनाहरू सम्पन्न भएका छन्। थप ५१४.१५ हे. सिंचित क्षेत्रफल विस्तार भएको। ४७०६ मिटर कुलो निर्माण, २२२ सिंचाइ पम्पसेट, १२८ वटा स्यालो ट्यूववेल जडान, ७ वटा डिपबोरिङ्ग सिंचाइ जडान, ७३ वटा सिमेन्टेड ट्यांकी सिंचाइ जडान, १३ सेट थोपा सिंचाइ, ३१३ मोटर र ४७००४ मिटर पाइप वितरण गरिएको छ।१५९५ जना कृषक परिवार लाभान्वित |

| बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
| --- | --- | --- |
| | लागि रू. ६ करोड १६ लाख विनियोजन गरेको छु। | भएका। बाली सघनता वृद्धि कार्यक्रम सञ्चालन पूर्व १५६ प्रतिशतबाट २२१ प्रतिशत पुगेको।<br>• ठूला सिंचाइ आयोजनाहरूको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम २२०.६५ हे. क्षेत्रफलमा सञ्चालन भएको। वसन्ते मकै (२१०.७ हे), मुङ (३.७५ हे), मास (५ हे) र चैते धान (१.२ हे) खेतीका लागि वीउ वितरण भई वाली सघनता वृद्धि कार्यक्रम सञ्चालन पूर्व २२५ प्रतिशतबाट २७५ प्रतिशत पुगेको। |
| २५ | वजेट कार्यान्वयमा प्रभावकारिता ल्याउन आगामी आर्थिक वर्षबाट साउन मसान्तभित्र नै कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्ययोजनाको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालयलगायतका निकायबाट नियमित रुपमा अनुगमन गरिनेछ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले पुष मसान्तसम्म आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था मिलाइनेछ। | दक्ष तथा सम्बन्धित विषयविज्ञ कर्मचारीको अभावमा अनुगमन कार्य गर्न नसकिएको। |

### विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | कूल बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | **चालु खर्च** | २७८२६ | ११९२६ | ४२.८६ |
| २. | पुँजीगत खर्च | २४७४ | २११ | ८.५२ |
| | **कुल जम्मा** | ३०३०० | १२१३७ | ४०.०६ |

### स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण

| क्र.स. | कार्यक्रम/आयोजना | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|
| **पुँजीगततर्फ** | | | | | | |
| १. | कार्यालय सञ्चालनसँग सम्बन्धित मेशिनरी तथा औजार | | ५,००,०००।- | १,२५,७२८।- | २५.१४ | १०० |
| २. | कार्यालयको लागि फर्निचर फिक्चर्स | | १,९९,०००।- | ८४,९७६।- | ४२.७ | १०० |
| ३. | परियोजना बैंक सफ्टवयर सुदृढीकरण, स्थानीयकरण र विकास | | ५,००,०००।- | ०।- | - | |

| चालुतर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | चौमासिक/ वार्षिक समीक्षा | | ६,००,०००।- | १,१२,३००।- | १८.७ | ५० |
| २ | नीति संवाद कार्यक्रम | | २,७४,०००।- | ६०,३३३।- | २२ | १०० |
| ३ | अनुगमन तथा मूल्याङ्कन | | ८,००,०००।- | ५५,७७२।- | ७ | ७ |

## बेरुजु सम्बन्धी विवरणः

| क्र.सं. | बेरूजु किसिम | आ२०८.व.१८/२ सम्मको | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ५३९.८२०।- | - | ५३९.८२०।- |
| २ | असुल उपर गर्नु पर्ने | ९४.६४०।- | - | ९४.६४०।- |
| ३ | पेश्की | | | |
| | कूल जम्मा | ६३४.४६०।- | - | ६३४.४६०।- |

# परिच्छेद -४
# विविध

## ४.१ प्रदेश गौरवका आयोजनाको प्रगति प्रतिवेदनः

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | क्षमता | एकाई | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माण | रुपन्देही | १२०० शैय्या | एक | २०८० पौष २६ मा सम्झौता | २०८५/९/२६ | ८,९९७,५६४,१९९ | २६% | १६% ( पेश्की रकम बाहेक) | २ तहको basement को कार्य सम्पन्न भई भुई तल्लाको काम भैरहेको |
| २.१ | प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (पहिलो चरण) | दाङ्ग | १० वटा भवन र अन्य पूर्वाधार | | २०७९।०८।२८ | २०८२।०९।१७ | ४२०९१४००७३ | ८५ | २,४९७,५३९,११३ | |
| २.२ | प्रदेश राजधानी व्यवस्थापन तथा निर्माण कार्य (दोश्रो चरण) | दाङ्ग | प्रदेश सभा भवन र अन्य पूर्वाधार | | २०८०/१/२९ | २०८२/२/१५ | ७४५८९४४८० | ४० | १५१,१०३,५८० | |
| ३ | लुम्बिनी प्राविधिक विश्वविद्यालय, नेपालगंज | बाँके | Btec Civil, Btech IT, CSIT संचालन | | २०७९ साउनमा स्थापना | २०८० भदौ देखि कक्षा संचालन | २०८०/८१: १० करोड २०८१/८२: ९ करोड | स्थायी भौतिक पूर्वाधार निर्माण सम्बन्धि कार्य सुरु नभएको | आ.व. २०८१/८२ मा रु.६४६५०००० | |
| ४.१ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) सन्धीखर्क-धारापानी-चुजाठाँटी सडक - ३२ कि.मि. | अर्घाखाँची | १६.५ | कि.मि. | ११/१९/२०७६ | ६/१०/२०७८ | २४,०८२,१६५ | १०० | १६०,९३३,६०५ | कालोपत्रे सम्पन्नः १६.५ कि.मी. |
| ४.२ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) सन्धीखर्क-धारापानी-चुजाठाँटी सडक - ३२ कि.मि. | अर्घाखाँची | ९.५ | कि.मि. | ६/२८/२०७९ | ३/२५/२०८३ | २९७,८६६,९६६ | ४२ | ९३,१३८,०५६ | २१० मि. ढलान कार्य सम्पन्न तथा सडक संरचनाहरूको निर्माण कार्य हुदै |

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | क्षमता | एकाई | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.३ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) नरपानी ढिकुरा नुवाकोट पोखेडाँडँ सडक (पोखेडाँडा चेरामाटी खण्ड)- १८ कि.मि. | अर्घाखाँची | ५ | कि.मि. | १२/२/२०७७ | ३/३१/२०७९ | १२२,५५९,१४६ | १०० | ६७,५९०,७०७ | कालोपत्रे सम्पन्न ५ कि.मि. (भुमिकास्थान न.पा. पहुँच मार्गमाबाट निर्माण कार्य भएको) |
| ४.४ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) नरपानी ढिकुरा नुवाकोट पोखेडाँडा (नरपानी खाँचीमैदान खण्ड) सडक १८ कि.मि. | अर्घाखाँची | ३.२ | कि.मि. | ३/७/२०८१ | ६/३०/२०८२ | ११०,७४२,००७ | १०० | ८५,२९५,८३२ | ३.२ कि. मि. कालोपत्रे सम्पन्न (भुमिकास्थान न.पा. पहुँच मार्गमाबाट निर्माण कार्य भएको) भुक्तानी बाँकी |
| ४.५ | प्रदेश गौरवको सडक रामपुर कपुरकोट पाणिनी गा.पा. पहुँच मार्ग खण्ड (घुम्ति-तिनगीरे खण्ड)- ३० कि.मि. | अर्घाखाँची | ११.५ | कि.मि. | १/२१/२०७८ | ६/२८/२०८० | २४५,९४७,८९० | १०० | १३१,७९२,०१९ | कालोपत्रे सम्पन्नः ११.५ कि.मि. (पाणिनी गा.पा. पहुंच मार्गमाबाट निर्माण कार्य भएको) |
| ४.६ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट पाणिनी गापा पहुँच मार्ग खण्ड घुम्ती-तिनगीरे सडक (दुर्गाफाँट पोखराथोक खण्ड) ३० कि.मि. | अर्घाखाँची | ६.१५ | कि.मि. | ३/७/२०८१ | ३/३०/२०८२ | २०९,७५४,१२४ | ६० | ७८,५६२,८४४ | १९० मि. सडक ढलान भएको. ५ कि.मि. ग्राभेल भएको र सडक संरचनाहरूको निर्माण कार्य हुदै (पाणिनी गा.पा. पहुँच मार्गबाट निर्माण कार्य भईरहेको) |
| ४.७ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) तानसेन-रिडी वाइपास सडक- ३.२ कि.मि. | पाल्पा | ३.२ | कि.मि. | ११/१५/२०७६ | ८/२५/२०७८ | ६७,९५१,३८७ | १०० | ५९,२२३,६०९ | कालोपत्रे सम्पन्नः ३.२ कि.मी. |

| क्र.सं. | आयोजनाको नाम | जिल्ला | क्षमता | एकाई | शुरु मिति | सम्पन्न हुने मिति | कुल लागत रु. | भौतिक प्रगति (%) | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.८ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) आर्यभञ्ज्याङ्ग रामपुर सडक- ४८ कि.मि. | पाल्पा | ५.५ | कि.मि. | ३/२०/२०८० | ३/१९/२०८३ | २४७,३०९,९९८ | ४५ | १०५,४६३,४३२ | ४ कि.मि. सडक ग्राभेल भएको, सडक चौडा गरि टेवा पर्खाल, ह्युम पाइप क्रसीङ र सडक नालीको काम हुदै |
| ४.९ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) दाखाक्वाडी-बज्रिबाङ्ग-भिग्री सडक - २१ कि.मि. | प्यूठान | ५ | कि.मि. | २/२७/२०७७ | ९/२९/२०८० | १७५,२०१,६३६ | १०० | १०७,१६३,४२७ | कालोपत्रे सम्पन्नः ५ कि.मी. |
| ४.1 | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) दाखाक्वाडी-बज्रिबाङ्ग-भिग्री सडक -२१ कि.मि. | प्यूठान | १.३ | कि.मि. | १/२७/२०८१ | १/३०/२०८२ | ४०,०३३,१०९ | १०० | २३,९९७,३५१ | निर्माण कार्य सम्पन्नः १.३ कि.मि. ग्राभेल। |
| ४.११ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) निगालपानी-दहवन सडक खण्ड- १२.१३ कि.मि. | रोल्पा | २.५ | कि.मि. | १०/२२/२०८० | ३/५/२०८१ | ३७,०२७,९१९ | १०० | २५,०११,०४० | ग्राभेल सम्पन्नः २.५ कि.मी. |
| ४.१२ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) हार्थोक छहरा खण्ड- २४ कि.मि. | पाल्पा | ६.८ | कि.मि. | | | २६५,००१,४७१ | | | वोलपत्र मूल्याङ्कनको चरणमा रहेको। |

## ४.२ आर्थिक वर्ष २०८१/८२ मा स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजनाहरुको विवरण

प्रदेशका आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१ बमोजिम आर्थिक वर्ष २०८१/८२ मा स्रोत सहमति प्रदान गरिएका आयोजनाहरुको विवरणः **(रु.हजारमा)**

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | ६५४८६३८ | ८६२१०० | ३५१३५५७ | २१७२९८१ |
| १ | अमराई जुकेना देउराली एरावती सडक (पतंजली मार्ग) स्तरोन्नति,शि.न.पा.-४,५ | ४९९९७ | ८००० | ४१९९७ | |
| २ | अमलाबास-धजाबान्ने मुख्य सडक कालोपत्रे योजना, रैनादेवि छहरा गा.पा., पाल्पा | ३२३९७ | ५००० | २७३९७ | |
| ३ | कंचन पहुँच मार्ग, रुपन्देही | २३१२९४ | १८५०० | १२७६७६ | ८५११७ |
| ४ | कन्चन खोला झोपू शितगंगा १४ र सैनामैना १० जोड्ने, रुपन्देही | १९५७४ | २००० | १०५४४ | ७०३० |
| ५ | कालाखोला—वडा कार्यालय हुदै शान्ति उद्यान पार्क गणेशपुर सडक तुलसीपुर ७ | ४९४२० | ७५०० | २०९६० | २०९६० |
| ६ | कुड्रीबोट-भिरखर्क-जरेनी-दवारे हुँदै पश्चिम रुकुम जोड्ने मोटरबाटो निर्माण, परिवर्तन गा.पा.,रोल्पा | ९९१९९ | १५००० | ५०५१९ | ३३६८० |
| ७ | कैलाशनगर हरियाली टोल वेलभारिया गाँउको वडा कार्यालय हुदैं कृष्णगंज जाने बाटो स्तरउन्नती तथा विस्तार (अनुमानीत ४ कि.मि), रुपन्दही | ४९८५७ | ७५०० | २५४१४ | १६९४३ |
| ८ | क्वालीगाउँ र मन्घा जोड्ने क्वालीगाउँ गजुलखोला झोलुङ्गे पुल निर्माण, सुनिलस्मृती ५,रोल्पा | ४३३५७ | १०००० | ३३३५७ | |
| ९ | खैरेनी जोहाङ्ग जुनिया र भार्से सडक, सत्यवती गा.पा | ३४९९९ | ५००० | २५००० | ४९९९ |
| १० | गाईघाट कल्लाबारी टाँकीचौर रानीमहल स्याङ्जा जोड्ने सडक कालोपत्रे, पाल्पा | ४९९४० | १०००० | ३९९४० | |
| ११ | गुर्दुम खोला सडकपुल, शान्तिपुर ववई खोला जोड्ने सडक | २६३३२ | ४००० | २२३३२ | |
| १२ | गैडाकोट-जुभुङ्ग-मजुवा (ठूलाचौर,घुम्ती,जुभुङ्ग,मजुवा सडक खण्ड) गुल्मी दरवार ७,३ हुदै २ नं वडाको वडिगाड नदी सम्म २० कि.मि., गुल्मी | १००३२९ | १०००० | ५४१९७ | ३६१३२ |
| १३ | चौतारी घोलामा पुल | ४७४५९ | १०००० | २६२२१ | ११२३८ |
| १४ | चौलिक्का चौक देखि बालेगाउ हुँदै भाटनपुर्वा हुन्दै डुडुवा-२ सम्म जोड्ने सडक वडा न १४ बाँके | ५३२५३ | ८००० | २३००० | २२२५३ |
| १५ | छल्दी पनाह — इन्द्रेगौडा सडक (१४.८) कि.मि, गुल्मी | १२५१४८ | १५००० | ६६०८९ | ४४०५९ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| १६ | छल्दीखोला झो.पु., इश्मा २ गुल्मी ;राताचौर बडिगाड झो.पु. मुसिकोट २ र ७ गुल्मी ;र चम्दी झो.पु. रुरुक्षेत्र ५ र सत्यवती ६ गुल्मी | २४४०० | ८००० | १५००० | १४०० |
| १७ | जितपुर (रामग्राम नपा) बरमपुरवा बैरवा विष्णुपुर सडक स्तरोन्नती | ५८०७४ | ३००० | ३३०४४ | २२०३० |
| १८ | जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं.—४ मरामा वालाजी होटल तर मदवा सडक स्तरोन्नति | ४९२८१ | ७५०० | २०००० | २१७८१ |
| १९ | झमरुक गा.पा. पहुँच मार्ग बाग्दुला मच्छिसडक स्तरोन्नती, प्यूठान | ५०००० | ७५०० | ४२५०० | |
| २० | झर्नैया खोला सडक पुल, औरी देखि मराम जोडने, बाहवर्दिया ८ | ७७५४४ | ७५०० | ७००४४ | |
| २१ | डवर कुला ५ देखि गनार खेत हुदै भुढारा-कालाठुटा-खरिवोट-लम्चपेदी हुदै तल्लो गुरौ जोड्ने सडक घोराही १२, दाङ | ४८५२३ | ७५०० | २०५११ | २०५११ |
| २२ | तल्लो खैरेनी देखि सुन कौडा जोड्ने बाटोमा कल्भर्ट, देवदह-७ | २०५०९ | १००० | ११७०६ | ७८०४ |
| २३ | तानसेन १० वृन्दावन देखि वगैचा जोडन् सडकपुल | १४९१९ | २००० | १२९१९ | |
| २४ | तिघ्रा देखि प्रयागपुर, क्रान्तिपुर, सिन्दुरा पुरानो बस्ती हुदै सोहरिया सम्म सडक स्तरोन्नती, राजापुर न पा ३ | ४९९६४ | ७५०० | ४२४६४ | |
| २५ | दम्चन घम्लिवाङ्ग झो.पू. निर्माण, पुथाउत्तरगंगा | ३५२७९ | २००० | ३३२७९ | |
| २६ | दुर्गाखोला पुल निर्माण, पाणिनी ३ र ५, अर्घाखाँची | ४९९९२ | २०००० | १७९९५ | ११९९७ |
| २७ | देउराली डाडाँकटेरी हंशपुर सडक कालोपत्रे तथा स्तरोन्नती, मालारानी, अर्घाखाँची | १८०४९७ | २०००० | ९६२९८ | ६४१९९ |
| २८ | दोभान-नुवाकोट-बेलबास सडक (शिद्धबाबा बैकल्पीक मार्ग), तिनाउ २, पाल्पा | ४९९९८ | १०००० | ३९९९८ | |
| २९ | दोमै खोला सडक पुल, दोमै कोर्जा भलावट भैसिलोट्ने दवारो सडक | ७७१६८ | १०००० | ३०००० | ३७१६८ |
| ३० | नारिकोट पार्टि कार्यालय जाने वाटोमा कल्भर्ट निर्माण | १९६१३ | २००० | १०००० | ७६१३ |
| ३१ | नेपालगंज १७ परसपुर चोकदेखी सुख्खा बन्दरगाहा सडक स्तरोन्नती | ६६६५९ | १०००० | ३०००० | २६६५९ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ३२ | नेपालगंज उपमहानगरपालिका वडा नं. १६ जैसपुर भन्सार देखि पचपोकरा साईगाँउ हुँदै बढैया शिवपुरी खजुरा गा.पा. १ को बेलडाँडा सम्मको सडक, बाँके | ६६५४० | १०००० | ३०००० | २६५४० |
| ३३ | नौघाट माडी खोलामा पक्की पुल ऐरावती र सरुमारानी गापा प्यूठान | २१५८८४ | ३०००० | ५५७६५ | १३०११८ |
| ३४ | पर्यटकिय करिडोरकालागि सुस्ता-अनुमाघाट-विगेपताल-मदारबाबा-चुहाडी र त्रिवेणीलाई डि.पि.आर सहित अन्य कार्य, नवलपरासी | ५२२४६ | ७५०० | २६८४८ | १७८९८ |
| ३५ | पलेय देखि भुर्तिवाङ जोड्ने झो.पु. निर्माण, भुमे ७ | ३९०५४ | २००० | ३७०५४ | |
| ३६ | पश्चिम खैराटी, डुमरिया, वहरवासी, विचवापुर, चौधहवा सडक मायादेवि गा.पा. ३, कपिलवस्तु | ६६४२६ | १०००० | ३०००० | २६४२६ |
| ३७ | पाणिनी गा.पा.-3 अर्घाखाँची, वाक्लेखोला-वरकारुख-बगैचा Motorable पुल | ४९८८६ | १०००० | २३९३२ | १५९५४ |
| ३८ | प्रदेश गौरवको आयोजना : रामपुर कपुरकोट सडक (जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग) हार्थोक छहरा सडक खण्ड पाल्पा | २६५००१ | ४०००० | १३५००१ | ९०००१ |
| ३९ | प्रादेशिक प्राविधिक सहयोग प्रदायक (PTAP) संस्थाको परामर्श सेवा (झोलुङ्गे पुल र सडकपुलको) वापतको रकम भुक्तानी | २४६०४ | ८००० | ८००० | ८६०४ |
| ४० | बढैयाताल पहुँच मार्ग निर्माण कार्य | ५७९४६ | ७५०० | ५०४४६ | |
| ४१ | बनगाई, भलवाड, डोटे सडक कपिलवस्तु अर्घाखाँची दुई जिल्ला जोड्ने सडक स्तरोन्नती, कपिलवस्तु | ६६०७१ | १०००० | ३०००० | २६०७१ |
| ४२ | बम्नै नवलपुर खाद्रे खुमखानी सडक योजना, तुलसीपुर ४,७ दाङ | ६५८९९ | १०००० | २७९५० | २७९५० |
| ४३ | बागीखोला बक्स कल्भर्ट निर्माण, सन्धिखर्क पकले धारापानी चुजाठाँटी सडक, सन्धिखर्क १ र २ | ३३३१८ | ९५०० | २३८१८ | |
| ४४ | बागीखोला सडक पुल, खिर्राबोट टारी बजेरी भेडिराख्रे सडक | ४६९३२ | १०००० | २२१५९ | १४७७३ |
| ४५ | बाङगेसाल कासकोट नौघाट जाबुने हरियागाँउ गोठिबाङ चोरपानी खलङ्गा प्यूठान | ४५३३२ | ६८०० | ३८५३२ | |
| ४६ | बुद्धनगर-सेरोवा-किशुली सम्मको सडक सैनामैना-५ रुपन्देही | ११९४४८ | १२००० | ६४४६९ | ४२९७९ |
| ४७ | बुद्धभूमि नगरपालिका वडा नं. ९ पुल्चोक देखी ग्लोवल डेरी हुदैं खाला सम्मको बाटो कालोपत्रे, कपिलवस्तु | ९९१८७ | १५००० | ३०००० | ५४१८७ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ४८ | बेथरी कुट्टा छपिया बनघुसरी फर्साटिकर हुँदै तामनगर सम्म जोड्ने सडक निर्माण, सियारी गापा रुपन्देहि | १४५७५८ | २८००० | ७०६५५ | ४७१०३ |
| ४९ | बैजनाथ गा.पा.को च्याम देखि खजुरा गा.पा. वडा नं. १ राधापुर जोड्ने सडक निर्माण (२९ कि.मी), बाँके | ६६६६५ | १०००० | ३०००० | २६६६५ |
| ५० | भटेनी घोला कल्भर्ट पर्सोहिया मानपुर जगदिशपुर सडक | १७९३५ | १५०० | १०००० | ६४३५ |
| ५१ | भण्डारीटोल सडक कालोपत्रे तथा रैदी खोला कल्भर्ट निर्माण योजना रेसुङ्गा ४ | १९३८५ | २५०० | १६८८५ | |
| ५२ | भारतको बोर्डर बेनीपुर देखि दुबौलिया, दरखावा, मधुरी, मटियरिया, करुवानी, ठठरिहवा, जमुहानी हुँदै कान्छी बजार सडक कालोपत्रे (डि.पि.आर भइसकेको), रुपन्देही | ९८५०१ | १४८०० | ५०२२१ | ३३४८० |
| ५३ | मधुवन न.पा. वडा नं. १ र २ पत्थरबोझी जोड्ने ओरही नदिमा पक्की पुल निर्माण | ३४४६०७ | ३००० | १३६६४३ | २०४९६४ |
| ५४ | मधुवन न.पा. वडा नं. २ ओराली बजार देखि ठाकुरबाबा न.पा.९ जोड्ने अधुरो बाटो नालि सहित कालोपत्रे (पर्यटकिय क्षेत्र) १५ कि.मि., मधुवन २,१ र ठाकुरबाबा ९, बर्दिया | ९९५३५ | १०००० | ५३७२१ | ३५८१४ |
| ५५ | मर्थिखोला सडकपुल पचेघा वनगाई सोहसा सडक | २३९३९ | ७५०० | १०००० | ६४३९ |
| ५६ | माडीखोला (भारनीबाङ) सडक पुल, भारनीबाङ दहबाङ भाबाङ जलजला सडक रोल्पा | १०७७५७ | १०००० | ७५००० | २२७५७ |
| ५७ | मायादेवी गा.पा. वडा नं. १, २ र ३ जोड्ने दानव नदी निबिहवा घाटमा पक्की पुल निर्माण | ३१८६३९ | ४५०० | १८८४८३ | १२५६५६ |
| ५८ | रङ्गशालापथ (तिलोत्तमाको आन्तरिक वाइपास सडक) सडक निर्माण, तिलोत्तमा १, रुपन्देही | ७५४२२ | १०००० | ३९२५३ | २६१६९ |
| ५९ | रचनपुरा गाउँदेखि पश्चिम नहरको छेउमा कल्भर्ट | १०३५३ | १००० | ९३५३ | |
| ६० | रतनपुर पूर्णिहवा विचमा पुल निर्माण (यशोधरा -६ ) | २०७७० | ७००० | १०००० | ३७७० |
| ६१ | रातमाटा-कठान-गैटार-प्याकलुक पक्कीपुल जोड्ने बाटो स्तरोन्नती र कालोपत्रे, पाल्पा | ६१४९९ | १०००० | ३०००० | २१४९९ |
| ६२ | रानीजरुवा देखि सिरकुलो सम्मको सडक तुल्लसीपुर दाङ | ९२६१९ | १५००० | ३८८१० | ३८८१० |
| ६३ | रासीसोनारी ७ सोनपुर हेल्थपोष्ट हुँदै पिपरहवा गंगापुर हुँदै मटैहिया जोड्ने सडक कालोपत्रे, रासीसोनारी ७, बाँके | ९९९९९ | १५००० | ५०००० | ३४९९९ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ६४ | रामपुर २ र १ जोड्ने सिउडेखोला सडकपुल | ४१०१५ | ७५०० | ३०००० | ३५१५ |
| ६५ | रुद्रवेणी अस्लेवा ठूलो लुम्पेक पूर्तिघाट सडक योजना सत्यवती गा.पा., गुल्मी | १३९९९८ | २०००० | ७१९९९ | ४७९९९ |
| ६६ | लाखर खोला (गङ्गेरी) सडकपुल, भुमे-९ चुनवाउ | ४९४११ | १५००० | २०००० | १४४११ |
| ६७ | लालपाटी खाण ठटिया कल्भर्ट निर्माण | १६३१२ | २००० | १४३१२ | |
| ६८ | लुङ दोभाई तुषाराकोट पुल | १२१५६७ | १५००० | ५३२८४ | ५३२८४ |
| ६९ | वाग्दुरीखोला कल्भर्ट निर्माण | १५७४१ | २५०० | १३२४१ | |
| ७० | विशवाघोला कल्भर्ट देविपुर डालपुर सडक खण्ड विजयनगर-5 | १९८४९ | १५०० | १०००० | ८३४९ |
| ७१ | विहार ओर्खेरे बाटोमा पर्ने बाँगी खोलामा पुल निर्माण, सन्धिखर्क १० र ११ अर्घाखाँची | ५३७६६ | ५००० | २९२५९ | १९५०६ |
| ७२ | शसस्त्र प्रहरी बल नेपाल नं. ५ वृन्दबासीनी बाहिनी चन्द्रौटा पहुँच तथा परिसर सडक स्तरोन्नती | २८७३७ | ५००० | १५००० | ८७३७ |
| ७३ | शितलनगर, गैडहवा ८ वडा कार्यालय, हसनापुर हुँदै पहाडिकुट्टा सडक निर्माण, गैडहवा ८, रुपन्देही | ९९५८९ | १०००० | ५३७५३ | ३५८३६ |
| ७४ | शिवराज न.पा.को जवाभारी देखि कृष्णनगर नगरपालिका वडा नं. ८ को लोहरौला, गणेशपुर, पल्टा, हुलाकी सडक बाट देवनगढीया,डगरमरवाा हुँदै कृष्णनगर ६ को डेरवा डबरा सम्मको सडक निर्माण(डि.पि.आर भएको), कपिलवस्तु | ७०२५८ | १५००० | ५०००० | ५२५८ |
| ७५ | शिशैखोला कल्भर्ट, पश्चिम खैटारी डुमरिया सडक | १५७३९ | २००० | १०००० | ३७३९ |
| ७६ | श्रीनारायण चोकदेखि देवीकोट जाने दोलही खोलामा पुल | ८५४३० | १५००० | ३५००० | ३५४३० |
| ७७ | साडी देखी झरबैरा सम्म सडक कालोपत्रे दुरी ६ कि.मि, गैडाहवा गा.पा. ०१, रुपन्देही | ४९७९५ | ७५०० | २५३७७ | १६९१८ |
| ७८ | सिंहभवानी, दाङपुरवा, चिललेटा, विकासनगर, नौलापुर हुदै बानियाभार जोड्ने सडक कालोपत्रे, बाँके | ६६६१९ | १०००० | ३०००० | २६६१९ |
| ७९ | सिघ्रेखोला पक्की पुल निर्माण, मालारानी-५ | ४०२८९ | ५००० | २११७४ | १४११६ |
| ८० | सितखोला झोपु, फलाचौर र पातलटोल जोड्ने, सितगंगा २ | २९५२३ | २००० | १६५१४ | ११००९ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ८१ | सियारी खोला सियारी गा.पा. वडा नं. ६ र ७ जोड्ने पक्की पुल निर्माण डि.पी. आर. समेत र बुटवल १८ दुबैली र शुद्धोधन ३ सियाभार जोड्ने पक्कि पुल निर्माण, बुटवल १८ | ४४२९६ | ५००० | २३५७८ | १५७१८ |
| ८२ | सिलादी घमिर अर्खाबाङ्ग पालिका पहुच मार्ग मोटरबाटो कालोपत्रे योजना, गुल्मी | १५०१४९ | १५००० | ८१०८९ | ५४०६० |
| ८३ | सुखौरा खोलापुल सैनामैना-6 | १११५५५ | २००० | ६५७३३ | ४३८२२ |
| ८४ | सुनवल न.पा. ४ दामोदरकुण्ड देखि सुनवल न.पा. १ सोमनाथ खोला उत्तरपट्टि ढल निकास आयोजना, सुनवल न.पा., नवलपरासी (बसुप) | ५३५०७ | १५००० | २३१०४ | १५४०३ |
| ८५ | सुलिचौर अरेश पाटलकटेरी प्यूठान सडक कालोपत्रे बहुवर्षिय सुनिलस्मृती ८, रोल्पा | ९९१८९ | १५००० | ५०५१४ | ३३६७६ |
| ८६ | सुलिचौर अरेश सडकको जुतुङखोलामा मोटरेवल पुल, डिपिआर भएको, सुनिलस्मृती ८, रोल्पा | ६३९३८ | १५००० | ४८९३८ | |
| ८७ | सुलिचौर काभ्रा क्वालिगाउँ फलिबाङ लकसमारे सडक कालोपत्रे,सुनिलस्मृति ५ रोल्पा | १३२२५३ | २०००० | ६७३५२ | ४४९०१ |
| ८८ | हर्दसर्दिहवा झो.पु. महाराजगंज न.पा. कपिलवस्तु | २००४५ | ४००० | १०००० | ६०४५ |
| ८९ | हाडवास अमिलिया झोलुङ्गे पुल | २७९३८ | ७००० | २०९३८ | |
| ९० | हुमिन-देविनगर-जल्पा-बहादुरपुर सडक निर्माण आयोजना, रम्भा, पूर्वखोला, माथागढी, पाल्पा | ९९९९८ | १५००० | ५०००० | ३४९९८ |
| | **उर्जा,जलस्रोत तथा सिँचाई मन्त्रालय** | **७७८३३८** | **९८०२५** | **४८८८१४** | **१९१४९९** |
| ९१ | अरुणखोला बृहत सिचाई योजना, निस्दी ४, पाल्पा | ७६६४३ | १४५०० | ३२७०० | २९४४३ |
| ९२ | कंचनिया सोत्वा नाला सिचाई योजना महाराजगंज न.पा.- १०, कपिलबस्तु | ५८५१९ | ९००० | ४१७८३ | ७७३६ |
| ९३ | खयरभट्टी सिँचाइ योजना, शितगंगा न.पा. ११, अर्घाखाँची | २६००० | ३२५० | २२७५० | |
| ९४ | गोईतिवाङ सिँचाइ योजना, त्रीवेणी-५, रोल्पा | ४९९४६ | २३०० | २६५०३ | २११४३ |
| ९५ | घारीचौर सिंचाइ योजना, बंगलाचुली गा.पा.-७, दाङ | २८३८३ | ४००० | २४३८३ | |
| ९६ | चिउरे खोला सिंचाइ योजना, रापिसोनारी-१, बाँके | २८५२५ | ३००० | २५५२५ | |
| ९७ | जबइ वनकट्टी लिफ्ट सिँचाइ योजना शिवराज न.पा.कपिलवस्तु | ३३०१९ | ५००० | १३२०८ | १४८११ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ९८ | जबई सखुनियाँ ताल सिचाईं योजना,शिवराज बुद्धभूमि, महाराजगंज र शिवराज न.पा., कपिलबस्तु | ९३१४२ | १४००० | ६५२०७ | १३९३५ |
| ९९ | जरेखोला बगाले सिंचाइ योजना, सन्दीखर्क न.पा.४, अर्घाखाँची | १७१५६ | २७०० | १४४५६ | |
| १०० | झिङनी गाउँ सिंचाई योजना घोराही उपमहानगरपालिका -३, दाङ | ५३७४९ | ४००० | ३१७०५ | १८०४४ |
| १०१ | तिनाउ खोला तथा यसका शाखा खोलाहरु नियन्त्रण कार्य, पाल्पा | २४९७५ | २५७५ | २२४०० | |
| १०२ | पूर्वखोला वृहत् सिँचाइ योजना, पूर्वखोला ३, पाल्पा | २६४७६ | ४००० | २०१२१ | २३५५ |
| १०३ | बस्ती खोला सिंचाई योजना शान्तीनगर-३,४, दाङ | ५८०६३ | २००० | ३१७६२ | २४३०१ |
| १०४ | रातटारी सिँचाइ योजना, सन्दिखर्क न.पा. ६, अर्घाखाँची | १७६२९ | २७०० | १४९२९ | |
| १०५ | रामपुर फाँट सिंचाई योजना रामपुर न. पा., पाल्पा | १३९९६५ | २१००० | ७०००० | ४८९६५ |
| १०६ | रोहीणी लिफ्ट सिँचाइ योजना, कोहलपुर १३, बाँके | ४६१४८ | ४००० | ३१३८३ | १०७६५ |
| | **प्रदेश पुर्वाधार विकास प्राधिकरण** | **२३१९८५** | **५५०००** | **८८४९२** | **८८४९३** |
| १०७ | उजिर सिंह रंगशाला, रुपन्देही | १०७६६२ | ३०००० | ३८८३१ | ३८८३१ |
| १०८ | सुन्दरवस्ती जग्गा एकीकरण आयोजना (प्याकेज १२) | १२४३२३ | २५००० | ४९६६१ | ४९६६२ |
| | **वन तथा वातावरण मन्त्रालय** | **९९४९९** | **१७०००** | **५८५००** | **२३९९९** |
| १०९ | कार्यालय भवन निर्माण, डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) | ४९९९९ | ८५०० | २८५०० | १२९९९ |
| ११० | कार्यालय भवन निर्माण, डिभिजन वन कार्यालय बाँके | ४९५०० | ८५०० | ३०००० | ११००० |
| | **शहरी विकास तथा खानेपानी मन्त्रालय** | **२४४६१** | **३९००** | **१२०००** | **८५६१** |
| १११ | वसन्तपुर दोस्रो खानेपानी आयोजना ओमसतिया ४ रुपन्देही ४५० घ मि टयाङ्की निर्माण | २४४६१ | ३९०० | १२००० | ८५६१ |
| | **सामाजिक विकास मन्त्रालय** | **७६५४९** | **१४०००** | **३००००** | **३२५४९** |
| ११२ | अमर सहिद बहुमुखी क्याम्पस बहुउद्देश्यीय भवन निर्माण, बाँके | ४९९८५ | १०००० | २०००० | १९९८५ |

| क्र.सं. | आयोजना/कार्यक्रम | कुल लागत अनुमान | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ |
|---|---|---|---|---|---|
| ११३ | त्रिभुवन आदर्श माध्यमिक विद्यालय भवन निर्माण, कपिलवस्तु | २६५६४ | ४००० | १०००० | १२५६४ |
| | **स्वास्थ्य मन्त्रालय** | **५६०५५** | **१००००** | **३५०००** | **११०५५** |
| ११४ | स्वास्थ्य कार्यालय प्यूठानको भवन निर्माण | ५६०५५ | १०००० | ३५००० | ११०५५ |
| | **उद्योग पर्यटन तथा यातायात मन्त्रालय** | **३१२२८** | **५०००** | **५०००** | **२१२२८** |
| ११५ | रिडीको लामाचौपारीमा रामेश्वर शालग्राम मन्दिर निर्माण, रुरुक्षेत्र गाउँपालिका, गुल्मी | ३१२२८ | ५००० | ५००० | २१२२८ |
| | **कुल जम्मा** | **७८४६७५१** | **१०६५०२५** | **४२३१३६३** | **२५५०३६३** |

### ४.३ आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय तहमा भएको वित्त हस्तान्तरण र राजस्व बाँडफाँटको विवरण

लुम्बिनी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम स्थानीय तहलाई हस्तान्तरण गरिएको अनुदान (समानीकरण, सशर्त, समपूरक र विशेष) तथा प्रदेश सरकारले संकलन गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँट गरिएको रकम देहाय बमोजिम रहेको छः (रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | कूल अनुदान | सवारी साधन कर | जम्मा |
|---|---|---|---|---|---|
| १ | पाल्हीनन्दन गाउँपालिका | नवलपरासी (ब.सु.प.) | २१५५३.०० | ५८१५.५४ | २७३६८.५४ |
| २ | प्रतापपुर गाउँपालिका | नवलपरासी (ब.सु.प.) | २३९५८.०४ | ८३४४.५३ | ३२३०२.५७ |
| ३ | बर्दघाट नगरपालिका | नवलपरासी (ब.सु.प.) | २८५८५.५० | १४३२८.४९ | ४२९१३.९९ |
| ४ | रामग्राम नगरपालिका | नवलपरासी (ब.सु.प.) | ३२३६२.२३ | १२१०४.३४ | ४४४६६.५६ |
| ५ | सरावल गाउँपालिका | नवलपरासी (ब.सु.प.) | २००४२.६६ | ७३७५.५६ | २७४१८.२२ |
| ६ | सुनवल नगरपालिका | नवलपरासी (ब.सु.प.) | २६३८७.४१ | २१२४१.८३ | ४७६२९.२४ |
| ७ | सुस्ता गाउँपालिका | नवलपरासी (ब.सु.प.) | २१६५०.६५ | ६३७५.४५ | २८०२६.१० |
| ८ | ओमसतिया गाउँपालिका | रुपन्देही | २२२८८.३० | ५४७७.६० | २७७६५.९० |
| ९ | कन्चन गाउँपालिका | रुपन्देही | २११५२.९७ | ६०६३.०१ | २७२१५.९८ |
| १० | कोटहीमाई गाउँपालिका | रुपन्देही | १४०९६.२४ | ७०९०.४२ | २११८६.६५ |
| ११ | गैडहवा गाउँपालिका | रुपन्देही | २८५५१.५० | ७८७९.३५ | ३६४३०.८५ |
| १२ | तिलोत्तमा नगरापालिका | रुपन्देही | २७१७६.३२ | ३६४५८.९४ | ६३६३५.२६ |
| १३ | देवदह नगरपालिका | रुपन्देही | ३०१८२.४१ | १२६५८.२८ | ४२८४०.६९ |
| १४ | बुटवल उपमहानगरपालिका | रुपन्देही | ३७३८५.६७ | ३४२९३.३५ | ७१६७९.०२ |
| १५ | मर्चवारी गाउँपालिका | रुपन्देही | १९७२८.८६ | ५३६६.२० | २५०९५.०६ |
| १६ | मायादेवी गाउँपालिका रु. | रुपन्देही | १५७५७.८० | ७२८३.१९ | २३०४०.९९ |
| १७ | रोहिणी गाउँपालिका | रुपन्देही | १९४४६.२२ | ६५०१.०२ | २५९४७.२४ |
| १८ | लुम्बिनी साँस्कृतिक नगरपालिका | रुपन्देही | २४३९६.२८ | ११६९९.५८ | ३६०९५.८५ |
| १९ | शुद्धोधन गाउँपालिका रु | रुपन्देही | १७१८२.९९ | ५४६८.४१ | २२६५१.४० |
| २० | सम्मरीमाई गाउँपालिका | रुपन्देही | २७७६५.६२ | ५४८४.१६ | ३३२४९.७८ |
| २१ | सिद्धार्थनगर नगरपालिका | रुपन्देही | २८४१५.३५ | ११९२३.४९ | ४०३३८.८४ |
| २२ | सियारी गाउँपालिका | रुपन्देही | २१२४५.८० | ५९८९.७६ | २७२३५.५६ |
| २३ | सैनामैना नगरपालिका | रुपन्देही | २४८५५.२९ | २००९०.२९ | ४४९४५.५८ |
| २४ | कपिलबस्तु नगरपालिका | कपिलवस्तु | २५८९४.९४ | १६७६१.२३ | ४२६५६.१७ |
| २५ | कृष्णनगर नगरपालिका | कपिलवस्तु | २८४३१.६२ | १२७२१.४९ | ४११५३.११ |
| २६ | बाणगंगा नगरपालिका | कपिलवस्तु | ३४९५३.३६ | २३६४८.७९ | ५८६०२.१५ |
| २७ | बुद्धभूमी नगरपालिका | कपिलवस्तु | २७८८१.१२ | २३१७१.०१ | ५१०५२.१३ |

| क्र.सं. | स्थानीय तह | जिल्ला | कूल अनुदान | सवारी साधन कर | जम्मा |
|---|---|---|---|---|---|
| २८ | महाराजगन्ज नगरपालिका | कपिलवस्तु | ३०२२६.६६ | ९३८४.८१ | ३९६११.४७ |
| २९ | मायादेवी गाउँपालिका | कपिलवस्तु | २३२१९.५३ | ९४११.३५ | ३२६३०.८८ |
| ३० | यसोधरा गाउँपालिका | कपिलवस्तु | २०७७६.५२ | ७४१२.२७ | २८१८८.७९ |
| ३१ | बिजयनगर गाउँपालिका | कपिलवस्तु | १८७९६.९३ | ९२३०.०७ | २८०२७.०० |
| ३२ | शिवराज नगरपालिका | कपिलवस्तु | ३३३१४.९९ | २१६९६.४३ | ५५०११.४१ |
| ३३ | शुद्धोधन गाउँपालिका | कपिलवस्तु | १९५१३.८८ | १२६४९.६६ | ३२१६३.५३ |
| ३४ | तानसेन नगरपालिका | पाल्पा | २४५७०.६० | १२३७६.४८ | ३६९४७.०८ |
| ३५ | तिनाउ गाउँपालिका | पाल्पा | २१९७७.५३ | ८३२५.६४ | ३०३०३.१७ |
| ३६ | निस्दी गाउँपालिका | पाल्पा | १७९८७.५४ | ८०३३.४६ | २६०२१.०० |
| ३७ | पुर्वखोला गाउँपालिका | पाल्पा | १७९२६.७९ | ६४१४.७० | २४३४१.४९ |
| ३८ | बगनासकाली गाउँपालिका | पाल्पा | १६९६४.८३ | ५९४९.०२ | २२९१३.८५ |
| ३९ | माथागढी गाउँपालिका | पाल्पा | २०८०१.३१ | ९१०६.७२ | २९९०८.०४ |
| ४० | रम्भा गाउँपालिका | पाल्पा | १४५०९.९८ | ५२१४.६१ | १९७२४.५९ |
| ४१ | रामपुर नगरपालिका | पाल्पा | २३९४७.०१ | १२५९०.७२ | ३६५३७.७२ |
| ४२ | रिब्दीकोट गाउँपालिका | पाल्पा | २०१६२.६७ | ६३२०.९४ | २६४८३.६२ |
| ४३ | रैनादेवी छहरा गाउँपालिका | पाल्पा | १९९७६.०७ | ८८६४.११ | २८८४०.१८ |
| ४४ | छत्रदेव गाउँपालिका | अर्घाखाँची | १९६०१.६८ | ५७४५.२७ | २५३४६.९५ |
| ४५ | पाणिनी गाउँपालिका | अर्घाखाँची | २१६७७.३६ | ७४३८.६५ | २९११६.०२ |
| ४६ | भुमिकास्थान नगरपालिका | अर्घाखाँची | २९६६४.५६ | १९२९४.९१ | ४८९५९.४८ |
| ४७ | मालारानी गाउँपालिका | अर्घाखाँची | २२५०२.३९ | ५७२१.६५ | २८२२४.०४ |
| ४८ | शितगंगा नगरपालिका | अर्घाखाँची | २९३७३.३३ | २५०९१.४६ | ५४४६४.७९ |
| ४९ | सन्धिखर्क नगरपालिका | अर्घाखाँची | ३९५२४.३३ | २०९७७.१५ | ६०५०१.४८ |
| ५० | इस्मा गाउँपालिका | गुल्मी | २११४३.०१ | ५९४१.३३ | २७०८४.३३ |
| ५१ | कालिगण्डकी गाउँपालिका | गुल्मी | २४९१०.४६ | ६४६७.१९ | ३१३७७.६५ |
| ५२ | गुल्मी दरबार गाउँपालिका | गुल्मी | २७१४२.०६ | ५१०१.५९ | ३२२४३.६५ |
| ५३ | चन्द्रकोट गाउँपालिका | गुल्मी | २११५९.६७ | ७६०७.२३ | २८७६६.८९ |
| ५४ | छत्रकोट गाउँपालिका | गुल्मी | २३१९८.३२ | ५४२२.१४ | २८६२०.४६ |
| ५५ | धुर्कोट गाउँपालिका | गुल्मी | १८४०४.८७ | ५७४६.३३ | २४१५१.२१ |
| ५६ | मदाने गाउँपालिका | गुल्मी | २४१८३.७५ | ५८०७.२१ | २९९९०.९७ |
| ५७ | मालिका गाउँपालिका | गुल्मी | १८३५६.५२ | ५८५९.२९ | २४२१५.८० |
| ५८ | मुसिकोट नगरपालिका | गुल्मी | २४४२७.६२ | १३८५१.१५ | ३८२७८.७७ |
| ५९ | रूरू क्षेत्र गाउँपालिका | गुल्मी | २२०७२.४८ | ५५६६.३८ | २७६३८.८५ |
| ६० | रेसुङ्गा नगरपालिका | गुल्मी | ३७३४०.१६ | १२१९३.२७ | ४९५३३.४३ |

| क्र.सं. | स्थानीय तह | जिल्ला | कूल अनुदान | सवारी साधन कर | जम्मा |
|---|---|---|---|---|---|
| ६१ | सत्यवती गाउँपालिका | गुल्मी | २१००६.२८ | ६८८६.७५ | २७८९३.०३ |
| ६२ | ऐरावती गाउँपालिका | प्यूठान | १५३५८.४५ | ५६९६.११ | २१०५४.५६ |
| ६३ | गौमुखी गाउँपालिका | प्यूठान | १८२९७.९१ | ५५०९.४४ | २३८०७.३५ |
| ६४ | झिमरुक गाउँपालिका | प्यूठान | १८४३५.०० | ५७१८.०८ | २४१५३.०८ |
| ६५ | नौबहिनी गाउँपालिका | प्यूठान | १९८४०.१० | ७४५७.३६ | २७२९७.४६ |
| ६६ | प्यूठान नगरपालिका | प्यूठान | ३०१९४.१४ | १२७८७.२८ | ४२९८१.४२ |
| ६७ | मल्लरानी गाउँपालिका | प्यूठान | १६९७७.६९ | ३८६४.३३ | २०८४२.०१ |
| ६८ | माण्डवी गाउँपालिका | प्यूठान | १६०२७.८५ | ५८४२.१७ | २१८७०.०२ |
| ६९ | सरुमारानी गाउँपालिका | प्यूठान | १७४८४.२१ | ६३३९.४९ | २३८२३.७१ |
| ७० | स्वर्गद्वारी नगरपालिका | प्यूठान | २५३७८.०१ | १३६९२.७५ | ३९०७०.७६ |
| ७१ | पुथा उत्तरगंगा गाउँपालिका | रुकुम (पूर्वी भाग) | २१५१८.२५ | ९७१०.५७ | ३१२२८.८२ |
| ७२ | भूमे गाउँपालिका | रुकुम (पूर्वी भाग) | २२०३६.६० | ७३६९.८० | २९४०६.४१ |
| ७३ | सिस्ने गाउँपालिका | रुकुम (पूर्वी भाग) | १३६१८.०१ | ७२४२.०३ | २०८६०.०४ |
| ७४ | गगादेव गाउँपालिका | रोल्पा | १५९५०.९२ | ५४९५.८४ | २१४४६.७६ |
| ७५ | त्रिवेणी गाउँपालिका | रोल्पा | ३०१३१.२६ | ८७३४.२६ | ३८८६५.५२ |
| ७६ | थबाङ्ग गाउँपालिका | रोल्पा | २०३०५.०९ | ३९५८.६४ | २४२६३.७३ |
| ७७ | परिवर्तन गाउँपालिका | रोल्पा | १६६८०.७८ | ५२४२.४१ | २१९२३.१९ |
| ७८ | माडी गाउँपालिका | रोल्पा | २२२११.०५ | ५५८०.७८ | २७७९१.८३ |
| ७९ | रुन्टीगढी गाउँपालिका | रोल्पा | २६३५०.०६ | ९४९४.६८ | ३५८४४.७३ |
| ८० | रोल्पा नगरपालिका | रोल्पा | २७३०९.५५ | २३६३०.७४ | ५०९४०.२८ |
| ८१ | लुङ्ग्री गाउँपालिका | रोल्पा | २०५०७.४१ | ५८६५.२० | २६३७२.६१ |
| ८२ | सुनछहरी गाउँपालिका | रोल्पा | २३३८९.३१ | ६१२२.२९ | २९५११.५९ |
| ८३ | सुनिल स्मृति गाउँपालिका | रोल्पा | २३२३१.३६ | ७९२३.५० | ३११५४.८६ |
| ८४ | गढवा गाउँपालिका | दाङ | २१२९७.०४ | १३७२८.३५ | ३५०२५.३९ |
| ८५ | घोराही उपमहानगरपालिका | दाङ | ५०९४७.९७ | ४३७१६.७० | ९४६६४.६६ |
| ८६ | तुल्सीपुर उपमहानगरपालिका | दाङ | ३९८४५.८३ | ३२७४८.४८ | ७२५९४.३१ |
| ८७ | दंगीशरण गाउँपालिका | दाङ | १५३५६.४९ | ५२६७.५५ | २०६२४.०४ |
| ८८ | बंगलाचुली गाउँपालिका | दाङ | १८७७५.६२ | ८०६०.९५ | २६८३६.५७ |
| ८९ | बबई गाउँपालिका | दाङ | १६४३१.७६ | ७४२६.५४ | २३८५८.३० |
| ९० | राजपुर गाउँपालिका | दाङ | १५४५०.२९ | १५६७६.९१ | ३११२७.१९ |
| ९१ | राप्ती गाउँपालिका | दाङ | ३२५४६.३८ | ९७०२.०२ | ४२२४८.४० |
| ९२ | लमही नगरपालिका | दाङ | २२०६०.३४ | २७३६९.५५ | ४९४२९.९० |
| ९३ | शान्तिनगर गाउँपालिका | दाङ | २१९४२.९७ | ५६००.९५ | २७५४३.९२ |

| क्र.सं. | स्थानीय तह | जिल्ला | कूल अनुदान | सवारी साधन कर | जम्मा |
|---|---|---|---|---|---|
| ९४ | कोहलपुर नगरपालिका | बाँके | ३९६८३.३४ | १८४८१.८३ | ५८१६५.१७ |
| ९५ | खजुरा गाउँपालिका | बाँके | २२४४२.०१ | ९४९३.४८ | ३१९३५.४९ |
| ९६ | जानकी गाउँपालिका | बाँके | १७४२०.४८ | ६७९७.६० | २४२१८.०८ |
| ९७ | डुडुवा गाउँपालिका | बाँके | २२९७९.९५ | ६८१८.१९ | २९७९८.१४ |
| ९८ | नरैनापुर गाउँपालिका | बाँके | १९७०२.५८ | ८०८६.३१ | २७७८८.८९ |
| ९९ | नेपालगञ्ज उपमहानगरपालिका | बाँके | ३७५१५.८५ | २२१५८.५५ | ५९६७४.४१ |
| १०० | बैजनाथ गाउँपालिका | बाँके | २०३१७.२६ | ११२५५.३३ | ३१५७२.५९ |
| १०१ | राप्ती सोनारी गाउँपालिका | बाँके | २६५२४.९८ | ३३५३२.२४ | ६००५७.२२ |
| १०२ | गुलरीया नगरपालिका | बर्दिया | ३३३३२.२१ | १५३७२.८० | ४८७०५.०० |
| १०३ | गेरुवा गाउँपालिका | बर्दिया | १९६३१.०५ | ६३१७.०२ | २५९४८.०७ |
| १०४ | ठाकुरबाबा नगरपालिका | बर्दिया | २७९९६.१५ | १३२७०.९३ | ४१२६७.०८ |
| १०५ | बढैयाताल गाउँपालिका | बर्दिया | २३६६३.९१ | ९६२०.२६ | ३३२८४.१८ |
| १०६ | बाँसगढी नगरपालिका | बर्दिया | ३७३०५.४७ | २४५२६.१३ | ६१८३१.६० |
| १०७ | बारबर्दिया नगरपालिका | बर्दिया | ३००९०.६७ | १४१८४.५२ | ४४२७५.१८ |
| १०८ | मधुवन नगरपालिका | बर्दिया | २८४७३.९० | ८६८७.४२ | ३७१६१.३२ |
| १०९ | राजापुर नगरपालिका | बर्दिया | ३२३३०.७४ | २०९२६.९४ | ५३२५७.६८ |
| | कुल जम्मा | | २६१६९८७.९९ | १२३७४२०.५८ | ३८५४४०८.५७ |

### ४.४ स्थानीय तहबाट संकलन तथा बाँडफाँट भई प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व

प्रदेश भित्रका स्थानीय तहबाट सङ्कलन भई बाँडफाँट भएको राजस्वको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

| स्थानीय तह/जिल्ला | दहत्तर बहत्तर | मनोरञ्जन कर | विज्ञापन कर | जम्मा |
|---|---|---|---|---|
| **अर्घाखाँची** | **१९५५९** | **२०** | **९८** | **१९६७७** |
| छत्रदेव गापा | ३५६ | | | ३५६ |
| पाणिनी गापा | २१८७ | | | २१८७ |
| भूमिकास्थान नपा | ९१० | | | ९१० |
| मालारानी गापा | ४४२ | | | ४४२ |
| शितगंगा नपा | १३९०४ | २० | | १३९२५ |
| सन्धिखर्क नपा | १७५९ | | ९८ | १८५६ |
| **कपिलवस्तु** | **६२१०४** | **६** | **४६७** | **६२५७७** |
| कपिलवस्तु नपा | ८७९२ | | | ८७९२ |
| कृष्णनगर नपा | १४६९ | | ३४ | १५०३ |

| स्थानीय तह/जिल्ला | दहत्तर बहत्तर | मनोरञ्जन कर | विज्ञापन कर | जम्मा |
|---|---|---|---|---|
| बाणगंगा नपा | ३२३१२ | ६ | २३० | ३२५४८ |
| बिजयनगर गापा | २१०५ | | | २१०५ |
| बुद्दभुमी नपा | १४०६६ | | ८४ | १४१५० |
| महाराजगंज नपा | ३३१७ | | | ३३१७ |
| शिवराज नपा | ४५ | | ११९ | १६४ |
| **गुल्मी** | **९३६३** | **५२२** | **२** | **९८८७** |
| ईस्मा गापा | ६०० | | | ६०० |
| गुल्मीदरवार गापा | ६३४ | | | ६३४ |
| चन्द्रकोट गापा | ४८६ | | २ | ४८८ |
| छत्रकोट गापा | ११२ | | | ११२ |
| धुर्कोट गापा | १३६० | | | १३६० |
| मालिका गापा | १५४ | | | १५४ |
| मुसीकोट नपा | ३५६५ | | | ३५६५ |
| रुरुक्षेत्र गापा | ११५९ | | | ११५९ |
| रेसुङ्गा नपा | २५१ | ५२२ | | ७७३ |
| रेसुङ्गा नपा | ३५ | | | ३५ |
| सत्यवती गापा | १००६ | | | १००६ |
| **दाङ** | **७०९५२** | **१६** | | **७०९६९** |
| गढवा गापा | ३०६५८ | | | ३०६५८ |
| घोराही उपमहा नपा | ८१३३ | | | ८१३३ |
| तुलसीपुर उपमहा नपा | ६७७५ | | | ६७७५ |
| दंगीशरण गापा | २६५७ | १६ | | २६७३ |
| बंगलाचुली गापा | ८१४ | | | ८१४ |
| बबई गापा | २८४३ | | | २८४३ |
| राजपुर गापा | २४६७ | | | २४६७ |
| राप्ती गापा | ८७२१ | | | ८७२१ |
| लमही नपा | ७३२० | | | ७३२० |
| शान्तिनगर गापा | ५६७ | | | ५६७ |
| **नवलपरासी** | **२४७४५** | **१२६** | **२८१** | **२५१५२** |

| स्थानीय तह/जिल्ला | दहत्तर बहत्तर | मनोरञ्जन कर | विज्ञापन कर | जम्मा |
|---|---|---|---|---|
| बर्दघाट नपा | ११५ | १२६ | | २४१ |
| रामग्राम नपा | ६२५ | | २८१ | ९०६ |
| सरावल गापा | ३१३ | | | ३१३ |
| सुस्ता गापा | २३६९२ | | | २३६९२ |
| **पाल्पा** | **१३१५९** | **२४०** | **२१५** | **१३६१४** |
| तानसेन नपा | ५०० | ९४ | २११ | ८०५ |
| तिनाउ गापा | १६४९ | | | १६४९ |
| निस्दी गापा | ५११ | | | ५११ |
| पूर्वखोला गापा | ६०० | | ५ | ६०५ |
| बगनासकाली गापा | १५४१ | ६ | | १५४७ |
| माथागढी गापा | १६११ | | | १६११ |
| रम्भा गापा | १४४९ | | | १४४९ |
| रामपुर नपा | ४१२९ | १४० | | ४२६८ |
| रिब्दीकोट गापा | ८४ | | | ८४ |
| रैनादेवी छहरा गापा | १०८६ | | | १०८६ |
| **प्युठान** | **८४७०** | | **६१** | **८५३१** |
| ऐरावती गापा | ६५४ | | | ६५४ |
| नौबहिनी गापा | ९२ | | | ९२ |
| प्युठान नपा | ३७६९ | | ६१ | ३८२९ |
| मल्लरानी गापा | १० | | | १० |
| माण्डवी गापा | ९९९ | | | ९९९ |
| सरुमरानी गापा | ७२४ | | | ७२४ |
| स्वर्गद्वारी नपा | २२२३ | | | २२२३ |
| **बर्दिया** | **१७९६९** | | **१४३** | **१८११२** |
| गुलरिया नपा | १५७ | | १२० | २७८ |
| ठाकुरबाबा नपा | ६५७६ | | | ६५७६ |
| बाँसगढी नपा | १७७१ | | २३ | १७९३ |
| बारबर्दिया नपा | ७१५७ | | | ७१५७ |
| मधुवन नपा | २३०८ | | | २३०८ |

| स्थानीय तह/जिल्ला | दहत्तर बहत्तर | मनोरञ्जन कर | विज्ञापन कर | जम्मा |
|---|---|---|---|---|
| **बाँके** | **२८००** | **२५२२** | **२४७६** | **७७९८** |
| कोहलपुर नपा | | २२८ | ३२३ | ५५१ |
| जानकी गापा | | | ४८ | ४८ |
| नेपालगंज उपमहा नपा | २२९५ | २१०४ | | ४३९९ |
| राप्तीसोनारी गापा | २८०० | | | २८०० |
| **रुकुमपूर्व** | **२४५१** | **८** | | **२४५९** |
| सिस्ने गापा | २४५१ | ८ | | २४५९ |
| **रुपन्देही** | **२२६७४९** | **३२४४** | **५६०७** | **२३५५९९** |
| ओमसतिया गापा | ३९३ | | | ३९३ |
| तिलोत्तमा नपा | ८४२४२ | ५९ | ६५० | ८४९५१ |
| देवदह नपा | १०००० | | | १०००० |
| बुटवल उपमहा नपा | ५५२४६ | ३०९२ | ३७८० | ६२११८ |
| मायादेवी गापा | १७८५४ | | | १७८५४ |
| शुद्धोधन गापा | ४०५८८ | | ६१ | ४०६४९ |
| सिद्धार्थनगर नपा | | ९२ | १११६ | १२०८ |
| सियारी गापा | १०८०६ | | | १०८०६ |
| सैनामैना नपा | ७६२० | | | ७६२० |
| **रोल्पा** | **१५९५** | | | **१५९५** |
| रोल्पा नपा | १३८८ | | | १३८८ |
| लुङ्ग्री गापा | २०७ | | | २०७ |
| **जम्मा** | **४५९९१८** | **६७०५** | **९३४९** | **४७५९७२** |

*स्रोतः Preliminary RMIS Report*

# परिच्छेद -५
# समस्या, सुझाव तथा निष्कर्ष

## ५.१ समस्याः

नेपालको संविधानको साझा अधिकार सूचीमा रहेका विषयमा संघीय सरकारबाट समयमै कानुन वन्न नसक्दा र एकल सूचीमा रहेका क्षेत्राधिकारका विषयमा समेत सबै आवश्यक कानूनहरू वन्न नसक्दा प्रदेश सरकारको कार्यसम्पादनमा विभिन्न समस्याहरू देखिएका छन्। यस बाहेकका प्रमुख समस्याहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः-

**क) राजस्व सङ्कलनः**

- ❖ प्रदेश सरकारको आय तथा विज्ञापन कर/मनोरञ्जन करको दायरा बढ्न नसकेको, साथै अन्य संभावित आयको स्रोत पहिचान गरी आय वृद्धि गर्ने कार्य हुन नसकेको,
- ❖ एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनको स्पष्ट ढाँचा निक्यौंल हुन नसकेको,
- ❖ स्थानीय तहसँग बाँडफाँट हुने करहरू समेत प्रभावकारी हुन नसकेको, नदीजन्य पदार्थबाट प्राप्त हुने आयको बाँडफाँट यथार्थपरक वनाउन नसकिएको,
- ❖ अन्य प्रदेशमा दर्ता भएका सवारी साधनको कर यस प्रदेशमा बुँझाउदा कर मिलान लगायतका समस्या रहेका, लक्ष्यानुसार राजस्व सङ्कलन नहुँदा प्रदेश सञ्चित कोषमा दबाब पर्न गई तोकिएको खर्चको लक्ष्य हासिल हुन नसकेको,
- ❖ घर जग्गा रजिष्ट्रेशन शुल्क वास्तविक कारोबारसँग तादम्यता मिलाउन नसकिएको,
- ❖ संघबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानमा कटौती हुँदा लक्ष्य अनुसार बजेट कार्यान्वयन गर्न नसकिएको, साथै प्रदेश सञ्चित कोषमा थप दबाब पर्न गएको।

**ख) सार्वजनिक खर्चः**

- ❖ प्रदेशको बजेट तथा कार्यक्रम तर्जुमाको स्पष्ट मापदण्ड र प्राथमिकता तय गर्न नसकिएको,
- ❖ बजेट तर्जुमाका चरणमा शीर्षकगत रूपमा स्रोतको आँकलन, निकायगत रूपमा खर्चको प्रकृति विश्लेषण, आवश्यक पूर्वाधार तयारी, सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, साइट क्लियरेन्स, नक्साङ्कन लगायतका विषयहरु यकिन नगरी आयोजनामा बजेट विनियोजन गर्ने प्रणालीमा सुधार गर्न नसकिएको,
- ❖ प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको,
- ❖ बजेटका सिद्धान्त र नीतिको विश्लेषण जस्ता उपकरणको प्रयोग गरी प्रचलित ऐन र नियमको परिधिमा रही खर्च व्यवस्थापन गर्न चुनौतीपूर्ण बन्दै गएको,

- सार्वजनिक निकायमा आवश्यक प्राविधिक जनशक्ति कमी रहेको साथै उपलब्ध जनशक्तिको क्षमता र दक्षतामा कमी देखिएको, साथै अन्तरतह/ अन्तर निकाय समन्वयमा कमी हुँदा आयोजना कार्यान्वयनमा अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको,
- संघ, प्रदेश र स्थानीय तहबीच आयोजना छनौट र बजेट बाँडफाँटमा दोहोरोपना रहेको।

**ग) वित्तीय अनुशासन र सुशासनः**

- रुपान्तरणकारी र बहुप्रतिफलयुक्त आयोजनामा बजेट विनियोजन नहुने तथा निर्माणाधीन आयोजना/कार्यक्रम सम्पन्न गर्नमा भन्दा आवश्यक तयारी विना नै नयाँ आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्ति देखिएको,
- बहुवर्षीय ठेक्का र स्रोत सुनिश्चितता प्रकृयाले सार्वजनिक खर्चको दायित्व थपिँदै गएको,
- आयोजनाको प्राथमिकीकरण कमजोर रहेको, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक वजेटबीच तादात्म्यता कायम हुन नसकेको,
- सञ्चालन विधि एकीन नभएका र क्षेत्राधिकारभन्दा बाहिरका आयोजना समेत कार्यान्वयन गर्ने प्रचलनमा सुधार हुन नसकेको,
- अनुदान वितरणको एकीकृत ढाँचा नभएको, नेपाल सरकार र स्थानीय तह समेतबाट अनुदान दिएकै स्थानमा प्रदेश सरकारबाट समेत अनुदान दिने गरेको, स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्च विवरण अनुगमन प्रणालीको विकास हुन नसकेको,
- राजस्व प्राप्ती र अनुमानबीच ठूलो अन्तर हुँदा बजेट कार्यान्वयनमा कठिनाई,
- स्थानीय तहले सङ्कलन गरेको साझा करको अद्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको साथै साझा करबाट संकलित रकम कतिपय स्थानीय तहहरूले समयमै दाखिला नगरेको,
- अन्तर तह समन्वयको अवस्था कमजोर रहेको।

## ४.२ सुझाव

**क) राजस्व सङ्कलनः**

- राजस्व अभिवृद्धिका लागि गठित कार्यदलको अध्ययन प्रतिवेदन, २०८२ ले आगामी तीन वर्ष भित्रमा प्रदेशको आन्तरिक आय रु.१० अर्ब २ करोड हुने प्रक्षेपण गरेको सन्दर्भमा उक्त कार्यदलले दिएका सुझावहरु कार्यान्वयन गरी रणनीतिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- कार्यविस्तृतीकरण प्रतिवेदन र संविधानको अनुसूचीमा व्यवस्था भएबमोजिम प्रदेश सरकारको अधिकारक्षेत्रका विषयमा राजस्व अधिकारको कार्यान्वयनका लागि आवश्यक कानूनको प्रवन्ध गर्नुपर्ने
- स्थानीयतहलाई प्रभावकारी समन्वय गरी चुनढुंङ्गा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर वृद्धि गर्नुपर्ने,
- राजस्व सङ्कलन प्रणालीलाई प्रविधिमैत्री, स्वचालित र पारदर्शी बनाउने,

- राजस्वका विद्यमान दरलाई समयानुकूल पुनरावलोकन गरी, लागत प्रभावी, पारदर्शी, वैज्ञानिक र व्यवस्थित बनाउने,
- घर जग्गाको कारोवारबाट प्राप्त हुने राजस्व यथार्थपरक बनाउन मूल्याङ्कन प्रणालीमा सुधार गर्ने,
- स्थानीय तहबाट सङ्कलन गरी प्राप्त हुने राजस्व प्राप्त भए नभएको अनुगमन गरी समयमै प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने।

**ख) सार्वजनिक खर्चः**

- शीर्षकगत रूपमा स्रोतको आँकलन, निकायगत रूपमा खर्चको प्रवृत्ति विश्लेषण, आवश्यक पूर्वाधार तयारी, सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, साइट क्लियरेन्स, नक्साङ्कन लगायतका विषयहरु यकिन गरेर मात्र आयोजनामा बजेट विनियोजन गर्ने प्रणाली विकास गर्ने।
- आवश्यकता र औचित्यताको पुष्ट्याँइ सहित उपलब्ध सीमित स्रोत साधनको अधिकतम उपयोगिता मार्फत उच्चतम प्रतिफल दिने र प्रदेश आयोजना बैंकमा समावेश भएका आयोजनाहरुलाई मात्र छनौट हुने प्रणाली विकास गर्ने।
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकालाई (कार्यालय सञ्चालन खर्च, विजुली, इन्धन, मर्मत सम्भार, तालिम, गोष्ठी आदि) अद्यावधिक गरी कार्यान्वयन गर्ने एवम् स्वीकृत दरबन्दीमा मात्र करारमा कर्मचारी नियुक्त गर्ने,
- लाइन आइटमको खर्चमा हुने प्रकृतिको विश्लेषण, बजेटको स्रोत सुनिश्चितता, स्रोतमा दोहोरोपना भए/नभएको विषयमा, समष्टिगत आर्थिक अवस्था, LMBIS मार्फत उपलब्धि विश्लेषण, आर्थिक अनुशासन एवम् बजेट सिद्धान्त र नीतिको विश्लेषण जस्ता उपकरणको प्रयोग गर्दै खर्च व्यवस्थापन गर्ने,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,
- आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति बिना थप आर्थिक दायित्व सिर्जना नगर्ने व्यवस्था कडाईका साथ लागु गर्ने,
- प्रदेश सरकारको क्षेत्राधिकार भित्रका आयोजना मात्र कार्यान्वयन गर्ने, साथै निकायगत क्षेत्राधिकार भित्रका आयोजना/कार्यक्रम मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- सञ्चालन विधि र कार्यविधि तय गरेर मात्र आयोजना कार्यान्वयनको लागि खरिद प्रक्रियामा लैजाने,
- स्वीकृत कार्यक्रमको उद्देश्य फरक हुने गरी कार्यक्रम संशोधन तथा रकमान्तर नगर्ने,

**ग) वित्तीय अनुशासन र सुशासनः**

- ❖ गठन आदेश अनुसार परिषद, समिति, केन्द्र र कार्यालय जस्ता निकाय स्थापना गर्ने प्रवृत्तिको अन्त्य गरिनुपर्ने, प्रदेश सरकारले अनावश्यक रूपमा कार्यालय स्थापना गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्दै जाने एवम् आवश्यकता, उपयोगिता र लाभ लागत विश्लेषणका आधारमा मात्र संगठन स्थापना गर्ने,
- ❖ बहुवर्षीय ठेक्का सहमती सम्बन्धी मापदण्ड र बहुवर्षीय आयोजना स्वीकृती तथा ठेक्का सम्बन्धी मापदण्डलाई अक्षरशः पालना गर्ने। अद्यावधिक मध्यमकालीन खर्च संरचनाले तोकेको प्रदेश सरकारको खुद राजस्व आम्दानीको अनुपातमा मात्र बहुवर्षीय स्रोत सुनिश्चितता दिने गरी मापदण्ड तयार गर्ने,
- ❖ संघ, प्रदेश र स्थानीय तहबीच आयोजना छनौट र बजेट बाँडफाँटमा देखिएको दोहोरोपना हटाउने,
- ❖ नयाँ आयोजनामा बजेट विनियोजन गर्नु भन्दा बाँकी रहेका अधुरा आयोजना समयमा सम्पन्न गर्न विशेष ध्यान दिनुपर्ने। सिर्जना भइसकेको प्रदेश सरकारको दायित्व अद्यावधिक गरी वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्थाको पालना गर्ने,
- ❖ लुम्बिनी प्रदेश सरकार अन्तर्गतको सम्पत्तिमा सवारी साधन, जग्गा र भवनको मूल्याङ्कन अभिलेखिकरण हुने प्रणाली विकास गर्ने,
- ❖ अनुदान नीति/कार्यविधि निर्माण गरी आवश्यकता र प्रतिफलको आधारमा दोहोरो नपर्ने गरी व्यक्ति निकाय/संघ/संस्थालाई अनुदान वितरण गर्ने प्रणाली स्थापना गर्ने,
- ❖ अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक स्रोत साधनको प्रबन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्नुपर्ने,
- ❖ स्थानीय तहले सङ्कलन गरेको साझा करबाट सङ्कलित रकम समयमै दाखिला गराउन आवश्यक व्यवस्था गर्ने,
- ❖ साना/टुक्रे आयोजना छनोट गर्ने कार्यलाई नियन्त्रण गर्ने। स्थानीय तहको क्षेत्राधिकार भित्रका निश्चित रकमभन्दा साना आयोजना छनोट नगर्ने नीति लिनुपर्ने,
- ❖ प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ मा संसोधन गर्ने,
- ❖ आयमुलक, रोजगारी उन्मुख र दिगो विकासमा सकारात्मक प्रभाव पार्ने आयोजनाको प्राथमिकता कायम गरी कार्यान्वयन गर्ने,
- ❖ बहुवर्षीय आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरी तोकिएको समयमै सम्पन्न गर्ने गरी बजेट व्यवस्था गर्नुपर्ने,
- ❖ प्रदेशका गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा स्रोतको व्यवस्थापन गर्ने,
- ❖ असुल उपर गर्नुपर्ने बेरूजु फछ्यौंटको कार्य प्राथमिकताका साथ अघि बढाउने,
- ❖ आयोजना बैङ्क पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने।

## ४.३ निष्कर्ष:

यस एकीकृत वार्षिक मूल्याङ्कन प्रतिवेदनबाट प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरूको कार्यसम्पादन, प्रदेशको विनियोजन कुशलता र वित्तीय अवस्थाको यथार्थ चित्रण प्रस्तुत गरिएको छ। प्रदेश सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकाशा तथा खर्च, लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई थप व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन,२०८१ को प्रावधान बमोजिम प्रतिवेदन तयार गरिएको छ। यस मूल्याङकन प्रतिवेदनमा समावेश गरिएका प्रदेश अन्तर्गतका मन्त्रालय/निकायहरूबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरूलाई निरन्तरता दिँदै, प्रदेश सरकारको चालु खर्च न्यूनीकरण र पुँजीगत खर्चमा बढोत्तरी हुँदै गएको अवस्थालाई थप सुधार गर्दै लैजानुपर्नेछ। विभिन्न मन्त्रालय/निकायहरूले भोगेका समस्याहरूको समीक्षा गर्दै आगामी दिनमा बजेट तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनका कार्यहरूलाई थप प्रभावकारी बनाउनुपर्ने छ। वित्तीय व्यवस्थापन प्रणालीलाई थप जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउँदै प्रदेशको समष्टिगत आर्थिक स्थायित्व कायम गरी वित्तीय सुशासनलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई आवश्यक सहजीकरणमार्फत यस मूल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

## लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय,

### राप्ती उपत्यका (देउखुरी), नेपाल ।

फोन नं. ०८२-५९०४३७, ५९०४३८, ५९०२९८

Email: info.moeap@lumbini.gov.np

Website: moeap.lumbini.gov.np